## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## नेपालगन्ज उप महानगरपालिका

### बाँके




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## नेपालगन्ज उप महानगरपालिका

बाँके




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।
यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महाशाखा
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १२१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
नेपालगंज उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बाँके ।

**कैफियत सहितको राय**

हामीले नेपालगंज उपमहानगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. उपमहानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२२ करोड ३९ लाख ७० हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ करोड ७९ लाख ३१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१२ करोड २५ लाख ८७ हजार र नियमित गर्नुपर्ने रु.८ करोड ३४ लाख ५२ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.६० करोड १३ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.८० करोड ४२ लाख ४७ हजार रहेको छ । उपमहानगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।
३. उपमहानगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

नेपालगंज उपमहानगरपालिका, बाँके

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ११० | ३६९ | २२३९७० | ० | ० | ० | ११० | ३६९ | २२३९७० | १७९३१ | ८३४५२ | १२२५८७ | ० | ० | २०६०३९ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | | |
| | नभएको | | |
| | | | |
| | | | |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नेपालगंज उपमहानगरपालिका बाँके | ६०१३८३ | ० | २११०६ | ५८०२७७ | ० | २२३९७० | ८०४२४७ |

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान : नेपालगँज उप महानगरपालिका, बाँके , नेपालगन्ज उप-महानगरपालिका , बाँके          आर्थिक बर्ष: २०७८/७९

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिव प्रसाद रिजाल | २०७९-५-१७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | हरिलाल रेग्मी | २०७८-१-२ | २०७८-६-१८ |
| कार्यालय प्रमुख | गुरुदत्त सुवेदी | २०७८-७-८ | २०७८-१०-२३ |
| कार्यालय प्रमुख | जगत बहादुर बस्नेत | २०७८-१०-२३ | |
| लेखा प्रमुख | राजन कुमार के.सी. | २०७९-८-१३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २२३,९६९,५५९.८१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४३,४९,६७,१६३.१३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ९९,७३,६१,१०७ | **चालु खर्च** | १,६७,९३,१८,१९९.४३ |
| **प्रदेश सरकारबाट अनुदान** | ७,९८,०१,००० | **पूँजीगत खर्च** | ३९,३९,०९,३७३.२६ |
| **राजश्व बाँडफाँट** | ४४,५७,१५,१०४.५ | **वित्तीय/अन्य व्यवस्था** | ३,३७,६३,९१०.४९ |
| **आन्तरिक आय** | १९,५२,२२,६७२.७५ | | |
| **अन्य आय** | ४८,४२,५४,०४५.१३ | | |
| **कुल आय** | २,२०,२३,५३,९२९.३८ | **कुल खर्च** | २,१०,६९,९१,४८३.१८ |
| **बाँकी मौज्दात** | | ५३,०३,२९,६०९.३३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>लेखापरीक्षणको क्रममा असुल रकम रु ८९५३५ | |
| २ | | | **परिचय**<br><br>नेपालगञ्ज शहर बि.सं. २०१७ सालमा नेपालगंज नगरपञ्चायतका नाम बाट स्थापना भई बि.सं. २०१९ सालमा नेपालगंज नगरपालिकाको रुपमा स्थापित भएको हो । नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ मंसिर १६ गतेको निर्णयबाट साविक १७ वडा रहेको नगरपालिकाको सिमाना जोडिएका वरीपरिका १० गाबिसहरु क्रमशः उदयपुर, भवानीयापुर, पिप्रहवा, जयसपुर, ईन्द्रपुर, खासकारकाँदो, वासुदेवपुर, मनिकापुर र पुरैना लाई गाभेर २७ वटा वडा कायम गरी नेपालगञ्ज उपमहानगरपालिकाको रुपमा स्थापित भयो । मिति २०७२।०६।१ को नेपाल सरकारको निर्णयबाट साविक पुरैनी गा.वि.स.को क्षेत्र गाभेर २८ औं वडाको रुपमा कायम भएको थियो । तत्पश्चात् सरकारको मिति २०७३।११।९ को निर्णय अनुसार साविकको वडा नं. २३ ईन्द्रपुरलाई जानकी गाऊपालिकामा समायोजन गरिएको र बाँकी केही साना वडाहरुको क्षेत्र एक अर्कामा मिलाई, केहीको क्षेत्र यथावत राखी २२ वटा वडा र साविकको हिरमिनिया गा.वि.स.को वडा नं. ७ लाई उप–महानगर क्षेत्रमा गाभि उक्त वडालाई २३ औं वडाको रुपमा कायम गरि वडाको जम्मा संख्या २३ रहेको छ । | |
| ३ | | | **लेखापरीक्षण**<br><br>लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालय र आन्तरिक लेखापरिक्षणले गर्ने जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्ट्याई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन । पूँजीगत खर्चतर्फ रु लाख भन्दा बढी भुक्तानी भएका खर्चका गोश्वारा भौचरहरुको नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरिएको छ । उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।११।७ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् | |
| ४ | | | **स्थानीय संचितकोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः | |

| सि.नं. | आयतर्फ | | | सि.नं. | ब्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम रु. | जम्मा रकम रु. | | विवरण | रकम रु. | जम्मा रकम रु. |
| १ | गत वर्षको जिम्मेवारी | | ४३४९६७१६३ | १ | चालु खर्च | ९७६९६३५३५ | ९७६९६३५३५ |
| | क० नगद | ० | | २ | पूँजीगत खर्च | ३९३९०९३७४ | ३९३९०९३७४ |
| | ख० बैंक | ४३४९६७१६३ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | ३३७६३९१० |
| २ | राजस्व | | ६४०९३७७७७ | | क० साँवा भुक्तानी | १९०००००० | |
| | क० आन्तरिक राजस्व | १९५२२२६७३ | | | ख० ब्याज भुक्तानी | १४७६३९१० | |
| | ख० राजस्व बाँडफाँड ९संघ० | १७७९३७६७६ | | | ग० अन्य भुक्तानी | | |
| | ग० राजस्व बाँडफाँड ९प्रदेश० | २०६५७७१८ | | ४ | लगानी | | |
| | घ० घरजग्गा रजिष्ट्रेशन ९मालपोत० | २४६४५००६७ | | | क० ऋण लगानी | | |
| | ङ० बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ६२३९२४ | | | ख० शेयर लगानी | | |
| | च० बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ४५७२० | | | ग० अन्य लगानी | | |
| ३ | वित्तीय हस्तान्तरण संघ | | ९९७३६११०७ | ५ | धरौटी फिर्ता | ७१०११७२८ | ७१०११७२८ |
| | क० वित्तीय समानीकरण अनुदान | ३२५८००००० | | ६ | अन्य खाताहरुको खर्च | ३६२४७४ | ३६२४७४ |
| | ख० सशर्त अनुदान | ६०३३३२००० | | ७ | कोष खर्च | ५४४०८८७५ | ५४४०८८७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग० समपूरक अनुदान | ३८८२९१०७ | | ८ | एकल खाता कोषबाट खर्च | ३७६५३४४८२ | ३७६५३४४८२ |
| | घ० विशेष अनुदान | २९४००००० | | ९ | एकिकृतरक्षेत्रीय शहरी विकास योजना | ४६७३५३१२ | ४६७३५३१२ |
| ४ | वित्तीय हस्तान्तरण प्रदेश | | ७९८०१००० | १० | मौज्दात | | ५३०३२९६०९ |
| | क० वित्तीय समानीकरण अनुदान | १५७६०००० | | | क० नगद मौज्दात | | |
| | ख० सशर्त अनुदान | २४०४४००० | | | ख० बैंक मौज्दात | ४१४०१६८९८ | |
| | ग० समपूरक अनुदान | २९९९७००० | | | ग० बैंक मौज्दात ९क्ष्ग्म्एरच्म्ए० | २१६०४०२ | |
| | घ० विशेष अनुदान | १०००००००० | | | घ० धरौटी मौज्दात | ६०९४८५३७ | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | ङ० बैंक मौज्दात ९कोष० | ४५५११७१३ | |
| ६ | अन्य | | २२२८८२६३ | | च० बैंक मौज्दात ९अन्य खाता० | ७६९२०५९ | |
| | क० एकिकृतरक्षेत्रीय शहरी विकास योजना | १४५९३२६३ | | | छ० जनश्रमदान मौज्दात | | |
| | ख० सडक बोर्ड नेपाल | | | ११ | अनुदान फिर्ता | | १५३३०१७९२ |
| | ग० पर्यटन बोर्ड नेपाल | | | | क० संघीय सशर्त | ११२८२९६२८ | |
| | घ० जिल्ला समन्वय समिती | ७६९५००० | | ११ | ख० संघ बिशेष | २२८७५९८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | विभिन्न कोषतर्फको आय | ६६४८४१२५ | ६६४८४१२५ | | ग० संघ समपुरक | ५१६१५८३ | |
| ८ | अन्य खाताहरुको आय | | | | घ० प्रदेश शसर्त | ११५३१७८४ | |
| ९ | बिषयगत निकायबाट प्राप्त | | | | ङ० प्रदेश बिशेष | २२३६२५९ | |
| १० | एकल खाता कोषबाट प्राप्त | ३७६५३४४८२ | ३७६५३४४८२ | | च० प्रदेश समपुरक | १९२५४९४० | |
| ११ | धरौटी आय | १८९४७१७६ | १८९४७१७६ | | छ० बेरुजू खातामा दाखिला | | |
| १२ | लगानीको साँवा फिर्ता | | | | ज० गत बर्षको बढी अ।ल्या। | | |
| १३ | अन्य विविध आय | | | | | | |
| जम्मा आय रकम रु. | | २६३७३२१०९३ | २६३७३२१०९३ | जम्मा व्यय रकम रु. | | २६३७३२१०९३ | २६३७३२१०९३ |

५

**बैंक हिसाब मिलान**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले रु १७०२३४९८ कार्यालयले बैंक हिसाब मिलान गर्नुपर्दछ।

| सि.नं. | कोषको नाम | श्रेस्ता अनुसार बाँकी | स्टेटमेण्ट अनुसार बाँकि (२०७९ असार मसान्त) | फरक |
|---|---|---|---|---|
| १ | कर्मचारी कल्याण कोष | २६८८०७ | ३६७७१७८६ | ४७९७५५० |

| | | | | |
|---|---|---|---|---|
| २ | मर्मत संभार कोष | ७६९५१०१ | | |
| ३ | मानव संसाघन कोष | ६६५४७ | | |
| ४ | विविध कोष खाता (विविध) | २०४०२९४१ | | |
| ५ | बालिका शिक्षा र बाल बिवाह न्यूनिकरण मुद्दती कोष | १०५०००० | | |
| ६ | अपाङ्गता अधिकार प्रवर्दन कोष | ५००००० | | |
| ७ | कर्मचारी उपचार कोष | ५००००० | | |
| ८ | जनप्रतिनिधि उद्दार उपचार कोष | ८६२४०१ | | |
| ९ | बाल उद्दार कोष | ४१९४३९ | | |
| १० | वन तथा वातावरण कोष | २५००० | | |
| ११ | महिला हिंसा पिडित सहयोगार्थ कोष | १३४००० | | |
| १२ | लैङ्गिक हिंसा निवारण कोष | १३०००० | | |
| १३ | प्रकोप व्यवस्थापन कोष | ११५४७१२४ | १४५४५७७६ | २९९८६५२.१ |
| १४ | नगर शिक्षा समिति | १९९०३५३ | ३०९८७१४ | ११०८३६१ |
| १५ | चालु खर्च खाता | १८२१५९४२ | १८२१५९४२ | |
| १६ | पुँजिगत खर्च खाता | २०९०९१४५ | २०९०९१४५ | |
| १७ | संचित कोष खाता | ४१४०१६८९८ | ३८५८१४७६२ | -२८२०२१३७ |
| १८ | आन्तरिक राजश्व खाता | ३३६०० | ३३६०० | |
| २२ | नेपालगँज उप महानगरपालिका , १ नं. वडा कार्यालय , बाँके | १६४००२१ | १६४००२१ | |
| २३ | नेपालगँज उप महानगरपालिका , २ नं. वडा कार्यालय , बाँके | २५२६९५२ | २५२६९५२ | |
| २४ | नेपालगँज उप महानगरपालिका , ३ नं. वडा कार्यालय , बाँके | ४६३८९६३ | ४६३८९६३ | |
| २५ | नेपालगँज उप महानगरपालिका , ४ नं. वडा कार्यालय , बाँके | ४७६१९८ | ४७६१९८ | |

| | | | | |
|---|---|---|---|---|
| २६ | नेपालगँज उप महानगरपालिका , ५ नं. वडा कार्यालय , बाँके | १०१०१५८ | १०१०१५८ | |
| २७ | नेपालगँज उप महानगरपालिका , ६ नं. वडा कार्यालय , बाँके | १०८५७६६ | १०८५७६६ | |
| २८ | नेपालगँज उप महानगरपालिका , ७ नं. वडा कार्यालय , बाँके | ४२५८८१ | ४२५८८१ | |
| २९ | नेपालगँज उप महानगरपालिका , ८ नं. वडा कार्यालय , बाँके | १०७२०७५ | १०७२०७५ | |
| ३० | नेपालगँज उप महानगरपालिका , ९ नं. वडा कार्यालय , बाँके | १४३०५९२ | १४३०५९२ | |
| ३१ | नेपालगँज उप महानगरपालिका , १० नं. वडा कार्यालय , बाँके | ३७१९३६४ | ३७१९३६४ | |
| ३२ | नेपालगँज उप महानगरपालिका , ११ नं. वडा कार्यालय , बाँके | ४२८५९५१ | ४२८५९५१ | |
| ३३ | नेपालगँज उप महानगरपालिका , १२ नं. वडा कार्यालय , बाँके | ११२४५७९ | ११२४५७९ | |
| ३४ | नेपालगँज उप महानगरपालिका , १३ नं. वडा कार्यालय , बाँके | १७५६७२७ | १७५६७२७ | |
| ३५ | नेपालगँज उप महानगरपालिका , १४ नं. वडा कार्यालय , बाँके | ४६३०० | ४६३०० | |
| ३६ | नेपालगँज उप महानगरपालिका , १५ नं. वडा कार्यालय , बाँके | ९००१२४ | ९००१२४ | |
| ३७ | नेपालगँज उप महानगरपालिका , १६ नं. वडा कार्यालय , बाँके | ७४९८१४ | ७४९८१४ | |
| ३८ | नेपालगँज उप महानगरपालिका , १७ नं. वडा कार्यालय , बाँके | २८७२७६० | २८७२७६० | |
| ३९ | नेपालगँज उप महानगरपालिका , १८ नं. वडा कार्यालय , बाँके | १०८५२४२ | १०८५२४२ | |
| ४० | नेपालगँज उप महानगरपालिका , १९ नं. वडा कार्यालय , बाँके | १६१८७३४ | १६१८७३४ | |
| ४१ | नेपालगँज उप महानगरपालिका , २० नं. वडा कार्यालय , बाँके | १२१७९५० | १२१७९५० | |
| ४२ | नेपालगँज उप महानगरपालिका , २१ नं. वडा कार्यालय , बाँके | १२३२१५६ | १२३२१५६ | |
| ४३ | नेपालगँज उप महानगरपालिका , २२ नं. वडा कार्यालय , बाँके | १७४६६६० | १७४६६६० | |
| ४४ | नेपालगँज उप महानगरपालिका , २३ नं. वडा कार्यालय , बाँके | १७५६७२७ | १७५६७२७ | |
| ४५ | धरौटी खाता | ६०९४८५३७ | ६३२२२६१२ | २२७४०७५.६ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४६</td><td>एकिकृत/शहरि विकास आयोजना ( IUDP/RUDP)</td><td>२१६०४०२</td><td>२१६०४०२</td><td></td></tr>
<tr><td>४७</td><td>विभिन्न खाताहरु (अनुसूची ७)</td><td>७६९२०५९</td><td>७६९२०५९</td><td></td></tr>
<tr><td colspan="2">जम्मा मौज्दात रकम रु</td><td>६०७९०७९९०</td><td>५९०८८४४९२</td><td>-१७०२३४९८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>शिक्षक दरबन्दी<br><br>पालिकाले शिक्षा नियमावली अनुसार दरबन्दी मिलान गर्नु पर्दछ । कार्यालयले जिल्ला शिक्षा समन्वय ईकाईले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि, निमावि.,मावि, स्थायी तथा अस्थायी र राहत दरबन्दी शिक्षकको संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरबन्दी मिलान गरेको देखिएन । अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>वितिय विवरण<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>
<ul>
<li>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।</li>
<li>लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।</li>
<li>कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको</li>
</ul>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>धरौटी फिर्ता<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ अनुसार निर्माण कामको हकमा त्रुटि सच्याउने अवधि समाप्त भए पश्चात निर्माण व्यवसायीहरुबाट कट्टा भएको रिटेन्शन मनि आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि फिर्ता दिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले देहायमा उल्लेख भएका निर्माण व्यवसायीहरुलाइ मूल्य अभिबृद्धि कर समायोजन तथा कर चुक्ता प्रमाण बिना धरौटि फिर्ता दिएकोले प्रमाण पेश हुनुपर्ने रु</td><td>६३,१८७,८४२</td></tr>
</table>

| गो भौ नं र मिति | धरौटि फिर्ता रकम | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|
| ९२।२०७९।१।९ | १३१२८८१ | खानि जगदम्बा नरसिंह जे भि | मू अ कर समायोजन र कर चुक्ता प्रमाण पेशनभएको तथा निर्माण व्यवसायीको निबेदनमा आर्थिक वर्ष २०६६।६७ को धरौटि भएको उल्लेख गरि टिप्पणि लेखिएकोमा प्राबिधिकको राय तथा टिप्पणि स्विकृत बिना फिर्ता गरिएको नियमसम्मत देखिएन। |
| ९३।२०७९।१।२२ | २८३०८२ | मनकामना कन्स्ट्रक्सन निर्माण एण्ड सप्लायर्स डोल्पा | मू अ कर समायोजन आर्थिक वर्ष १०७५।७६ देखि २०७७।७८ सम्मको पेश गरेकोमा कर चुक्ता प्रमाण पेश नभएको |
| ९४।२०७९।१।२६ | २०२९१८७९ | कालिका जेडटियसजे जे भि | आर्थिक वर्ष २०७७।७८ को कर चुक्ता पेश गरेकोमा मू अ कर समायोजन पेश नगरेको |
| ४६।२०७८।६।१९ | ७१७८२०७ | कालिका जेडटियसजे जे भि | आर्थिक वर्ष २०७७।७८ को कर चुक्ता पेश गरेकोमा मू अ कर समायोजन पेश नगरेको |
| ४६।२०७८।६।१९ | ३४१२१७९३ | कालिका जेडटियसजे जे भि | आर्थिक वर्ष २०७७।७८ को कर चुक्ता पेश गरेकोमा मू अ कर समायोजन पेश नगरेको |
| जम्मा | ६३१८७८४२ | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | १६ | २०७८-६-२२ | **कर्मचारी कल्याण कोष खर्च**<br><br>पालिकाले कुनै पनि खर्च गर्दा खर्चको पुष्ठयाईको लागि ऐन, कानुन, तथा कार्यविधिलाई आधार बनाई खर्च लेख्नु पर्दछ। कार्यालयले कर्मचारी कल्याणकोष कार्यविधि नबनाई कार्यालयमा कार्यरत कर्मचारी कृष्णा देवी बाल्मिकी ( शुरु नियूक्ती मिति २०३६/९/११ देखि अवकाश मिति २०७८/३/१८ मा ) अनिवार्य अवकाश भएको कारणले उपदान वापत पाउने सुविधाको सम्बन्धमा कार्यालयले स्थानीय स्वायत शासन नियमावली, २०५६ मा भएको व्यवस्था बमोजिमको उपदान ४० वर्ष ६ महिना ७ दिनको रु ४२,१२,८३१ भुक्तानी दिएको देखिन्छ। तसर्थ, कार्यालयले यथाशिघ्र कर्मचारी कल्याण कोष कार्यविधि ल्याई कार्यन्वयनमा ल्याउनु पर्दछ। | |
| १० | | | **अनुदान वितरण**<br><br>कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ। पालिकाले विधालयहरुलाई उपलब्ध गराउने अनुदान निकासा दिएको छ। पालिकाले अनुदान उपलब्ध गराउदा विधालयहरुको अनुदानको गुणस्तर परीक्षण र सहि सदुपयोग भए नभएको बारेमा कार्यालयले अनुदान रकमको खरिद बिल अनुसारको बिल भरपाई पुष्ठयाई सहित फोटो सहितको अनुगमन गरी अनुदानको सहि सदुपयोग भएको सुनिश्चितता गर्नुपर्दछ। | |
| ११ | | | **सम्पतिको अभिलेख**<br><br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ। | |
| १२ | | | **सम्पति हस्तान्तरण** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ। | |
| १३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ७ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।<br><br>उक्त नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| १४ | | | **कानुन निर्माण र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, २३ कार्यविधि लगायत ५९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकालाई आवश्यक पर्ने कानून समयमा नै बनाई कामकाजलाई सरल बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| १५ | | | **न्यायिक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १७ वटा र यो बर्ष थप भएको १५ वटा गरी कुल ३२ विवाद दर्ता भएकोमा ५ वटा फछयौट भई २७ वटा मुद्दा किनारा लगाउन बाकी देखिन्छ। तसर्थ न्यायिक समितिमा दर्ता भएका मुद्दाहरुको कानुनमा भएको व्यवस्था बमोजिम समयमा नै किनारा गर्नुपर्ने देखिन्छ। | |
| १६ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु ५१३७८०४ खर्च गरेको छ। पालिकाले आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नु पर्दछ। | |

<table>
<tr><td>१७</td><td></td><td></td><td>आर्थिक सहायता<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले आर्थिक सहायता कार्यविधि नबनाई पालिका प्रमुखको तोकको आधारमा यस वर्ष ३५३ जनालाई रु ९५३२८५।- आर्थिक सहायता वितरण गरेका छन् । यसरी कार्यालयले कार्यविधि बेगरको खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>अनुदान फिर्ता<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तसम्म बचेको रकम देहायबमोजिमको अनुदान फिर्ता गरेको देखिन्छ ः<br><br>
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>६०३३३२०००</td><td>४९०५०२३७२</td><td>११२८२९६२८</td><td>०</td></tr>
<tr><td></td><td>विषेश</td><td>२९४०००००</td><td>२७११२४०२</td><td>२२८७५९८</td><td>०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>३८८२९१०७</td><td>३३६६७५२३</td><td>५१६१५८४</td><td>०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>२४०४४०००</td><td>१२५१२२१६</td><td>११५३१७८४</td><td>०</td></tr>
<tr><td></td><td>विषेश</td><td>१००००००००</td><td>७७६३७४१</td><td>२२३६२५९</td><td>०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>२९९९७०००</td><td>१०७४२०६०</td><td>१९२५४९४०</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>अबन्डा बजेट<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु १ करोड १३ लाख ४० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम मध्ये चालुतर्फ ६० लाख र पुजीगततर्फ ५३ लाख ४० हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

२१

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ७७४१९३८५ | ५९००७३५७ | ४ |
| २ | पूर्वाधार विकास | ५८७३५६७१४ | ३५८७२९८५६ | २६ |
| ३ | सामाजिक विकास | ७३३७०३८११ | ५८९६६३९९५ | ४२ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २१८२०५०० | १६३६४०९१ | १ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ४१०४५२३५८ | ३८०८७१५२० | २७ |
| जम्मा | | १८३०७५२७६८ | १४०४६३६८१९ | |

२२

**चौमासिक पुजिगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च ( रु हजारमा ) | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | ३९३९०९ | ११५२५ | ८४२०५ | २९८१७८ | १६७९४१ |
| प्रतिशत | ५९.३७ | २.९२ | २१.३७ | ७५.७ | ४२.६३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्चमा यो वर्ष रु ३९ करोड ३९ लाख ९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा १ करोड १५ लाख २५ हजार अर्थात २.९२ प्रतिशत,

| | | | | |
|---|---|---|---|---|
| | | | दोश्रो चौमासिकमा रु ८ करोड ४२ लाख ५ हजार अर्थात २१.३७ प्रतिशत र तेश्रो चौमासिकमा रु २९ करोड ८१ लाख ७८ हजार अर्थात ७५.७ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु १६ करोड ७९ लाख ४१ हजार अर्थात ४२.६३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। | |
| २३ | | | **बजेट पेश, पारित र अख्तियारी**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्ष श्री कमरुद्दीन राईले मिति २०७८। ३। १० गते रु १ अर्ब ७२ करोड ६१ लाख ७९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८। ३। २५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको मिति नखुलेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ। | |
| २४ | | | **बजेट सिमा निर्धारण समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ। | |
| २५ | | | **योजना छनौट र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:<br><br>रु १ लाख देखि २ लाखसम्म: २; रु २ लाखदेखि ५ लाखसम्मका: ५; रु ५लाख देखि १० लाखसम्मका: १०; रु १०-५० लाख सम्म: १६; ५०लाख भन्दा बढी: ७; जम्मा: ४०<br><br>यस पालिकामा न्यूनतम रु.१ लाख ८३ हजार देखि अधिकतम रु. १४ करोड ८ लाख सम्मका जम्मा ४० योजना संचालन भई केही योजना हाल पनि संचालित छन। | |
| २६ | | | **कर्मचारी दरबन्दी र पदपूर्ती** | |

| रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-५० लाख सम्म | ५०लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| २ | ५ | १० | १६ | ७ | ४० |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २५५ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २०७ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत, वडा सचिव सहित ४८ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। | |
| २७ | | | **तलबि प्रतिवेदन**<br><br>निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको देखिन्छ। यसरी कार्यालयले तलब खर्च लेख्दा तलबी प्रतिवेदन जारी गरी मात्र खर्च लेख्नु पर्दछ। | |
| २८ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा १८८ जना कर्मचारीहरु करारमा राखि रु ५२५६४४३६.३८ खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ५७ जना करार नियुक्ति गरी बर्षभरीमा रु २१३२३५१६ भुक्तानी गरेको अनियमित दिखएको रु | २१,३२३,५१६ |
| २९ | | | **स्वकिय सचिव र सल्लाहकार**<br><br>लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ। तर पालिका प्रमुख/उपप्रमुखको १-१ जना स्वकीय सचिवको रुपमा नियूक्त गरी रु ८५६५३९० र १ जना कानुनी सल्लाहकारको रुपमा नियूक्त गरी रु ३६०००० तलब भत्तामा जम्मा रु १२१६५३० भुक्तानी गरेको अनियमित देखिएको रु | १,२१६,५३० |
| ३० | | | **कर्मचारी कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. १,६०,००,००० ट्रान्सफर गरेको छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने पर्दछ। यसरी कर्मचारी कल्याणकोष कार्यविधि नबनाई कोषमा ट्रान्सफर गरेको अनियमित देखिएको रु | १६,०००,००० |
| ३१ | | | **धरौटी फिर्ता**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम धरौटी फिर्ताको अन्तिम भुक्तानी दिंदा निर्माण कार्यको हकमा त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पादन जमानत र | |

| | | | | |
|---|---|---|---|---|
| | | | नियम १२३ को उपनियम (४) बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नु पर्नेछ । रिटेन्सन मनीको बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूतिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित अन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्दछ । | |
| ३२ | | | **धरौटीको अभिलेख**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ६८ (१) बमोजिम प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अनुसूची–१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची–११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ । धरौटी रकमको छुट्टै बैंक नगदी किताब समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नु पर्नेछ । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिमको अभिलेख अद्यावधिक राख्नु पर्दछ । | |
| ३३ | | | **गतवर्षको दायित्व भुक्तानी**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । वडा नं. १७ कार्यालयले जानकी टोल उपभोक्ता समितिलाई गत वर्षको भुक्तानी गर्न बाकी रु १८३५०० यस आ.व.मा भुक्तानी गरेको देखिन्छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| ३४ | | | **अनुदानको अनुगमन**<br><br>कार्यालयले आफूले दिएको अनुदान उपयोगको सुनिश्चतताको लागि अनुगमन को व्यवस्था गर्नुपर्दछ । पालिकाले पाठ्यपुस्तकमा रु ७६,३०,४३७.५ छात्रवृतिमा रु. ४९२५४०० र दिवाखाजामा रु ३,४६,६७,५४३ अनुदान विधालयहरुमा पठाएको देखिन्छ । विधालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शिर्षामा खर्च भयो भएन यकिन गर्न सकिएन । यसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनलाई पालिकाले परीक्षण गरी अनुदान सुनिश्चितताको यकिन गर्नु पर्दछ । | |
| ३५ | | | **विधालय छात्रवृति**<br><br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी गरिएको कार्यक्रम कार्यन्वयन निर्देशिका, २०७८/७९ को स.नं. ४.१ र ४.२ अनुसार कक्षा १-८ सम्म छात्रा तथा दलित छात्रछात्रालाई प्रति विधार्थी वार्षिक रु ४०० का दरले उपलब्ध गराउने व्यवस्था छ । कार्यालयले पालिका भित्र रहेका विधालयहरुमा वास्तविक लाभग्राहिहरुको संख्या यकिन गरी निकासा दिनुपर्दछ र विधालयले वितरण गरेको भरपाई लिई घट्टी वितरण गरेको देखिए निकासा फिर्ता लिई संघीय संचीत कोष खातामा जम्मा गर्नुपर्दछ । कार्यालयले विधालयहरुलाई छात्रवृति वापतको रकम रु ४९,२५,४०० एकमुष्ठमा निकासा दिएको देखिन्छ । कार्यालयमा सबै विधालयहरुले वितरणको भरपाई पेश छैन् भरपाई पेश गरेका मध्ये नमुना छनौटको रुपमा विधालयहरुको छात्रवृति निकासा र विधालयल विधार्थीलाई वितरण गरेको भरपाईको परीक्षण गर्दा श्री सरस्वती मा.वि.लाई छात्रबृति वापत रु २३५८०० निकासा दिएकोमा रु २००४०० को वितरण गरी रु ३५४०० बचत भएको विवरण पेश गरेको छ । यसरी छात्रबृति वितरण गरी बचत भएको संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु | ३५,४०० |
| ३६ | | | **शैक्षिक प्रतिवेदन**<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकाले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय | |

| | | | | |
|---|---|---|---|---|
| | | | भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ। गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन। | |
| ३७ | | | **निकासा माग फारम**<br><br>शिक्षकको तलब निकासा दिँदा माग फारामको आधारमा चेक जाँच गरी दरबन्दी अनुसारको तलब भत्ता भुक्तानी गर्नुपर्दछ। कार्यालयले फूलटेग्रा मा.वि. नेपालगंज-६ लाई दोस्रो त्रैमासिकको कार्तिक देखि पौष सम्मको निकासा माग विवरणमा अनिता कुमारी सिंहलाई रु १२७६३८ निकासा हुनुपर्नेमा रु १४००९१ निकासा दिइएको रु १२४५२ बढी देखिन्छ। यसरी बढी निकासा दिएको १२४५२ सम्बन्धित विधालयबाट असुल हुनुपर्ने रु | १२,४५२ |
| ३८ | | | **विधालयगत निकासा रजिष्टर**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ। | |
| ३९ | | | **समानिकरण अनुदानबाट शिक्षकको तलब**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका प्रा.वि. शिक्षक १७ जना, निमावि शिक्षक १२ जना र मा.वि. शिक्षक ९ जना गरी जम्मा १९ जना शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ७६५९६६७ तलब भत्ता भुक्तानी गरेको पालिकाले उपलब्ध गराएको विवरणमा देखिन्छ। | |
| ४० | १४० | २०७९-१-१० | **शैक्षिक गुणस्तर सुदृढिकरण अनुदान**<br><br>कार्यालयले पालिकाभित्र रहेका ८ विधालयहरुलाई शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहनमा आधारित अनुदान रु ५२००००० निकासा दिएको देखिन्छ। तर यस सन्दर्भमा खर्च पुष्ट्याईको बिल भरपाई प्रमाण पेश नभएको देखियो। तसर्थ विधालयहरुले कार्यक्रम अनुसारको खर्च गरेको बिल भरपाईको पुष्ठयाई सहितको अनुगमन गरी अनुदान सदुपयोगको सुनिश्चितता हुनुपर्दछ। यसरी पालिकाले दिएको अनुदानको सहि सदुपयोगको लागि बिल भरपाई चेक जाच गरी सम्बन्धित शिर्षकमा खर्च भए नभएको बारे अनुगमन गरी अभिलेख राख्नु पर्दछ। ति विधालयहरु निम्न रहेका छनः | |

| विधालयको नाम | खर्च प्रयोजन | निकासा रकम | कैफियत |
|---|---|---|---|
| श्री धम्बोझी मा.वि. | आसिटि | ६५०००० | बिल भरपाई पेश नभएको |
| श्री सरस्वती मा.वि. | विज्ञान प्रयोगशाला | ६५०००० | बिल भरपाई पेश नभएको |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>श्री ने.रा.आ.वि. कण्ठीपुर</td><td>आसिटि</td><td>६५००००</td><td>बिल भरपाई पेश नभएको</td></tr>
<tr><td>श्री हनुमान आ.वि. जमुनाह</td><td>पुस्तकालय</td><td>६५००००</td><td>बिल भरपाई पेश नभएको</td></tr>
<tr><td>श्री शारदा आ.वि. आदर्शनगर</td><td>पुस्तकालय</td><td>६५००००</td><td>बिल भरपाई पेश नभएको</td></tr>
<tr><td>श्री नारायण मा.वि.</td><td>पुस्तकालय</td><td>६५००००</td><td>बिल भरपाई पेश नभएको</td></tr>
<tr><td>श्री ने.रा.आ.नटनपुर</td><td>पुस्तकालय</td><td>६५००००</td><td>बिल भरपाई पेश नभएको</td></tr>
<tr><td>श्री आइसी मदरसा तुल बनात मा.वि.</td><td>पुस्तकालय</td><td>६५००००</td><td>बिल भरपाई पेश नभएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५२०००००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td>२४</td><td>२०७८<br>-६-<br>१९</td><td>शिक्षकको परिश्रमिक<br><br>अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले शिक्षा तर्फको शिक्षकको पारिश्रमिकको लागि राष्ट्रिय वाणिज्य बैंकको नाममा रु २०९८०।- को चेक भुक्तानी दिएको कुन विधालयलाई कुन शिक्षकको तलब भुक्तानी गरीएको हो भनि नखुलेकोले त्यस सँग सम्बन्धित प्रमाणहरु पेश गर्नुपर्ने रु</td><td>२०,९८०</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>शैक्षिक तथ्याङ्क<br><br>पालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७८/७९ मा भएका व्यवस्था बमोजिम गर्नुपर्दछ। कार्यालयले कृयाकलाप नं .१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ। विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्नेमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी एकिन गर्न सकिएन।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>निजी विधालयलाई ल्यापटप खरिद<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) बमोजिम सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्दछ। तर कार्यालयले नगर शिक्षा समितिको निर्णय बमोजिम पालिका भित्रका १० वटा निजी विधालयहरुलाई ल्यापटप खरिद गर्नका लागि प्रति विधालय रु २५००० हजारका दरले रु २५०००० निकासा दिएको देखिन्छ। यसरी निजी विधालयलाई ल्यापटप खरिद गर्नका लागि दिएको नियम संगत नदेखिएको रु</td><td>२५०,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>निशुल्क पाठयपुस्तक<br><br>पालिकाले पालिका भित्र रहेका विधालयहरुलाई पाठ्यपुस्तकको अनुदान वितरण गर्दा अनुदान रकम बराबरको पाठ्यपुस्तक खरिदको सकल बिल र खरिद गरिएको पुस्तकको वितरणको भरपाई सुरक्षित साथ राख्नु पर्दछ। तर कार्यालयले निशुल्क पाठयपुस्तकको लागि विधालयहरुलाई रु ७६,३०,४३७ निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म अधिकाश विधालयहरुले पाठयपुस्तकको</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | खरिद बिल तथा वितरणको भरपाई पेश नगरेकोले यस सम्बन्ध यकिन हुन सकिएन । कार्यालयले आफै यकिन गरी निकासा रकम बराबरको पाठयपुस्तक खरिद गरी वितरण गरे नगरेको बारे यकिन गर्नु पर्दछ । | |
| ४५ | | | **विधालय अनुदानको अनुगमन**<br><br>कार्यालयले आफूले दिएको अनुदान उपयोगको सुनिश्चितताको लागि अनुगमन को व्यवस्था गर्नुपर्दछ । पालिकाले पाठ्यपुस्तकमा रु ४३,५२,६७८ छात्रवृतिमा रु. १७६४८०० र दिवाखाजामा रु ८६,२८,६१६ अनुदान विधालयहरुमा पठाएको देखिन्छ । विधालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शिर्षामा खर्च भयो भएन यकिन गर्न सकिएन । यसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनलाई पालिकाले परीक्षण गरी अनुदान सुनिश्चितताको यकिन गर्नु पर्दछ । | |
| ४६ | | | **स्वास्थ्य तलबि प्रतिवेदन**<br><br>निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब खर्च लेखेको छ । तसर्थ तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ४७ | | | **लाभग्राहिको तथ्याङ्क अध्यावधिक**<br><br>सामाजिक सरुक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १२ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ। | |
| ४८ | | | **बढी व्ययभार परेको**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । गो.भौ.नं. १३९-०७८/१२/०२ बाट ई-बिडबाट मेरिगोल्ड रेडिमेड क्लेक्सन उधोगले न्यानो झोला खरिद प्रति इकाई मुल्य रु ५७५ मा उपलब्ध गरेकोमा गो.भौ.नं. ४०९-०७९/३/२५ बाट न्यानो झोला सोझै खरिद गर्दा आश्रय होल्डिङ्ग कम्पनी प्रा.लि. प्रति इकाई मुल्य रु ७८७ का दरले ४०५ पिसको लागि रु ३६०१७० भुक्तानी दिएको देखिन्छ । यसरी प्रति इकाई मुल्यमा फरक २१२ का दरले ४०५ पिसको रु ८५८६० बढी व्ययभार परेको रु | ८५,८६० |
| ४९ | | | **सामाजिक सुरक्षा वितरण**<br><br>सामाजिक सरुक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको विवरण अनुसुची – ५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। वडा अनुसारको अध्यावधिक विवरण गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्था छ। यो वर्ष सामाजिक सुरक्षा वापत गाउँपालिकाले रु.९,२७,७०,९३७।- खर्च गरेको छ। कार्यालयले अनुसुची-५ अनुसारको मुल अभिलेख लेखापरीक्षण समक्ष पेश गरेको छैन। सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछर्यौट भएपश्चात दोश्रो किस्ता र सो फछर्यौट गरी तेश्रो किस्ता निकासा दिई फछर्यौट गर्नुपर्नेमा आ.बको अन्त्यमा मात्र पेश्की फछर्यौट गरेको छ। अघिल्लो | |

| | | | | |
|---|---|---|---|---|
| | | | किस्ताको सामाजिक सुरक्षा भत्ता पेश्की फछ्र्योट गरी थप निकासा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ५० | | | **पारिश्रमिक कर**<br><br>आयकर ऐन, २०५८ को परिच्छेद १६.२.५ मा भएको व्यवस्था बमोजिम पारिश्रमिक कर गणना गर्दा वार्षिक आय दम्पतिको हकमा सुरु आयको रु ४५००००।- सम्म १ प्रतिशत, त्यसपछिको १०००००।- सम्ममा १० प्रतिशत, त्यसपछि थप २०००००।- सम्ममा २० प्रतिशत र त्यसपछिको आयमा ३० प्रतिशत पारिश्रमिक कर कट्टी गर्ने व्यवस्था छ ।तर पालिकाले निम्न बमोजिमको कर्मचारीहरुको पारिश्रमिक कर कट्टी नगरेको पाइएकोले सम्बन्धित कर्मचारीसँग असुल गर्नुपर्ने रु | ५५३,५७४ |
| ५१ | ३९१ | २०७९-३-२४ | **झोला खरिद र वितरण**<br><br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले रविन्द्र झोला तथा तयारी पोषाक उधोगबाट रु १४५००० को १४५ वटा झोला खरिद गरेकोमा वितरणको भरपाई पेश नभएको देखियो । यस सम्बन्धमा १४५ वटा झोला वितरणको भरपाई पेश हुनुपर्ने रु | १४५,००० |
| ५२ | | | **सार्वजनिक सुनुवाई**<br><br>पालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ। | |
| ५३ | | | **पकेट क्षेत्र विकास कार्यक्रम**<br><br>प्रधानमंत्री कृषि आधुनिकिकरण आयोजना कार्यक्रम अन्तर्गत पालिकाले निम्न समुह/समितिहरुलाई ५० प्रतिशत लागत सहभागितामा आधारित रहि अनुदान दिएको देखिन्छ । नमुना छनौटको रुपमा परीक्षण गर्दा निम्न समूहहरुलाई दिएको अनुदानको वितरण पदाधिकारीको रोहबरमा भएको देखिएन साथै देहाय बमोजिमको व्यहोरा देखिन्छ । तसर्थ अनुदानको सहि सदुपयोगको सुनिश्चितताको लागि पदाधिकारीको रोहबरमा सामग्री वितरण तथा समय समयमा अनुदानको अनुगमन गरी कार्यालयले अनुदानको सदुपयोगको अवस्था बारे अभिलेख राख्नु पर्ने देखिन्छ । | २७२,००० |

| गो.भौ.नं./मिति | कार्यक्रम | समूहको नाम | अनुदान रकम | कैभियत |
|---|---|---|---|---|
| २०६-०७९/१/२६ | कृषि पकेट क्षेत्र कार्यक्रम | राधाकृष्ण कृषि सहकारी संस्था लि | ५९५०९८ | ल्यापटप खरिद रु ९०००० |
| २०७-०७९/१/२६ | तरकारी पकेट क्षेत्र कार्यक्रम | राधाकृष्ण कृषक समूह | ९७३८७२ | |
| २५८-०७९/२/२६ | च्याउ उत्पादन पकेट विकास कार्यक्रम | बटुक भैरब कृषि विकास फार्म | ५८२००० | ल्यापटप खरिद रु १००००० |
| ४०६-०७९/३/२५ | माछा पकेट क्षेत्र कार्यक्रम | के.सि.कृषि पशुकंक्षी तथा माछापालन केन्द्र | ७२८००० | पोखरी सफाई रु २००००० |

| | | | | |
|---|---|---|---|---|
| ४११-०७९/३/२५ | भैसी पकेट क्षेत्र कार्यक्रम | कमलदास बाबा कृषि सहकारी संस्था लि. | २२७३०४५ | कम्प्यूटर खरिद रु ८२००० |

पकेट क्षेत्र बिकास कार्यक्रमको सन्दर्भमा पकेट कार्यक्रमका लागि आवश्यक नपर्ने ल्यापटप तथा कम्पयूटरहरु कार्ययोजनामा राखि कृषक समूहहरुले ल्यापटप/कम्प्युटरको बिल पेश गरी भुक्तानी लिएको देखिन्छ। त्यसतै, कुनै पनि पकेट क्षेत्र कार्यक्रमको लागि छनौट भएको पकेट क्षेत्रको संचालन र संवर्द्धन गर्ने जिम्मा समुहको हुने भनिएकोमा माछा पकेट क्षेत्रको निरन्तरता कार्यक्रमको लागि के.सि.कृषि पशुकंक्षी तथा माछापालन केन्द्रलाई पोखरी सफाईको लागि २००२०० कार्ययोजनामा राखि भुक्तानी दिएको देखिन्छ। यसरी पकेट विकास क्षेत्रको मर्म वितरीत ल्यापटप कम्प्यूटर लगायतको सामग्री समूहहरुले कार्ययोजनामा राखी कार्यालयले भुक्तानी दिएको रु २७२००० नियमसंगत नदेखिएको रु

५४ **अनुदानको सदुपयोग**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ।नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

५५ **जिन्सी दाखिला**

कार्यालयमा रहेको जिन्सीको अभिलेख अध्यावधिक गरी राख्नु पर्दछ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयको जिन्सीको PAMS मा नरहेको जनाएको छ। यसरी जिन्सीको अभिलेख अध्यावधिक नहुदा जिन्सी मालसमानहरुको सुरक्षा नहुने देखिन्छ। तसर्थ, कार्यालयले जिन्सी अभिलेख व्यवस्थित राख्नु पर्दछ।

५६ **न्यानो झोला खरिद** ३,४०२,०९१

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु. ३४०२०९१ को सोझै खरिद गरेको देखियो। यसरी प्रकृया वेगर आयूर्वेदिक औषधि खरिद गरेको अनियमित देखिएको रु

| गो.भौ.नं./मिति | कार्यक्रमको नाम | सप्लायर्सको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ४१-०७८/८/७ | आयूर्वेद औषधी खरिद | इच्छा आयूर्वेद फार्मेसी | ४५१०४५ |
| ४२-०७८/८/७ | आयूर्वेद औषधी खरिद | इच्छा आयूर्वेद फार्मेसी | ४५१०३४ |
| ८३-०७८/९/२३ | आयूर्वेद औषधी खरिद | इच्छा आयूर्वेद फार्मेसी | ४५१८०१ |
| १५७-०७८/१२/२५ | आयूर्वेद औषधी खरिद | उपदेश आयूर्वेद फार्मा | ३१७४८८ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५८-०७८/१२/१५</td><td>आयूर्वेद औषधी खरिद</td><td>मनकामना आयूर्वेद फार्मा</td><td>३१९८८१</td></tr>
<tr><td>१५९-०७८/१२/१७</td><td>आयूर्वेद औषधी खरिद</td><td>कामना आयूर्वेद</td><td>३६६९०८</td></tr>
<tr><td>३१५-०७९/३/१७</td><td>आयूर्वेद औषधी खरिद</td><td>कमला इन्टरनेशनल</td><td>४४४९३</td></tr>
<tr><td>३९०-०७९/३/२४</td><td>स्यानिटरी प्याड खरिद</td><td>सिर्जना मेडिसिन सप्लायर्स</td><td>९९९९४१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३४०२०९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>प्रधानमंत्री रोजगार कार्यक्रम<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, गोरेटो बाटो, पहुच मार्ग निर्माण कार्य लगायतका २१ वटा कार्यक्रम/योजना सञ्चालन गरी यस वर्ष ६६ जनालाई रोजगारी उपलब्ध गराई रु २०५००८१ खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>वडा नं. ११</td><td></td></tr>
<tr><td>५८.१</td><td></td><td></td><td>तेस्रो पक्षबाट खरिदः- सार्वजनिक खर्च नियमावली, २०६४ का अनुसार कुनै पनि वस्तु तथा सेवा खरिद गर्दा अधिकृत विक्रेताबाट वा सोझै सप्लायर्सबाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर वडा कार्यालयले लक्षित युवा युवतीहरुलाई कम्प्युटर तालिम गराउँनकालागि वडा कार्यालयले सिद्धिटप मल्टिप्रर्पोज कम्पनी प्रा.लि.सँग सम्झौता गरी रु ९९७२५ भुक्तानी गरेको देखिन्छ । जबकी सिद्धिटप मल्टिप्रर्पोज कम्पनी प्रा.लि. आफै कम्प्युटर तालिम दिने संस्था नभई प्रा.लि.ले कम्प्युटर तालिमको लागि रारा कम्प्युटरसँग सम्झौता गरी कम्प्युटर तालिम गराएको छ । यसरी वडा कार्यालयले सोझै सेवा प्रदायक संस्थासँग सम्झौता नगरी तेस्रो पक्षलाई समाबेश गरी खर्च लेखेको नियमसंगत मान्न नसकिने रु</td><td>९९,७२५</td></tr>
<tr><td>५८.२</td><td></td><td></td><td>कोटेशन मार्फत कार्यः- सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । तर बडा कार्यालयले देहाय बमोजिमको आयोजनाहरु कोटेशन मार्फत गराई प्रतिस्पर्धालाई सिमित गराएको देखिन्छः<br><br>
<table>
<tr><td>कोटेशन मार्फत काम</td><td>निर्माण व्यवसायीको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>गुरुद्धारा रोडदेखि उत्तर नाला निर्माण</td><td>पाराङगत कन्स्ट्रक्सन</td><td>१५००००</td></tr>
<tr><td>पाण्डेको घर पछाडी देखि पूर्व नाली निर्माण</td><td>हमाल बिल्डर्स</td><td>१५००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कहारल टोल बाटो देखि उत्तर असलमको घर पछाडी सम्म नाली र ढकन / इलाइट इन्जिनियरिङ्ग / २००००० | |
| ५९ | | | **स्वास्थ्य कार्यक्रम**<br><br>कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ। कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन र अधिकाशं कार्यक्रमहरु असारमा भएको देखिन्छ ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन। | |
| ६० | | | **चिल्ड्रेन पार्कमा कम्पाउण्डवाल निर्माण सम्बन्धमा**<br><br>**वडा नं १२ पूँजिगततर्फ**<br><br>**चिल्ड्रेन पार्कमा कम्पाउण्डवाल निर्माण :** यस वडाको चिल्ड्रेन पार्कमा कम्पाउण्डवाल निर्माण गर्न उपभोक्ता समितिले ५ प्रतिशत रकम रु ३९०३९।०० व्यहोर्ने समेत रु ७८०७८३।०० को लागत अनुमान तयार गरि प्राबिधिक मूल्यांकन रु ६२०४७५।०० भए अनुसार उपभोक्ताको जनश्रमदान कट्टा नगरि गो भौ नं ४७।२०७९।१।२१ बाट रु ५८८०००।०० र गो भौ नं ५५।२०७९।३।१ बाट रु ३१८९३।०० गरि जम्मा रु ६२०३९३।०० भुक्तानि दिएको पाइयो। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन।<br><br>(१) **उपभोक्ता समितिले आफैं काम नगरि अरुबाट गराएको :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा अन्यबाट गराउन नमिल्ने तथा कुनै कारणबश समितिले आफैंले सम्झौतामा तोकिएको समयमा सो काम सम्पन्न गर्न नसके भएमा पालिकाले समितिसँग भएको सम्झौता तोडी बाँकि काम यस ऐन र नियमावली बमोजिम प्रतिस्पर्धाबाट गराउनुपर्ने बाध्यत्मक व्यवस्था गरेको छ। यस वडाको चिल्ड्रेन पार्कमा कम्पाउण्डवाल निर्माण गर्न उपभोक्ता समितिको जनश्रमदान समेत रु ७८०७८३।०० को लागत अनुमान तयार गरि प्राबिधिक मूल्यांकन रु ६२०४७५।०० भए अनुसार गो भौ नं ४७।२०७९।१।२१ बाट रु ५८८०००।०० र गो भौ नं ५५।२०७९।३।१ बाट रु ३१८९३।०० गरि जम्मा रु ६२०३९३।०० भुक्तानि दिएकोमा उक्त कम्पाउण्डवाल उपभोक्ता समितिले आफैं नगरि एभरेष्ट प्रिकाष्ट उद्योग जानकी गाउँपालिका बाँकेबाट बिजक नं ८।२०७८।१२।१५ को रु ५६७७७९।०० पेश गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानि दिएको नियमसम्मत देखिएन।<br><br>(२) **उपभोक्ता समितिको जनश्रमदान सम्बन्धमा :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १ मा उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ लागत अनुमानमा मूल्य अभिबृद्धि कर,ओभरहेड,कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समाबेश गर्ने एवम सोहि नियमको उपनियम ४ मा त्यस्तो रकमहरु कट्टा गरेर मात्र उपभोक्ता समितिलाइ भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०७८।७९ को मिति २०७८।८।२७ गतेको नगर कार्यपालिकाको निर्यणानुसार न्यूनतम ५ प्रतिशत जनश्रमदान गराउने गरि निर्यण भएकोमा यस वडाको चिल्ड्रेन पार्कमा कम्पाउण्डवाल निर्माण गर्न उपभोक्ता समितिले ५ प्रतिशत रकम रु ३९०३९।०० व्यहोर्ने समेत रु ७८०७८३।०० को लागत अनुमान तयार गरि प्राबिधिक मूल्यांकन रु ६२०४७५।०० भए अनुसार उपभोक्ताको जनश्रमदान कट्टा नगरि गो भौ नं ४७।२०७९।१।२१ बाट रु ५८८०००।०० र गो भौ नं ५५।२०७९।३।१ बाट रु ३१८९३।०० गरि जम्मा रु ६२०३९३।०० भुक्तानि दिएको देखियो। मिति २०७८।८।२६ गते पश्चात यस वडा तथा उपमहानगरपालिले उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ ५ प्रतिशतले जनश्रमदान गराएको अवस्थामा यस योजनामा उपभोक्ता समितिले ५ प्रतिशत जनश्रमदान गर्ने गरि लागत अनुमान तयार गरि काम गरिसकेपश्चात नगर कार्यपालिकाको मिति २०७८।११।१२ को निर्यणानुसार ५ प्रतिशत जनश्रमदान नगराउने निर्यण भए अनुसार वडा कार्यालयले प्राबिधिक मूल्यांकन अनुसार पूरै रकम भुक्तानि दिएकोले एउटै प्रकारको काममा कुनै उपभोक्तालाइ जनश्रमदान गर्नु नपर्ने र अरु उपभोक्ता समितिहरुलाइ अनिवार्य जनश्रमदान गराउने न्यायोचित नहुनुको साथै यस चिल्ड्रेन पार्कमा कम्पाउण्डवाल निर्माण गर्न प्राबिधिक मूल्यांकन रु ६२०३९३।०० को ५ प्रतिशतले रु ३१०१९।०० बराबर वडा कार्यालयलाइ बढि व्ययभार पर्न गएको रु......... | ३१,०१९ |

| | | | | |
|---|---|---|---|---|
| ६१ | | | **कट्टा भएको कर दाखिला बाँकी**<br><br>**कर दाखिला बाँकि:-** सार्वजनिक उपमहानगरपालिकाको आर्थिक वर्ष २०७८।७९ मा कर्मचारी कल्याण कोषबाट कट्टि भएको कर रु ५९८६५६।००, बालउद्धार कोषबाट कट्टि भएको कर रु ३४४९।०० र नगर शिक्षा समितिबाट कट्टा भएको कर रु १२११७४।०० गरि जम्मा रु ७२३२७९।०० राजस्व खातामा दाखिला नभएकोले कट्टि रकम सम्बन्धित राजस्व खातामा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु...... | ७२३,२७९ |
| ६२ | | | **सिधै निर्माण काम गराएको**<br><br>**सिधै निर्माण कार्य गराएको:-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले निर्माण कार्य गराउदा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी निर्माण काम गर्न नहुने उल्लेख छ। यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई लागत अनुमान तयार गरी विभिन्न कामलाई प्याकेज बनाई तथा सोहि नियमावलीको नियम ८५ मा ५ लाख तथा नियमावलीको एघारौं संशोधन मिति २०७८।१२।३ देखि १० लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य सोझै गर्न सकिने र सो भन्दा बढी रकमको लागत अनुमान भएको निर्माण कार्य प्याकेज बनाइ प्रतिस्पर्धात्मक विधिबाट गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट प्राप्त बिबरण अनुसार पालिकाले बिभिन्न निर्माण काम २७ पटक बिभिन्न निर्माण व्यवसायीबाट गराई रु ९५६४२३२।०० भुक्तानी दिएको छ। पालिकाले योजनाहरु कार्यान्वयन गराउँदा ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार वार्षिक खरिद योजना तयार गरी निर्माण कामलाइ प्याकेज बनाइ लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपमा गराएको अवस्थामा निर्माण काम गुणस्तरिय तथा मितव्ययि रुपमा गराउनेतर्फ पालिकाको ध्यान गएको देखिएन। पालिकाले नियममा व्यवस्था भएको प्राबधान विपरित एउटै निर्माण व्यवसायीहरुबाट एक पटक भन्दा धेरै पटक निर्माण काम गराएको एवम प्याकेज बनाई निर्माण काम प्रतिस्पर्धात्मक रुपमा मितव्ययि किसिमले निर्माण काम गराउन सकिनेमा सो अनुसार नगरि निर्माण काम सोझै नियमसम्मत देखिएन। | |
| ६३ | | | **पदाधिकारी तथा कर्मचारी भ्रमण**<br><br>**<u>वडा नं ७ चालुतर्फ</u>**<br><br>**पदाधिकारी तथा कर्मचारी भ्रमण :** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेखांकन गर्नु अघि त्यस्तो रकम भुक्तानि दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। वडा समितिको मिति २०७८।९।२९ को निर्यणानुसार सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरु नेपालका बिभिन्न स्थानमा भ्रमण गर्ने निर्यण बमोजिम वडा अध्यक्ष जुमन खाँ, प्रशासन सहायक बृषराज न्यौपाने, अ स ई निरज कुमार खड्का,ज्यालादारी कर्मचारीहरु मधु खत्रि र रेश्मा रावत मिति २०७८।९।६ देखि १२ गतेसम्म ७ दिन पोखरा,काठमाडौं,चितवन र जनकपुर भ्रमण गर्न भ्रमण आदेश स्विकृत भए अनुसार प्रशासन सहायक बृषराज न्यौपानेले गो भौ नं १२४।२०७८।९।५ बाट रु १३००००।०० पेश्कि दिएकोमा भ्रमणको बिल बिजक पेश गरि गो भौ नं ८७।१२।९ बाट पेश्कि फछ्यौंट गरि बाँकि रु २००००।०० सोधभर्ना भुक्तानि दिएको पाइयो। निज पदाधिकारी तथा कर्मचारीहरु उक्त भ्रमण गर्न हायस गाडि ७ दिनको लागि रु ९००००।०० दिने गरि भाडामा लिइ गएकोमा जनकपुर नगइ मिति २०७९।९।९ मा जय श्री गणेश आयल स्टोर्स चन्द्रागिरी न पा वडा नं १५ ढुङ्गेअड्डा काठमाडौंको इन्धन पेश भए अनुसार निजहरु जनकपुर नगइ मिति २०७९।९।९ गते बाँकि फर्केकोले खर्च भएको रु १५००००।०० को दामासाहीले प्रति दिन रु २१४३०।०० को दरले २ दिनको रु ४२८६०।०० असुल हुनुपर्ने रु......... | ४२,८६० |
| ६४ | | | **उपभोक्ता समितिबाट काम गराएको**<br><br>**<u>उपभोक्ता समिति मार्फत कार्य</u>**<br><br>**उपभोक्ता समिति दर्ता—** सार्वजनिक खरिद नियमावली**,** २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधान सहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त | |

व्यवस्था अनुसार दर्ता भएको पाइएन ।त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्यसम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । पालिकाबाट पेश भएको बिबरण अनुसार नमूना छनौटको आधारमा परिक्षण गर्दा उपभोक्ता समिति मार्फत भएको कामको सम्बन्धमा देहाय अनुसार देखिएको छ ।

(१) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट काम गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायहरु उपस्थित भई आम भेला गराई सो भेलाबाट उपभोक्तता समिति गठन गर्नुपर्ने प्रावधान रहेको छ । पालिकाबाट गराइएको अधिकांश उपभोक्ता समितिहरु गठन गर्दा पेश भएको माइन्यूटमा उपस्थित लाभग्रहिहरुको वडा नं तथा टोल र सम्पर्क फोन नंम्बर एवम केहि योजनाहरुमा जनप्रतिनिधिहरुको उपस्थिति नभएको कारण उपभोक्ता समिति गठनको प्रकृया कानूनमा तोकेको प्रावधान बमोजिम रहेको देखिएन । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ७ मा उपभोक्ता समितिहरुले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफूले गरेको काम कारबाहिको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा नियममा भएको व्यवस्था बमोजिम गरेको पाइएन ।

(२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले निर्माण काम सम्पन्न भए मश्चात निर्माण कामको अनुगमन निरीक्षण तथा योजना हस्तान्त्रण एवम सम्पन्न योजनाहरुको उपभोक्ता समितिहरुले अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट सञ्चालित योजनाहरुको नियममा व्यवस्था भए बमोजिम निर्माण काम सम्पन्न भए पश्चात ति योजनाहरु उपभोक्ताहरुलाइ हस्तान्त्रण नभएको र सम्पन्न योजनाहरुको अभिलेख नराखेको तथा कतिपय योजनाहरुको अनुगमन नभएको अनुगमन भएका योजनाहरुको अनुगमन प्रतिबेदनमा अनुगमन मिति नखुलाएको अनुगमनको क्रममा देखिएका व्यहोराहरु उल्लेख नगरिएको तथा केहि योजनाहरुमा संयोजकको अनुपस्थितिमा अनुगमन गरेको पाइएकोले सञ्चालित योजनाहरु लागत अनुमान अनुसार गुणस्तरिय रुपमा र तोकिएको समयमा निर्माण काम भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन ।

(३) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन बिल भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालन भएका योजनाहरु सम्पन्न भए पश्चातसो कामको लागि पेश भएका बिल भरपाइहरुमध्ये रितपूर्वकको बिजक पेश नगरि सामान्य भरपाइ पेश गरेको र ति भरपाइमा परिमाण,दररेट नखुलाइएको तथा ढुवानिको हकमा कहाँ देखि कहाँसम्म कति परिमाण र दररेटमा ढुवानि गरेको हो भरपाइमा नखुलाएको साथै उपभोक्ताले पेश गरेको डोर हाजिरमा खुलाउनुपर्ने सम्पूर्ण व्हहोरा नखुलाएको केहि डोर हाजिरमा रकम बितरण गर्नेको दस्तखत नभएको,कामदारको बाबुको नाम तथा ठेगाना नखुलाइएको, डोर हाजिर सिफारिस गर्नेको दस्तखत नभएको,प्रमाणित गर्नेको दस्तखत नभएको आदि कारण उपभोक्ता समितिबाट पेश भएका भरपाइ एवम डोर हाजिरमा उल्लेखित परिमाणको निर्माण सामाग्रि तथा कामदारहरु तत् योजनाहरु निर्माणको काममा वास्तबिक रुपमा खर्च भइ भुक्तानि भएको हो वा होइन यकिन हुन सकिएन । साथै उपभोक्ता समितिहरुले नियममा व्यवस्था भए अनुसार खर्च भएको बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु उपभोक्ता समितिको बैठकबाट अनुमोदन गरि पेश गर्नुपर्ने सो समेत गरेको नदेखिएकोले नियममा भएको व्यवस्थाको परिपालना गरेको देखिएन ।

(४) **उपभोक्ताको योगदान सम्बन्धमा** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १ मा उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ लागत अनुमानमा मूल्य अभिबृद्धि कर,ओभरहेड,कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समाबेश गर्ने एवम सोहि नियमको उपनियम ४ मा त्यस्तो रकमहरु कट्टा गरेर मात्र उपभोक्ता समितिलाइ भुक्तानि दिनुपर्ने व्यवस्था रहेकोमा पालिकाले उपभोक्ता समितिहरुबाट निर्माण काम गराउदा नियमावलीमा व्यवस्था भए अनुसार जनश्रमदान नगराइ पालिकाले योजना कार्यान्वयन गराएकोमा आर्थिक वर्ष २०७८।७९ को मिति २०७८।८।२७ देखि नगरकार्यपालिकाको निर्यणानुसार न्यूनतम ५ प्रतिशत जनश्रमदान गराउनेगरि निर्यण भएको पाइएको हुनाले सो मिति भन्दा अगाडिको उपभोक्ता समितिबाट भएको निर्माण काममा जनश्रमदान गराएको पाइएन ।

(५) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाईमेशिन,औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रम र सिप अनुसार गर्नुपर्ने निर्माण काम मात्र उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ ।पालिकालेउपभोक्ता समितिबाट जटिल प्राविधिक पक्ष समावेश हुनेपूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेकोदेखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रप्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| ६५ | | | **उपभोक्ता समितिबाट सिमा भन्दा बढिको काम गराएको**<br><br>**उपभोक्ता समितिलाई सिमा भन्दा बढीको काम गराएको M—** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १ मा १ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्षभित्र निर्माण सम्पन्न गर्न सकिने कार्य मात्र त्यस्तो सेवा प्राप्त गर्ने समुदाय रहेको उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागत अनुमानमा ओभरहेड,मूल्य अभिबृद्धि कर,कन्टिजेन्सी र जनसहभागिताको अंश समेत समाबेश हुने व्यवस्था छ। तर पालिकाले वडा नं ८ मा महिला कलेजको प्राङ्गण लगायतको निर्माण गर्न ओभरहेड र मू अ कर बाहेक रु ९७०८५२२।०० को लागत अनुमान गरेकोमा ओभरहेड र मू अ कर समेत लागत अनुमान रु १२४२६९०८।०० हुने हुदाँ पालिकाले नियममा भएको प्रावधान विपरित रु १ करोड भन्दा बढी लागत अनुमान भएको योजना उपभोक्ता समितिबाट गराएको पाइयो। यसरी उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार प्रतिस्पर्धात्मक किसिमले मितव्ययि र गुणस्तरिय किसिमले गर्नुपर्नेमा सो बिपरित पालिकाले उपभोक्ता समितिबाट गराइ रु ९१८४४८२।०० मा अन्य दफामा बेरुजु कायम भएको रु २३२२७७।०० समायोजना गरि बाँकि हुने रकम रु ८९५२२०५।०० नियमसम्मत नदेखिएको रु.... | ८,९५२,२०५ |
| ६६ | | | **अग्रिम कर कम कट्टा भएको**<br><br>**अग्रिम कर कट्टा नभएको M—** आयकर ऐन २०५८ ( नेपाल सरकार आर्थिक ऐन २०७६ बाट भएको संशोधन) दफा ८९ (३ क) उपभोक्ता समितिबाट काम गराउने गरी भएको सम्झौतामा रु ५० लाख भन्दा बढी भुक्तानि हुने गरी भएको कार्यमा भुक्तानि हुने रकमको १.५ प्रतिशत अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ। पालिकाको वडा नं ८ मा महिला कलेजको प्राङ्गण लगायतको निर्माण काम गर्न उपभोक्ता समितिबाट निर्माण गराइ गो भौ नं१७२।२०७८।११।३० र २५९।२०७९।३।२५ बाट कुल रु ९१८४४८२।०० भुक्तानि दिएकोले अग्रिम कर रु १३७७६७।०० कट्टा गर्नुपर्नेमा रु १२२५८८।०० मात्र कट्टा भएकोले नपुग रु १५१७९।०० असुल हुनुपर्ने रु.... | १५,१७९ |
| ६७ | | | **निर्माण कामको गणस्तर र नापी किताब**<br><br>**निर्माण कार्यको गुणस्तर** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ को उपनियम १ को खण्ड ङअनुसार निर्माण काम गर्न सम्झौता कार्यान्वयन गर्दा गुणस्तर निरीक्षण तथा परिक्षण गर्नुपर्ने व्यवस्था छ। खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलब्ध गराउनुपर्ने तथा उपभोक्ता समितिबाट गराइने निर्माण कामको गुणस्तर परिक्षण गर्ने व्यवस्था सम्झौतामा उल्लेख गर्नुपर्ने र स्वीकृत योजना अनुसार गुणस्तर परीक्षण गरी गुणस्तरिय निर्माण काम गराउनुपर्ने यो वर्ष उपमहानगरपालिकाबाट पूँजीगतवाट रु.३९ करोड ३९ लाख पुँजीगत खर्च गरेकोमा अधिकांश निर्माण कामको गुणस्तर परीक्षण गरेको पाईएन। एवम उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुबाट लागत अनुमानमा समाबेश भएको गुणस्तरिय सामाग्रिहरु प्रयोग नगरि कमसल निर्माण सामाग्रिहरु प्रयोग गरि निर्माण काम गर्ने गरेको कारण निर्माण काम गुणस्तरिय नहुने हुँदा पालिकाले निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ।<br><br><u>**नापी किताब:**</u> निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.नं. 503 मा उल्लेख गर्नुपर्ने गरि महालेखा परीक्षकबाट स्वीकृत गराइ महालेखा नियन्त्रक कार्यलयले लागु गरेको छ। उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायी तथा उपभोक्ता समितिको नाम, कामको नाम र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरि नापिजाँच गर्ने, सिफारीस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यवस्थ छ। पालिकाले सडक निर्माण कामहरुको लागत अनुमान तयार गर्दा चेनेज नंम्बर उल्लेख नगरेको कारण पालिकाले एउटै सडक योजनामा बोलपत्रको माध्यम र उपभोक्ता समिति एवम कोटेशनबाट बिभिन्न निर्माण व्यवसायीहरुबाट निर्माण काम गराउदा काममा दोहोरोपना भएको छैन भन्न सकिने अवस्था देखिदैन। साथै अन्य निकायहरुबाट समेत बजेट व्यवस्था भई समन्वयको अभावमा सोहि सडकमा निर्माण काम हुन सक्ने तर्फ पालिकाले उचित ध्यान दिनुपर्ने देखिन्छ। त्यसैले पालिकाले सडक निर्माणको कामको प्राबिधिक मूल्यांकन एवम नापी किताबमा अनिवार्य रुपमा चेनेज नं खुलाई काममा हुन सक्ने दोहोरोपनालाइ निस्तेज गर्नुपर्दछ। | |
| ६८ | | | **प्राबिधिक मूल्यांकन र बिल बिजक बिच सामान्जस्यता** | १,०१८,६९७ |

**प्राबिधिक मूल्यांकन र बिल बिजक बिच सामान्जस्यता** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने र नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन,बिल,भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने एवम योजनाहरुको कार्यान्वयन गर्दा दर बिश्लषण अनुसार लागत अनुमान तयार गरि सोहि दरबिश्लेषण अनुसार दक्ष तथा अदक्ष ज्यामि ज्याला र निर्माण सामाग्रिहरुको बिल बिजक उपभोक्ता समितिबाट पेश हुनुपर्ने व्यवस्था रहेको छ । यस बर्ष उपभोक्ता समितिहरुबाट निर्माण भएका योजनाहरु नमूना छनौटको आधारमा परीक्षण गर्दा केहि योजनाहरुको डण्डि, सिमेन्ट लगायत निर्माण काममा प्रयोग हुने मुख्य मुख्य आइटममा प्राबिधिक मूल्यांकनको परिमाण अनुसार आवाश्यक पर्ने निर्माण सामाग्रि खरिद नगरि कम परिमाणमा निर्माण सामाग्रि खरिद गरि प्राबिधिक मूल्यांकनको परिमाणको नर्मस भन्दा बढिको अर्थात नर्मस अनुसार लाग्ने ज्यामि भन्दा बढि ज्यामी लागेको डोर हाजिर तथा रितपूर्बको ढुवानिको बिल बिजक पेश नगरि सामान्य भरपाई पेश गरेको पाइयो । यसरि उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ प्राबिधिक मूल्यांकन अनुसार आवाश्यक पर्ने निर्माण सामाग्रि भन्दा कम परिमाण खरिद गरि काम गरेकोले उपभोक्ता समितिहरुबाट भएको कामको गुणस्तर तोकिएको मापदण्ड तथा नर्म्स अनुसार भएको छ भन्न सकिने आधार देखिएन । तसर्थ उपभोक्ता समितिबाट भएको कामको परिक्षण गरेको मध्ये देहायमा पेश गरे अनुसारका उदाहरणको लागि केहि उपभोक्ता समितिहरुले प्राबिधिक मूल्यांकन अनुसार लाग्ने निर्माण सामाग्रिको परिमाण भन्दा कम परिमाणको निर्माण सामाग्रि खरिद गरि निर्माण काम गराएको र बिल बिजक पेश गरेकोले प्रचलित नर्मस तथा नियम अनुसार नभएको रु

| शिर्षकको नाम | योजनाको नाम र सामाग्रि | प्राबिधिक मूल्यांकन रकम | प्राबिधिक मूल्यांकन अनुसार सामाग्रिको परिमाण | उपभोक्ताले खरिद गरि पेश गरेको बिजकको परिमाण | प्राबिधिक मूल्यांकन भन्दा कम खरिद गरेको परिमाण | लागत अनुमान अनुसार भुक्तानि दर | प्राबिधिक मूल्यांकन भन्दा कम खरिद गरेको रकम |
|---|---|---|---|---|---|---|---|
| न पा पूँजिगत | महिला कलेज प्राङ्गण नि उ स वडा नं २ , ईट्टा | ९६६७८७५ | ९१८४६ वटा | ८१००० वटा | १०८४६ वटा | १६।०४ | १७३९७० |
| | महिला कलेज प्राङ्गण नि उ स वडा नं २, डण्डि | | ४३९० के जि | ३९५० के जि | ४४० के जि | ९८।०२ | ४३१२८ |
| न पा पूँजिगत | बि टि एस सडकमा सटर निर्माण वडा नं १२, ईट्टा | २६१३२५२ | ४६३९६ वटा | ४३००० वटा | ३३९६ वटा | १६।०४ | ५४४७१ |
| न पा पूँजिगत | शितलनगर टोल नाला निर्माण उ स वडा नं १०, ईट्टा | ११७०००८ | ३१८०२ वटा | २५२०० वटा | ६६०२ वटा | १६।०४ | १०५८९६ |
| न पा पूँजिगत | शान्तिनगर नालि निर्माण उ स वडा नं १०, ईट्टा | ९८०५५८ | २५२७१ वटा | २४००० वटा | १२७१ वटा | १६।०४ | २०३८६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश चालु मुख्यमन्त्रि | वडा नं ७ को फुलटेक्रा मा बि माटो पटानको काममा प्राबिधिक मूल्यांकन र नर्मस अनुसार अदक्ष कामदार ४७६ को प्रति कामदार रु ५९०।०० ले रु २८०८४०।०० को डोर हाजिर पेश गर्नुपर्नेमा रु ८०३४०।०० को पेश तथा मूल्यांकन भन्दा बढि रकमको सामान्य भरपाइमा माटो खरिदको रु १०२०६००।०० को भरपाइ पेश | | | | | | २००५०० |
| वडा नं १ पूँजिगत | बिरेन्द्रमान श्रेष्ठको घरदेखि सुबोध थारुको घरसम्म सडक नालि तथा कालोपत्रे नि उ स, ईट्टा | २३९४७९५ | २१५३६ वटा | १४००० वटा | ७५३६ वटा | १६।०४ | १२०८७७ |
| वडा नं १ पूँजिगत | ओपि चन्दको घरदेखि उत्तर चौधरीको घरसम्म नाला सहित कालोपत्रे उ स | १९१६३८७ | १७६४१ वटा | ११३०० वटा | ६३४१ वटा | १६।०४ | १०१७२२ |
| वडा नं १९ पूँजिगत | ब्यास गद्धि मन्दिर नि उ स, डण्डि | ८९२५८५ | १८०१ के जि | १२०० के जि | ६०१ के जि | १२१.१७ | ७२८६४ |
| वडा नं १९ पूँजिगत | ब्यास गद्धि मन्दिर नि उ स, इट्टा | ८९२५८५ | ९२२६ वटा | ६००० वटा | ३२२६ वटा | १६.०४ | ५१७४५ |
| वडा नं १० पूँजिगत | गोसाईगाउँ बाटो तथा नाली नि उ स, इट्टा | ४८५१७८ | १०८४८ वटा | १०००० वटा | ८४८ वटा | १६.०४ | १३६०५ |
| वडा नं ७ पूँजिगत | सुवुलाको घरदेखि उत्तर जानेवाटो राकेश खत्रीको घरसम्म पि सि सि र नाला, इट्टा | १२३०२०२ | २७४८१ वटा | २६००० वटा | १४८१ वटा | १६.०४ | २३७५५ |
| वडा नं ७ पूँजिगत | जिलानि हातादेखि एम पि स्कुल रोड सम्म पि सि सि र ग्राभेल , इट्टा | १६२८६१६ | ३६२३० वटा | ३४००० वटा | २२३० वटा | १६.०४ | ३५७७८ |
| | जम्मा | | | | | | १०१८६९७ |

| | | | | |
|---|---|---|---|---|
| ६९ | | | **उपभोक्तालाइ मू अ कर भुक्तानि दिएकोमा बिजक कम पेश भएको**<br><br>**उपभोक्ताबाट मू अ कर बिजक पेश नभएकोमा मू अ कर भुक्तानि** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ तथा उपभोक्ता समितिसँग भएको सम्झौतामा उपभोक्ताले | ९४,१२३ |

खरिदमा पान दर्ता भएकोसँग र रु २० हजार भन्दा बढि रकमको खरिद तथा कारोबार गर्दा मू अ कर दर्ता भएकोसँग गर्नुपर्ने व्यवस्था भएको एवम उपभोक्तालाइ निर्माण सामाग्रिमा मू अ कर समावेश गरि दररेटको आधारमा लागत अनुमान तयार गरेको हुनाले उपभोक्ता समितिहरुले मू अ कर भुक्तानि भएको सामानहरुको अनिवार्य मू अ कर बिजक पेश गर्नुपर्नेमा देहाय अनुसार पान बिल पेश गरेको वा खरिद बिजक नै पेश नगरेकोले मू अ कर वापत भुक्तानि भएको रकम असुल हुनुपर्ने रु

| उ स को नाम र काम | गो भौ नं र मिति | भुक्तानि रकम | प्राबिधिक मूल्यांकन | प्राबिधिक मूल्यांकन अनुसार मू अ कर समाबेश सामानको नाम | खरिद नभएको वा कम खरिद भएको सामानमा मू अ कर समेत भुक्तानि रकम | भुक्तानि मध्ये खरिद नभएको वा कम खरिद भएको सामानमा मू अ कर भुक्तानि रकम |
|---|---|---|---|---|---|---|
| महिला कलेज प्राङ्गण नि उ स वडा नं २ | ७९, १७२ र २५४।०७९।३।२५ | ९१८४४८२ | ९६६७८७५ | ईट्टा | १७३९७० | २००१४ |
| महिला कलेज प्राङ्गण नि उ स वडा नं २ | | | | डण्डि | ४३१२८ | ४९६१ |
| बि टि एस सडकमा सटर निर्माण वडा नं १२ | १५४ र २४२।०७९।३।२५ | २४८२५८९ | २६१३२५२ | ईट्टा | ५४४७१ | ६२६६ |
| शितलनगर टोल नाला निर्माण उ स वडा नं १० | २५०।०७९।३।२५ | ११५६८९९ | ११७०००८ | ईट्टा | १०५८९६ | १२१८२ |
| शान्तिनगर नालि निर्माण उ स वडा नं १० | २३०।०७९।३।२४ | ९८०५५८ | ९८०५५८ | ईट्टा | २०३८६ | २३४५ |
| बिरेन्द्रमान श्रेष्ठको घरदेखि सुबोध थारुको घरसम्म सडक नालि तथा कालोपत्रे नि उ स वडा नं १ | २९ र ५३।०७८।१२।२३ | २२७५०५५ | २३९४७९५ | ईट्टा | १२०८७७ | १३९०६ |
| ओपि चन्दको घरदेखि उत्तर चौधरीको घरसम्म नाला सहित कालोपत्रे उ स वडा नं १ | ८७।०७९।३।२४ | १९१६००० | १९१६३८७ | ईट्टा | १०१७२२ | ११७०२ |
| ब्यास गद्दि मन्दिर नि उ स वडा नं १९ | ९४।०७९।३।२५ | ८११३८५ | ८९२५८५ | डण्डि | ७२८६४ | ८३८२ |
| ब्यास गद्दि मन्दिर नि उ स, वडा नं १९ | | | ८९२५८५ | इट्टा | ५१७४५ | ५९५२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गोसाईगाउँ बाटो तथा नाली नि उ स, वडा नं १० | ७८।०७९।३।१५ | ४६०९०० | ४८५१७८ | इट्टा | १३६०५ | १५६५ |
| सुवुलाको घरदेखि उत्तर जानेवाटो राकेश खत्रीको घरसम्म पि सि सि र नाला, वडा नं ७ | ९, ३४ र ६५।०७९।२।१८ | १०८६९४७ | १२३०२०२ | इट्टा | २३७५५ | २७३२ |
| जिलानि हातादेखि एम पि स्कुल रोड सम्म पि सि सि र ग्राभेल , वडा नं ७ | १०, ४३ र ६८।०७९।३।८ | १४३६०५८ | १६२८६१६ | इट्टा | ३५७७८ | ४११६ |
| जम्मा | | | | | | ९४१२० |

७०

**बिद्युत जडानको कार्यसम्पन्न प्रतिबेदन पेश नभएको**

२१६,७५०

**बिद्युत जडानको कार्यसम्पन्न प्रतिबेदन पेश नभएको –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले वडा नं १० को भृकुटिनगरमा बिद्युत पोल सार्नको लागि नेपाल बिद्युत प्राधिकरण नेपालगंजको लागत अनुमानको आधारमा गो भौ नं १२३।२०७९।१।१६ बाट रु २१६७५०।०० दिएकोमा कार्य सम्पन्न गरि बिद्युत प्राधिकरणबाट प्राबिधिक मूल्यांकन लगायतको कार्यसम्पन्न प्रतिबेदन पेश नभएको रु

७१

**निलसागर पूरानो घर निर्माण सम्बन्धमा**

१७३,८५०

**निलसागर पूरानो घर निर्माण**M—सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा र नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन,बिल,भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको वडा नं ६ मा कैलाश भवन निर्माण उपभोक्ता समितिले निलसागर पूरानो भवन निर्माण गर्न उपभोभोक्ताको योगदान समेत रु ५२५४८४०।०० को लागत अनुमान तयार गरि रु ३३२१२६६।०० को प्राबिधिक मूल्यांकन अनुसार उपभोक्ताको जनश्रमदान कट्टा गरि गो भौ नं १७।२०७९।२।२५ र २२।२०७९।३।२५ बाट रु ३१५५२०२।०० भुक्तानि भइ ६३ प्रतिशत मात्र काम गरि लागत अनुमान अनुसार पूरै काम नगरि निर्माण काम अधुरो रहेको अवस्थामा पालिकाले कार्यसम्पन्न प्रतिबेदन तयार गरेको नियमसम्मत देखिएन । उक्त योजनाको निर्माण कामको प्राबिधिक मूल्यांकनको आधारमा नर्मस अनुसार डण्डि ८६८७ के जि, सिमेन्ट ८४९ वोरा र ईट्टा १७६७३ गोटा लाग्नेमा उपभोक्ताले पेश गरेको बिजक अनुसार क्रमश १४१६५ के जि, ८८५ वोरा र १८००० गोटा गरि बढि प्रयोग भएको बिजक पेश गरेकोले अन्य निर्माण सामाग्रिहरु प्राबिधिक मूल्यांकन अनुसार खरिद नगरि कम परिमाणमा खरिद गरेकोले उपभोक्ता समितिबाट भएको कामको गुणस्तर तोकिएको मापदण्ड तथा नर्म्स अनुसार भए नभएको यकिन गर्न सकिएन। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ ।

(१) पालिकाको वडा नं ६ मा कैलाश भवन निर्माण उपभोक्ता समितिले निलसागर पूरानो भवन निर्माण गरि रु ३३२१२६६।०० को प्राबिधिक मूल्यांकन अनुसार उपभोक्ताको जनश्रमदान कट्टा गरि गो भौ नं १७।२०७९।२।२५ र २२।२०७९।३।२५ बाट रु ३१५५२०२।०० भुक्तानि दिएकोमा उपभोक्ताले लागत अनुमान तथा प्राबिधिक मूल्यांकनमा समावेश नभएको २५० ए एम पि डिस्ट्रिव्यूशन

| | | | | |
|---|---|---|---|---|
| | | | प्यानल बोर्ड रु १६००००।०० र अर्थिङ्ग सेट रु २३०००।०० गरि जम्मा रु १८३०००।०० को खरिद गरेको बिल समेत पेश भइ भुक्तानि भएकोले ५ प्रतिशत जनश्रमदान कट्टा गरि रु १७३८५०।०० असुल हुनुपर्ने रु | |
| ७२ | | | **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण गरेको**<br><br>**जटिलसंरचना निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्टनिर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् : | |

| शिर्षकको नाम | गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| न पा पूँजिगत | ४१।२०७८।९।२६ | छ कुने चोकदेखि सोल्टि होटल सम्म सडक निर्माण उ स वडा नं ८ | आसफाल्ट कालोपत्रे | २००४८६७ |
| वडा नं १८ पूँजिगत | ३१।२०७९।३।२३ | खानेपानि धारा जडान उ स | स्यालो ट्यूवेल खरिद तथा जडान | १२३२५२२ |
| वडा नं १ पूँजिगत | १९।२०७८।९।७ | सदभाव टोल सडक नि उ स | खजुरा रोडदेखि दक्षिण अब्दुल हकिमको घरसम्म कालोपत्रे | ६४४२०२ |
| वडा नं १ पूँजिगत | २०।२०७८।१०।३ र ५३।२०७८।१२।२३ | पारिजात सडक नि उ स | बिरेन्द्रमान श्रेष्ठको घरदेखि पश्चिम दक्षिण सुबोध थारुको घरसम्म कालोपत्रे | २२७५०५५ |
| वडा नं १ पूँजिगत | ८७।२०७८।३।२४ | ओपि चन्दको घरदेखि राना असइको घर हुँदै उत्तर चौधरीको घरसम्म सडक कालोपत्रे | सडक कालोपत्रे | १९१६००० |

| | | | | |
|---|---|---|---|---|
| ७३ | | | **उपभोक्ता समितिलाइ कन्टिजेन्सी भुक्तानि भएको**<br><br>**उपभोक्ता समितिलाइ कन्टिजेन्सी रकम भुक्तानि –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिलाई निर्माण कामको रकम भुक्तानि दिदाँ लागत अनुमान तथा सम्झौता अनुसार मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाको वडा नं ८ को छ कुने चोकदेखि सोल्टि होटल सम्म सडक निर्माण उ स बाट आसफाल्ट कालोपत्रे गर्न पालिकाले ८० र उपभोक्ताले २० प्रतिशत नगद लागत सहभागिता व्यहोर्ने गरि सम्झौता भए अनुसार रु २००४८६७।०० को प्राबिधिक मूल्यांकन भएकोमा पालिकाले उपभोक्ता समितिलाइ रु ५८३७२।०० कन्टिजेन्सि रकम समेत भुक्तानि भएकोले असुल हुनुपर्ने रु | ५८,३७२ |
| ७४ | | | **उपभोक्ता समिति मार्फत खरिद**<br><br>**उपभोक्ता समिती मार्फत खरिद** M— सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राहि समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा | |

मितव्ययिता,गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्धेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राहि समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राहि समूहबाट निर्माण काम गराउन सक्ने प्रावधान रहेको छ। बिभिन्न योजनाहरुको काम उपभोक्ता समिति मार्फत गराउंदा योजनाको लागि आवश्यक पर्ने सामग्री योजनागत लागत बनाई प्रतिस्पर्धात्मक तवरले कार्यालयले खरिद गरी उपलब्ध गराउने र निर्माण कार्य उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्नेमा खरिद कार्य समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। यसरि उपभोक्ता समितिलाइ निर्माण सामाग्रि समेत खरिद गर्न दिएकोमा उपभोक्ता समितिले प्रचलित कानून अनुसार प्रतिस्पर्धा नगराइ सिधै सप्लायर्सबाट खरिद गरेकोले खरिद कार्य प्रतिस्पर्धि तथा मितव्ययी रुपमा गरेको नपाइएकोले यसमा सुधार हुनुपर्दछ।

| शिर्षकको नाम | भौ.नं. मिति | उपभोक्ता समितिको नाम | लागत अनुमान | खरिद | सप्लायर्सको नाम | भुक्तानि रकम |
|---|---|---|---|---|---|---|
| न पा पूँजिगत | १७२ र २५९।२०७९ आषाढ | महिला कलेज प्राङ्गण नि उ स वडा नं २ | निर्माण कामको लागत अनुमानमा पि एस आइटमा समावेश गरि खरिद | काठको टेबुल लगायतका फर्निचरहरु | बिन्देश्वरि फर्निचर उद्योग समेतसँग खरिद | ११०६०५ |
| वडा नं १८ पूँजिगत | ३०।२०७९।३।२२ | बिभिन्न स्थानमा सोलार जडान उ स | ३ वटासँग दररेट माग गरि खरिद | सोलार सेट १३५ सेट समेत | काठमाडौं इनर्जि ग्रुप प्रा लि नेपालगंज | २४०५९७७ |
| वडा नं १८ पूँजिगत | १८।२०७९।१।२५ | तेजनगर तथा बिशालनगर हाइमास्ट बत्ति जडान उ स | ३ वटासँग दररेट माग गरि खरिद | हाइमास्ट बत्ति २ सेट | काठमाडौं इनर्जि ग्रुप प्रा लि नेपालगंज | १४३७१९९ |
| | | | | | | |

७५

**असम्बन्धित योजनाको बजेटबाट भुक्तानि**

९९१,५९९

**असम्बन्धित योजनाको बजेटबाट भुक्तानि** M—पालिकाले योजनाहरु कार्यान्वयन गर्दा संघ सरकारबाट प्राप्त स्विकृत कार्यक्रम, प्रदेश सरकारबाट स्विकृत कार्यक्रम र नगरसभाबाट पारित भएको योजनाहरुको संचालन गर्दा बजेट खर्च सम्बन्धित योजनाहरुमा बिनियोजन भएको बजेट तत् योजनाहरुमा खर्च गरि कार्यान्वयन गर्नु पर्दछ। पालिकाले आ. ब. २०७८।७९ बिनियोजन गरेको बजेट कार्यान्वयन गर्ने सिलसिलामा देहायमा उल्लेख गरिएका योजनाहरु संघ सरकारबाट कार्यान्वयन गर्ने गरि कार्यक्रम स्विकृत भएको अवस्थामा प्रदेश सरकार मुख्यमन्त्रीको कार्यक्रमबाट भुक्तानि दिएको रु ९९१५९९।०० नियमसम्मत नभएको रु

| गो भौ नं र मिति | खर्च रकम | बिबरण | खर्च गर्नुपर्ने शिर्षक | खर्च भएको शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १६।२०७९।३।२४ | ४८३५०५ | आधारभुत बिद्यालयको लागि ५ थान ल्यापटप लगायतका सामान खरिद | संघिय चालु | प्रदेश सरकार मुख्यमन्त्रि | बिद्यालयमा हस्तान्त्रण गरेको तथा जिन्सी दाखिला प्रमाण पेश नभएको |
| २६।२०७९।३।२५ | २३९९१५ | महेन्द्र मा बि वडा नं १ को रंगरोगन समेतको काम | संघिय चालु | प्रदेश सरकार मुख्यमन्त्रि | |
| २२।२०७९।३।२५ | ७५००० | नेपाल कन्या मा बि वडा नं ४ मा बगैंचा निर्माण | प्रदेश सरकार | प्रदेश सरकार | यस बिद्यालयलाइ स्विकृत बजेट रु |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>मुख्यमन्त्रि</td><td>मुख्यमन्त्रि</td><td>५००००।०० भइ भुक्तानि भइसकेको अवस्थामा पुन कार्यक्रम बिना पुन रु ७५०००।०० भुक्तानि भएको</td></tr>
<tr><td>३१।२०७९।३।२५</td><td>१९३१७९</td><td>हनुमान ने रा बि प्रा बि वडा नं १० गोसाइगाँउ मर्मत</td><td></td><td>प्रदेश सरकार मुख्यमन्त्रि</td><td>प्रदेश सरकार मुख्यमन्त्रिमा हनुमान आ बि जमुनाहा वडा नं ५ मा रंगरोगनको बजेट रु २ लाख भइ गो भौ नं ११ऽ२०७९।३।२३ बाट रु १९३८५५।०० भुक्तानि भइसकेको</td></tr>
<tr><td>जम्मा</td><td>९९१५९९</td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>बढि दररेटले भुक्तानि<br><br><u>वडा नं १३ पूँजिगत</u><br><br>बढि दररेटले भुक्तानि : यस वडाको लोनिया गाउँको लोनियापूर्वा मेन सडक देखि नाला र सडकमा ग्राभेलको काम गर्न उपभोक्ताको ५ प्रतिशत योगदान रु ५२५०४।०० समेत रु १०१९५०६।०० को लागत अनुमान तयार गरि उपभोक्ता समितिसँग मिति २०७८।९।२७ गते सम्झौता भए अनुसार निर्माण कामको प्राबिधिक मूल्यांकन रु ९५३११०।०० मा उपभोक्ताको योगदान कट्टा गरि बाँकि रकम रु ९०५४५४।०० गो भौ नं ६२।२०७९।३।२४ बाट भुक्तानि दिएको पाइयो । उक्त निर्माण काम गर्न ईट्टाको १:४ को वाल लगाउने कामको लागि दररेट बिश्लेषण अनुसार प्रति घ मि रु १२९९७।०० रहेकोमा रु १३६७२।०० को दरले ८.५१ घ मि को रु ११६४१२।०० भुक्तानि दिएकोले बढि दर रु ६७५।०० ले उपभोक्ताको योगदान कट्टा गरि रु ५४५७।०० बढि भुक्तानि भएको असुल गर्नुपर्ने रु</td><td>५,४५७</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>उपभोक्ता समितिबाट आनुपातिक कट्टि नभएको<br><br>उपभोक्ता समितिबाट आनुपातिक कट्टि नभएको – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिलाई निर्माण कामको रकम भुक्तानि दिदाँ लागत अनुमान तथा सम्झौता अनुसार मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । प्रदेश सरकार मुख्यमन्त्रि कार्यक्रम अन्तर्गत पालिकाको वडा नं १ को देब संस्कृति गायत्रि बिद्यापिठ बिद्यालय उपभोक्ता समितिसँग सम्झौता अनुसार कार्यान्वयन गरेकोमा जनश्रमदान कट्टा गरेको पाइएन । पालिकाबाट बिनियोजन भएका योजना संचालन गर्दा तथा मुख्यमन्त्रि कार्यक्रम अन्तर्गत संचालित योजनाहरुमा ५ प्रतिशत जनश्रमदान कट्टा गर्ने गरेको अवस्थामा देब संस्कृति गायत्रि बिद्यापिठ बिद्यालय उपभोक्ता समितिबाट निर्माण काम गराइ रु २८९०४२।०० को प्राबिधिक मूल्यांकन भएकोले ५ प्रतिशतले रु १४४५२।०० जनश्रमदान कट्टा गर्नुपर्नेमा जनश्रमदान कट्टा नगरि गो भौ नं २८।२०७९।३।२५ बाट रु २८९०४२।०० भुक्तानि दिएकोले जनश्रमदान वापतको रकम रु १४४५२।०० असुल हुनुपर्ने रु</td><td>१४,४५२</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>लागत अनुमान अनुसार खरिद नगरेको<br><br><u>वडा नं १ पूँजिगत</u><br><br>लागत अनुमानमा समाबेश भए अनुरुप खरिद नगरेको : यस वडाको ओपि चन्दको घरदेखि राना असइको घर हुँदै उत्तर चौधरीको घरसम्म नाला तथा सडक कालोपत्रेको कामको लागि</td><td>२६,२१६</td></tr>
</table>

प्रयोग हुने निर्माण सामाग्रिमध्ये अब्बल ईट्टाको मू अ कर र ढुवानि समेत रु १६.०४ दररेट समाबेश गरि लागत अनुमान रु १९६९९७२।०० तयार गरि मिति २०७८।८।२ मा सम्झौता भए अनुसार निर्माण कामको प्राबिधिक मूल्यांकन रु १९१६३८७।०० भइ गो भौ नं ८७।२०७९।३।२४ बाट भुक्तानि दिएको पाइयो । उपभोक्ता समितिबाट प्राबिधिक मूल्यांकन भए अनुसार अब्बल ईट्टा प्रयोग नगरि कमसल खालको ईट्टा प्रयोग भएको बिजक पेश भएको देखियो । उपभोक्ता समितिहरुले लागत अनुमानमा समाबेश भए अनुसार गुणस्तरिय निर्माण सामाग्रिहरु प्रयोग नगरि कमसल सामाग्रि प्रयोग गर्दा निर्माण काम गुणस्तरिय नहुनुको साथै उपभोक्ता समितिले प्रति ईट्टा रु ११.५२ को दरको ५८०० वटा कमसल ईट्टा प्रयोग भएकोले प्रति ईट्टा रु ४.५२ बढि दरले रु २६२१६।०० बढि भुक्तानि भएको असुल हुनुपर्ने रु

७९ **उपभोक्ताले रितपूर्वकको बिजक पेश नगरेको** २०१,७४०

**<u>वडा नं १ पूँजिगत</u>**

**उपभोक्ताले रितपूर्वकको बिजक पेश नगरेको :** यस वडा कार्यालयले उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ गरिएको सम्झौताको दफा नं ८ र ९ मा उपभोक्ताहरुले सामाग्रि खरिद गर्दा स्थायी लेखा नं तथा रु २० हजार भन्दा बढि मूल्यको सामाग्रि खरिद गर्दा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र लिएका व्यक्ति वा फर्मबाट खरिद गर्नुपर्ने तथा खरिद गरेको बिलमा आयकर ऐन अनुसारको दरमा कर कट्टा गर्ने, त्यस्तै सम्झौताको दफा नं १० मा मेशिनरि सामान, घर बहाल र ढुवानिमा बहाल कर १० प्रतिशत कट्टा गर्ने उल्लेख गरेको छ । तर वडा कार्यालयले उपभोक्ता समितिहरुले सम्झौतामा व्यवस्था बिपरित रु २० हजार भन्दा बढि रकमको सामाग्रि खरिदमा सामान्य भरपाइ तथा पान बिल पेश गरेको आधारमा भुक्तानि दिएको पाइयो । वडा कार्यालयबाट उपभोक्ता समितिबाट भएको निर्माण कामको नमूना छनौटको आधारमा परिक्षण गर्दा देहायमा उल्लेख गरिएका उपभोक्ताहरुले रितपूर्बकको बिजक जारि गर्नुपर्नेमा बिजक तथा भरपाइ पेश नगरि सामाग्रि खरिद गर्दाको चलान मात्र पेश गरेको आधारमा भुक्तानि दिएको एवम सो मा कर समेत कम कट्टा गरेको पाइएको हुनाले नपूग कर रु असुल हुनुपर्ने रु................

| गो भौ नं र मिति | रकम | उपभोक्ताको नाम र काम | सप्लयार्स तथा सामानको बिबरण | रितपूर्वक जारि नभएको बिल रकम | कट्टा गर्नुपर्ने कर | कट्टा भएको कर रकम | नपूग कर रकम |
|---|---|---|---|---|---|---|---|
| २८।२०७८।९।३० | ६४४२०२ | खजुरा रोडदेखि दक्षिण, सदभाव टोल सडक नि उ स | जय नेपाल क्रसर उद्योग डुडुवाको बिल बिजक पेश नगरि १५ वटा चलान पेश गरेको | २३८१०० | २३८१० | ३५७२ | २०२३८ |
| ३१।२०७८।१०।६ | ७७४८७८ | नन्दनि टोल सडक पि सि सि उ स | राप्ति सप्लायर्स नेपालगंजले बिल बिजक पेश नगरि १८ वटा चलान पेश | १२१५०० | १२१५० | १८२२ | १०३२८ |
| ५३।२०७८।१२।२३ | १०१६९९० | बिरेन्द्रमान श्रेष्ठको घरदेखि सडक कालोपत्रे उ स | राप्ति सप्लायर्स बाँकेले मू अ कर बिजक पेश नगरि पान बिल २५ वटा पेश | २५७५०० | ३८६२५ | ३८६३ | ३४७६२ |
| २९।२०७८।१०।३ | १२५८०६५ | बिरेन्द्रमान श्रेष्ठको घरदेखि सडक कालोपत्रे उ स | जय नेपाल क्रसर उद्योग डुडुवाको बिल बिजक पेश नगरि ५४ वटा चलान पेश गरेको | ६८२३०० | ६८२३० | १०२३४ | ५७९९६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८७।२०७९।३।२४ | १९१६००० | ओपि चन्दको घरदेखि राना असइको घर तर्फ सडक कालोपत्रे उ स | जय नेपाल क्रसर उद्योग डुडुवाको बिल बिजक पेश नगरि ३२ वटा चलान पेश गरेको | ३२०६०० | ३२०६० | ४८०९ | २७२५१ |
| | | | राप्ति सप्लायर्स बाँकेले मू अ कर बिजक पेश नगरि पान बिल २५ वटा पेश | ३७९००० | ५६८५० | ५६८५ | ५११६५ |
| जम्मा | | | | | | | २०१७४० |

| | | | | |
|---|---|---|---|---|
| ८० | | | **जिलानि हातादेखि एम पि स्कुल सडक उपभोक्तालाइ बढि दररेटले भुक्तानि**<br><br>**वडा नं ७ पूँजिगततर्फ**<br><br>**जिलानि हातादेखि एम पि स्कुल रोड सम्म पि सि सि र ग्राभेल उ स लाइ बढि दररेट भुक्तानि :** यस वडाको जिलानि हातादेखि एम पि स्कुल रोड सम्म पि सि सि र ग्राभेल गर्न उपभोक्ताको योगदान ८ प्रतिशित समेत कुल लागत अनुमान रु १६३१८२०।०० भएकोमा सो लागत अनुमानमा ग्राभेल गर्ने काममा खोलाको गिट्टि प्रयोग हुने हुदाँ सो कामको लागि कम्प्याक्सन सहितको बेसको लागि खोलाको गिट्टिको प्रति घ मि ६८५।९३ को दररेट समाबेश गर्नुपर्नेमा रु ३८३८।८२ को दररेट समाबेश गरि लागत अनुमान बढि हुन गइ उपभोक्तालाइ बढी भुक्तानि हुन गएको पाइयो । उक्त निर्माण कामको प्राबिधिक मूल्यांकन रु १६२८६१६।०० भइ उपभोक्ताको योगदान कट्टा गरि गो भौ नं ४३।२०७८।१२।९ र गो भौ नं ६८।२०७९।३।८ बाट रु १४३६०८५।०० भुक्तानि भएकोमा उपभोक्ता समितिले पेश गरेको बिल भरपाइ अनुसार क्रसरमेड गिट्टि प्रयोग भएको पुष्टि नभएको एवम पालिकाबाट भएका अन्य सम्पूर्ण योजनाहरुमा खोलाको गिट्टि प्रयोग गर्ने गरि लागत अनुमान तथा निर्माण काम गरेको देखिएको कारण यस योजनामा क्रसरमेड गिट्टि प्रयोग गर्नुपर्ने आवाश्यकता समेत नदेखिएको कारण सो ग्राभेल गर्ने कामको लागि प्रति घ मि रु ३१५२।८९ को दरले बढि भुक्तानि हुन गइ ३८.८५ घ मि को उपभोक्ताको जनश्रमदान कट्टा गरि रु ११२६९०।०० भुक्तानि भएको असुल हुनुपर्ने रु........ | ११२,६९० |
| ८१ | | | **लोनियन टोल देखि सेतु बिक चोक सडक उपभोक्तालाइ बढी भुक्तानि**<br><br>**वडा नं २ पूँजिगत**<br><br>**लोनियन टोल देखि सेतु बिक चोक सडकमा नाला,माटो पटान र ग्राभेल :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन अनुसार उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने र नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन,बिल,भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने एवम योजनाहरुको कार्यान्वयन गर्दा दर बिश्लषण अनुसार लागत अनुमान तयार गरि सोहि दरबिश्लेषण अनुसार दक्ष तथा अदक्ष ज्यामि ज्याला र निर्माण सामाग्रिहरुको बिल बिजक उपभोक्ता समितिबाट पेश हुनुपर्ने व्यवस्था रहेको छ । वडाको लोनियन टोलमा राम कुमार कोरीको घरदेखि सेतु बि क चोक जोड्ने वाटोमा दुवैतर्फ नाला, माटो पटान र ग्राभेलको काम गर्न रु १९४१३३८।०० को लागत अनुमान तयार गरि रु १४२०२७२।०० को प्राबिधिक मूल्यांकन गरि गो भौ नं ५०।२०७९।७।१५ बाट रु १४२०२७२।०० भुक्तानि दिएको पाइयो । उपभोक्ता समितिले लागत अनुमान अनुसार निर्माण काम सम्पन्न नगरि निर्माण काम अधुरो राखेको. उपभोक्ता समितिबाट पेश भएका बिल भरपाहरुमध्ये केहि भरपाइमा रकम बुझ्ने तथा बुझाउनेको नाम ठेगाना एवम दस्तखत नभएको, रकम बुझाएको मिति र के काम वापत गरिएको भरपाइ हो नखुलेको भरपाइ रु ४२३००।०० समेत पेश गरेको आधारमा वडा कार्यालयले उपभोक्ता समितिलाइ भुक्तानि दिएको साथै उपभोक्ता समितिलाइ लागत अनुमानमा अब्बल इट्टाको दररेट समाबेश गरि इट्टाको रकम कायम गरेकोमा उपभोक्ताले पेश गरेको इट्टाको बिल मध्ये टुक्रा इट्टा ६ ट्रलि प्रति ट्रलि रु ६०००।०० को दरले रु ४०६००।०० बिजक पेश गरेकोले उपभोक्ता समितिले कम गुणस्तरको काम गराइ इट्टामा बढि भुक्तानि हुन गएकोले प्राबिधिक मूल्यांकनको परिमाण अनुसार इट्टामा बढि भुक्तानि भएको रकम यकिन गरि असुल गर्नुपर्दछ । साथै प्राबिधिक मूल्यांकन अनुसार पि सि सि १:२:४ को ५०.३७ घ.मि.को प्रति घ.मि. रु १०९८६।०० को दरले रु ५५३३६४।०० भुक्तानि भएकोमा उपभोक्ताले कोहलपुर आर.एम.सि.प्रा.लि.कोहलपुर बाँकेबाट ग्रेड रेडिमिक्स कंक्रिट ४२ घ.मि. रु ४४१०००।०० खरिद गरि प्रयोग गरेको देखिएकोले ८.३७ घ.मि. को प्रति घ.मि. रु | ९१,९५३ |

| | | | | |
|---|---|---|---|---|
| | | | १०९८६।०० को दरले रु ९१९५३।०० असुल हुनुपर्ने रु........ | |
| ८२ | | | **वडा नं १८ को बिभिन्न स्थानमा नाली तथा पि सि सि निर्माण**<br><br>**वडा कार्यालयहरुतर्फ**<br><br>**वडा नं १८ पूँजिगत**<br><br>**वडाको बिभिन्न ठाउँमा पि सि सि र नालि निर्माण : यस** वडाको बिभिन्न १३ स्थानमा सडक पि सि सि र नालि निर्माण गर्न रु ६०९९३५५।०० को लागत अनुमान तयार गरि मिति २०७८।८।९ मा सम्झौता गरे अनुसार निर्माण कामको प्राबिधिक मूल्यांकन रु ६०९७७०७।०० भइ गो भौ नं २१।२०७९।२।९ बाट रु ५९००१८५।०० र गो भौ नं ३३।२०७९।३।२४ बाट रु १९७५२२।०० गरि जम्मा रु ६०९७७०७।०० भुक्तानि दिएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।<br><br>(१) **उपभोक्ता समिति गठन** M— सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ एवम सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायहरु उपस्थित भई आम भेला गराई सो भेलाबाट उपभोक्तता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा यस योजनाको उपभोक्ता समिति गठन गर्न मिति २०७८।८।३ गते आम भेला गरि पेश भएको माइन्यूटमा उपस्थित ३० जना लाभग्रहिहरुको वडा नं तथा टोल र सम्पर्क फोन नंम्बर उल्लेख नभएको तथा वडाको १३ वटा छुट्टाछुट्टै स्थानको लागि एउटै उपभोक्ता समिति गठन गरि निर्माण काम गर्नुको कारण स्पष्ट नहुनुको साथै उपभोक्ता समिति गठनको प्रकृया कानूनमा तोकेको प्रावधान बमोजिम रहेको देखिएन । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ७ मा उपभोक्ता समितिहरुले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफूले गरेको काम कारबाहिको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा नियममा भएको व्यवस्था बमोजिम गरेको पाइएन ।<br><br>(२) **प्राबिधिक मूल्यांकन र बिल भरपाइ बिच फरक** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने र नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन,बिल,भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने एवम योजनाहरुको कार्यान्वयन गर्दा दर बिश्लेषण अनुसार लागत अनुमान तयार गरि सोहि दरबिश्लेषण अनुसार दक्ष तथा अदक्ष ज्यामि ज्याला र निर्माण सामाग्रिहरुको बिल बिजक उपभोक्ता समितिबाट पेश हुनुपर्ने व्यवस्था रहेको छ । प्राबिधिक मूल्यांकन अनुसार दक्ष १६९३ र अदक्ष ३८८२ कामदारको क्रमश रु ८४०।०० र ५९०।०० ले ज्यामि ज्याला वापत रु ३७१२५००।०० को डोर हाजिर पेश गर्नुपर्नेमा उपभोक्ता समितिले रु १५१८८७०।०० मात्र ज्याला भुक्तानि दिएको डोर हाजिर पेश गरि रु २१९४२२०।०० पेश भएको कारण निर्माण काम कामदारहरु प्रयोग गरि भयो वा मेशिन प्रयोग भए नभएको यकिन हुन नसक्नुको साथै प्राबिधिक मूल्यांकन अनुसरा बिल भरपाइ पेश नहुदाँ निर्माण काम तोकिएको गुणस्तर र परिमाण अनुसार निर्माण सम्पन्न भएको छ भन्न सकिने आधार भएन । यस सम्बन्धमा पालिकाले यकिन गरि बास्तबिकता के भएको हो स्पष्ट गर्नुपर्ने देखिन्छ । | |
| ८३ | | | **धम्बोजी उपभोक्ता समितिबाट आकस्मिक माटो पटान तथा ग्राभेल सम्बन्धमा**<br><br>**वडा नं १ पूँजिगत**<br><br>**धम्बोजी उपभोक्ता समितिबाट आकस्मिक माटो पटान तथा ग्राभेल :यस वडा अन्तर्गत बिभिन्न स्थानमा आकस्मिक माटो पटान र ग्राभेलको काम धम्बोजी उपभोक्ता समितिबाट गराउन रु १०२४१४३।०० को लागत अनुमान तयार गरि सो समितिले निर्माण काम गरि उक्त काम वापत प्राबिधिक मूल्यांकन रु १०११५६२।०० भए अनुसार वडा कार्यालयले गो** | १,०११,५६२ |

| | | | | |
|---|---|---|---|---|
| | | | **भौ नं ५०।२०७८।१२।९ बाट रु १०११५६२।०० उपभोक्तालाइ भुक्तानि दिएकोमा देहाय अनुसार पाइयो ।**<br><br>(१) **उपभोक्ता गठन सम्बन्धमा :यस** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ एवम सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायहरु उपस्थित भई आम भेला गराई सो भेलाबाट उपभोक्तता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा यस योजनाको उपभोक्ता समिति गठन गर्न मिति २०७८।५।२७ गते आम भेला गरि पेश भएको माइन्यूटमा उपस्थित २४ जना लाभग्रहिहरुको वडा नं तथा टोल र सम्पर्क फोन नंम्बर उल्लेख नभएको, सो भेलाले ७ सदस्य चयन गरेको भएपनि अधयक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष चयन नगरेकोमा वडासँग भएको सम्झौता लगायतको काममा रुपा अधिकारी उपभोक्ता समितिको अध्यक्ष, सरिता खड्का जि सि सचिब र मिना बस्नेत कोषाध्यक्षको रुपमा काम गरेको पाइएकोले निजहरुले उपभोक्ता समितिको पदाधिकारीको हैसियतमा गरेको काम बैधानिक रुपमा भएको पाइएन ।<br><br>(२) **एउटैउपभोक्ता समितिबाट काम गराएको :यस** वडाको एउटा स्थानमा माटो पटान र २८ स्थानमा ग्राभेल गरि बिभिन्न २९ स्थानमा निर्माणको काम गरि धम्बोजी उपभोक्ता समितिलाइ गो भौ नं ५०।२०७८।१२।९ बाट रु १०११५६२।०० भुक्तानि दिएकोमा बिभिन्न २९ स्थानको लागि छुट्टाछुट्टै सम्बन्धित स्थानका लाभग्राहिको भेलाबाट उपभोक्ता समिति गठन गरि निर्माण काम गराउनुपर्नेमा २९ स्थानको लागि एउटै उपभोक्ता समितिबाट गराएको एवम नगरस्तरिय अनुगमन समितिबाट सो योजनाको अनुगमन गर्नुपर्नेमा सो समितिबाट अनुगमन गरेको प्रतिबेदन बिना भुक्तानि भएकोले कानूनमा तोकेको प्रावधान बमोजिम देखिएन ।<br><br>(३) **उपभोक्ता समितिले आफैं काम नगरि अरुबाट गराएको :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा अन्यबाट गराउन नमिल्ने तथा कुनै कारणबश समितिले आफैंले सम्झौतामा तोकिएको समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा पालिकाले समितिसँग भएको सम्झौता तोडी बाँकि काम यस ऐन र नियमावली बमोजिम प्रतिस्पर्धाबाट गराउनुपर्ने बाध्यत्मक व्यवस्था गरेको छ । पुष्ट्याइ सहित र प्रमायस वडा अन्तर्गत बिभिन्न स्थानमा आकस्मिक माटो पटान र ग्राभेलको काम गर्न रु १०२४१४३।०० को लागत अनुमान तयार गरि धम्बोजी उपभोक्ता समितिबाट निर्माण काम गराइ सो कामको प्राबिधिक मूल्यांकन रु १०११५६२।०० भए अनुसार वडा कार्यालयले गो भौ नं ५०।२०७८।१२।९ बाट रु १०११५६२।०० उपभोक्तालाइ भुक्तानि दिएको देखियो । उक्त काम उपभोक्ता समितिले नियममा व्यवस्था भए मुताबिक आफैं नगरि वडा नं १ बस्ने रमेश कुमार गुप्ताले माटो पटान र ग्राभेल काम गरि उपभोक्ता समितिको अध्यक्ष रुपा अधिकारीबाट रु १०१८२०१।०० बुझिलिएको सामान्य भरपाइ गरेको र सो भरपाइमा रकम बुझिलिएको मिति नलेखिएको,भरपाइमा काम गरेको अवधि, सो काममा लागेको ज्यामी, माटोको परिमाण,ग्राभेलको परिमाण तथा दर लगायतका व्यहोरा नखुलाउनुको साथै उपभोक्ताले काम गर्ने व्यक्ति रमेश कुमार गुप्तालाइ रकम बुझाएको सामान्य भरपाइ बाहेक अन्य सो काममा प्रयोग भएको निर्माण सामाग्रि खरिद गरेको बिल बिजक, डोर हाजिर लगायतका प्रमाण पेश गरेको छैन । उक्त निर्माण कामको भुक्तानिको लागि सम्बन्धित शिर्षकमा बजेट नभएको कारण वडा समितिको मिति २०७८।६।२० मा बजेट प्राप्त भएपछि सुत्रमा प्रबिष्टि गर्ने गरि बजेट भएको जुनसुकै शिर्षकबाट म्यानुअलि चेक काटि भुक्तानि दिने निर्णयानुसार वडा कार्यालयले गो भौ नं ५०।२०७८।१२।९ बाट रु १०११५६२।०० भुक्तानि दिएकोमा नियममा भएको व्यवस्था बिपरित उपभोक्ता समितिले आफुले पाएको काम आफैं नगरि एक जना व्यक्ति मार्फत गराएको सामान्य भरपाइ पेश गरेकोले यसरि भुक्तानि दिनुको कारण र ण सहित नियमित गर्नुपर्ने रु.......... | |
| ८४ | | | **उठ्न बाँकी रकम**<br><br>उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सटर तथा अन्य ठेक्काबाट हाल सम्मको उठ्न बाँकी रकमको अद्यावधिक हिसाव पेश नभएको र यस आर्थिक बर्षमा उठ्नु पर्ने रकम देहाय बमोजिम रहेको छ। | |
| ८४.१ | | | उठ्न बाँकी रोयल्टी- नेपालगंज उप महानगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ बमोजिम विज्ञापन सामाग्रीको रेखदेख,सञ्चालन तथा मर्मत सम्भार वापतको रोयल्टी रकम उठाउनु पर्ने व्यबस्था रहेको छ । उपमहानगरपालिकाले निजी साझेदारीको अबधारणा अनुसार विधुतिय डिजिटल बोर्ड,ट्राफिक आईल्याण्ड,सोलार पोल यात्रु प्रतिक्षालय आदिमा विज्ञापन सामाग्री राखी रेखदेख,सञ्चालन तथा मर्मत सम्भार वापत बार्षिक रु.५२६३००।– बुझाउने गरी १० बर्षको लागि मिति २०७५।०८।१२ मा एपेक्स नेपाल प्रा.लि.सँग सम्झौता गरेकोमा उक्त ठेक्का सम्बन्धि फाईल | ५२६,३०० |

| | | | | |
|---|---|---|---|---|
| | | | पेश नभएकोले हाल सम्म उक्त कम्पनिसँग हाल सम्म लिनु पर्ने रोयल्टी के कति रहेको छ सो को विवरण पेश हुन आएन । पालिकाले निजसँग लिनु पर्ने पुरानो रोयल्टी रकम एकिन गरी अशुल गर्नु पर्दछ । प्राप्त विवरण अनुसार यो बर्षमा रु.५२६३००।- रोयल्टी रकम नबुझाएकोले अशुल हुनु पर्ने देखिएको रु.५२६३०० | |
| ८४.२ | | | उठ्न बाँकी रकम - उपमहानगरपालिकालाई प्राप्त हुने आम्दानी रकम समयमा नै उठाई आम्दानी र समयमा दाखिला गरेको हुनु पर्दछ । उपमहानगरपालिकाले गत विगत बर्षको र यस आर्थिक बर्षको उठ्नु पर्ने राजस्व तथा आम्दानीको विवरण माग गरिएकोमा गत विगत बर्षको उठ्नु पर्ने बाँकी राजस्व तथा आयको विवरण पेश हुन नआएकोले उठ्नबाँकी आम्दानी कति रहेको भन्ने सम्बन्धमा एकिन गर्न सकिएन । पालिकाले दिएको विवरण अनुसार आर्थिक बर्ष ०७८।७९ मा नगनरपालिकाले देहायको सप्लायर्स एवं व्यक्तीबाट रु.१००८८५३५।- उठाउन बाँकी देखिएकोले बाँकी रकम उठाउन पहल गरी आम्दानी र दाखिला गर्नु पर्ने देखिएको । साथै पालिकाबाट हाल सम्मको उठ्न बाँको रकम एकिन गरी आम्दानी र खर्चको हिसाव दुरुस्त राख्नु पर्ने देखिन्छ । | १०,०६८,५३५ |

| सि.नं. | नाम | वापत | आ.ब. ०७८।७९ को उठाउन बाँकी रकम |
|---|---|---|---|
| १ | शिवशक्ती जनरल एण्ड अर्डर सप्लायर्स | नेपालगंज बसपार्क सञ्चालन तथा व्यबस्थापन र नगर बस सञ्चालन | ९७००४४० |
| २ | क्लिनर्स कन्सर्न सर्भिस | सार्वजनिक शौचालय सञ्चालन | ५०७५५ |
| ३ | जानकी खत्री सटर नं.५३ | सटरभाडा | १२८२६० |
| ४ | ओवराज आचार्य | सटरभाडा सटर नं. ३० | १६५००० |
| ५ | रवी कुमार पाण्डे | सटरभाडा सटर नं. ६ | ८००० |
| ६ | कविता रस्तोगी | सटरभाडा सटर नं. ८ र ९ | १६०८० |
| | जम्मा | | १००८८५३५ |

| | | | | |
|---|---|---|---|---|
| ८५ | | | **प्रतिस्पर्धा बेगर ठेक्का लगाएको** | |
| ८५.१ | | | विना प्रतिस्पर्धा सटर भाडा- रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन,२०२० तथा नियमहरु,२०२२ मा सरकारी सम्पत्ती भाडामा लगाउदा टेण्डर आमन्त्रित गर्ने वा बढाबढ वा घटाघट गराउने व्यबस्था रहेको छ । उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका बसपार्कमा रहेका ६६ वटा ,सल्यानीमा रहेका २९ वटा र उपमहानगरपालिकाको गेटसँगै रहेका ३६ वटा र गोसाईगाउमा रहेका ९ वटा सटर सहित विभिन्न १४० वटा सटरहरु मध्ये ९७ वटा सटरहरु विभिन्न व्यक्तीलाई प्रतिस्पर्धा नगराई नगरकार्यपालिकाको निर्णयानुसार २०७८।०९।०१ देखि लागू हुने गरि पहिले कायम रहेको भाडामा बृद्दि गरी प्रति सटर न्यूनतम मासिक रु.२०००।– देखि अधिकतम रु.१४४७९।- सम्झैताको आधारमा भाडामा लगाएर यो बर्ष रु.९७९२९५५।– आम्दानी गरेको पाईयो । उपमहानगरपालिकाले बजार भाडा विश्लेषण गरी खुला प्रतिस्पर्धा विधि अबलम्बन गरेर आफ्नो आन्तरिक आय बृद्दी गर्नको लागि प्रतिस्पर्धाको माध्यमद्वारा सटर भाडा लगाउने तर्फ उपमहानगरपालिकाको ध्यान जानु पर्दछ । | |
| ८५.२ | | | विना प्रतिस्पर्धा विज्ञापन ठेक्का कर -रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन,२०२० तथा नियमहरु,२०२२ मा सरकारी सम्पत्ती भाडामा लगाउदा टेण्डर आमन्त्रित गर्ने वा बढाबढ वा घटाघट गराउने व्यबस्था रहेको छ । साथै नेपालगंज उप महानगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ मा प्रतिस्पर्धाको आधारमा न्यूनतम लागत अनुमान तयार गरी बढाबढको माध्यमद्वारा ठेक्का लगाउनु पर्ने व्यबस्था रहेको छ । उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका विभिन्न सोलार पोलहरुमा विज्ञापन सामाग्रीहरु राख्ने कार्यको लागि नगरकार्यपालिकाको मित २०७८।०४।१८ को निर्णयानुसार मिति २०७८।०५।०१ देखि लागू हुने गरी बार्षिक रु.६८४००।– मा बुझाउने गरि लक्ष्मी मिडिया प्रिन्टर्ससँग २०७८।०४।३१ गते पाँच बर्षको लागि विना प्रतिस्पर्धा सोझै सम्झैताको | |

आधारमा भाडामा लगाएर यो बर्ष रु.६८४००।–आम्दानी गरेको पाईयो। उपमहानगरपालिकाले बजार भाडा विश्लेषण गरी खुला प्रतिस्पर्धा विधि अबलम्बन गरेर आफ्नो आन्तारिक श्रोत बृद्दी गर्नको लागि प्रतिस्पर्धाको माध्यमद्वारा विज्ञापन सामाग्रीहरु लगाउने र आन्तरीक आय बढाउने तर्फ उपमहानगरपालिकाको ध्यान जानु पर्दछ।

८६ **राजश्वको अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सो को पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन यकीन गर्न सकिएन। कार्यालयबाट सबै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो।

८७ **राजश्व ढिला दाखिला**

लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३(२)(३) बमोजिम सरकारी कारोबार गर्ने स्वीकृत प्राप्त बैंकमा जम्मा हुन आएको राजश्व सोही दिन संचित कोषमा दाखिला गर्नु पर्दछ। कुनै काबु बाहिरको परिस्थिती परी सोही दिन दाखिला हुन नसकेमा सोको भोलिपल्ट संचित कोषमा दाखिला गर्नु पर्ने देखिन्छ।साथै सोही ऐन अनुसार समयमा राजश्व दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तर्गतका राजश्व असुली तथा दाखिलाको विवरण अनुसार लेखा परिक्षण गरिएकोमा पालिका र वडा कार्यालयहरुले प्राप्त गरेको राजश्व रकम ऐन भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको देखिएन। कार्यालयबाट भएको आम्दनी रकम सबैजसो जिम्मेवार कर्मचारीहरुले महिनामा एक पटक सम्बन्धित राजश्व खातामा जम्मा गरेको देखियो। कार्यालयले सम्पूर्ण वडा कार्यलयले वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरि राजश्व रकम र बैंक दाखिला गरेको विवरणमा भिडान गर्न कार्यमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ। नमुना छनौटमा देहाय अनुसार राजश्व ढिला दाखिला गरेको देखिएको र अन्य वडाहरुमा पनि त्यसतै राजश्व ढिला दाखिला हुन सक्ने भएकाले कार्यालयले यकिन गरी ढिला दाखिला गर्ने पदाधिकारीबाट १० प्रतिशत जरिवाना असुल गर्नु पर्दछ।

| वडा नं. | जिम्मेवार पदाधिकारीको नाम | वार्षिक राजश्व असुली | बैक दाखिला | ढिला दाखिला रकम |
|---|---|---|---|---|
| २ | खेमराज सुवेदी | २७०९६४१ | २७०९६४१ | २१८६०२ |
| ३ | यमुना थापा | ६३५६८८ | ६३५६८९ | २३८८४४ |
| ४ | राजकुमारी कार्की | ३२५७९०३ | ३२६०१३८ | ३८६९४१ |
| ५ | इन्द्र बहादुर के.सी. | ८०८२३४ | ८०८२३६ | ३१५९० |
| ६ | उमेशकुमार वर्मा र<br>भक्त बहादुर खत्री | १५९१०१९ | १५९१०७६ | ५५१८५१ |
| ८ | शान्ता घर्ति | ७०४५४२ | ७०४५६० | २०५८९५ |
| ९ | मखन राज गिरी | ११२७५३० | ११२७५३० | २४०८० |
| १२ | केदार प्रसाद अधिकारी | १९५११०० | १९५११०० | ८१८८८ |

| | | | | |
|---|---|---|---|---|
| १३ | रामकुमार पौडेल | २४०६५९७ | २४०६५९७ | १०१७० |
| १५ | शोभा भण्डारी | ६८६८७६ | ६८६८७७ | ४३५९९५ |
| १६ | विबेककुमार वर्मा र साविर | ६५१९४९ | ६५१९५० | ३९९३५८ |
| १७ | शुक्लाल घर्ति | २८२५६५३ | २८२५६५३ | ८४२८३५ |
| १८ | उपमन्यू त्रिपाठी | ६३२५६१३ | ६३२५६१३ | २१०८४६९ |
| २१ | चित्राकुमारी पुन र जानकी बुढा मगर | १२४६८८८ | १२४६८८९ | ४६७०६६ |
| २२ | केशव बेल्वासे र हरि ब. शाही | ८६०३७४ | ८६०३७४ | २२७७०७ |
| | जम्मा | २६५४२७१९ | २६५४५०३४ | ६२३१२९१ |

८८ | ५३५ | २०७८-९-३० | ६१४,२५०

**स्वास्थ्य बीमा**

स्वास्थ्य बीमाः निजामती सेवाका कर्मचारीहरुले निजामती सेवा नियमावली, २०५० को परिच्छेद ११ र १२ मा उल्लेख भएका सेवा सुविधामात्र लिन पाउने व्यवस्था गरेको छ। त्यस्तै लुम्विनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ दफा १४ (२) अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ। पालिकाले नगरसभाबाट बजेट विनियोनज गरी यस वर्ष जनप्रतिनिधि कर्मचारी एवम् महिला स्वास्थ्य स्वयंसेविकाको स्वास्थ्य बीमा शीर्षकमा रु ६१४२५०।०० खर्च लेखेको छ। कानुनले तोकेको सुविधा बाहेक गरिएको भुक्तानी कानुनसंगत देखिएन।

८९ | ९०७,१२८

**जनप्रतिनिधि उद्धार उपचार कोष**

लुम्विनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ दफा १४ (२) अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ। पालिकाले नेपालगञ्ज उपमहानगरपालिकाका जनप्रतिनिधिहरुको बीमा औषधि उपचार तथा सुविधासम्वन्धी कार्यविधि निर्माण गरी जनप्रतिनिधिहरुको उपचारार्थ देहायबमोजिम भुक्तानी गरेको देहायबमोजिमको रकम कानुनसंमत देखिएन।

| गो भौ नं।मिति | व्यहोरा | रकम |
|---|---|---|
| ९६२/ २०७८/१२/२२ | जनप्रतिनिधि उद्धार उपचार कोष स्थापना | ४४७२७ |
| १५८५/ २०७९/१२/२३ | जनप्रतिनिधि उद्धार उपचार कोष स्थापना | ८६२४०१ |
| जम्मा | | ९०७१२८ |

९० | **वडा नं. २२**

<table>
<tr><td>९०.१</td><td></td><td></td><td>गैर सहकारी संस्था मार्फत कार्य - ९०-०७८/१२/१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। साथै, सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य मात्र गैर सहकारी संस्थाबाट गराउन सकिने व्यवस्था छ। तर कार्यालयको आफ्नै कर्मचारीबाट हुन सक्ने निम्न बमोजिमको काम गैर सहकारी संस्थाबाट गराएकोमा देहाय बमोजिमको कैफियत देखिन्छः-<br><br>
<table>
<tr><th>गौ.भौ.नं./मिति</th><th>कार्यक्रम</th><th>गै.स.सं.को नाम</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>६८-०७८/११/१८</td><td>महिलालाई जनचेतना कार्यक्रम</td><td>कोपिला महिला कृषि सहकारी संस्था लि.</td><td>१५००००</td><td>आफ्नै कर्मचारीबाट हुन सक्ने</td></tr>
<tr><td>७२-०७८/१२/२</td><td>बालबालिका क्षमता अभिबृति कार्यक्रम</td><td>सभ्य समाज नेपाल</td><td>६००००</td><td>आफ्नै कर्मचारीबाट हुन सक्ने</td></tr>
</table></td><td></td></tr>
<tr><td>९०.२</td><td>११२</td><td>२०७९-३-९</td><td>विधालयलाई ल्यापटप खरिदः-आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) बमोजिम सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्दछ। तर वडा कार्यालयले श्री आधारभुत विधालय पुरैनीलाई ल्यापटप खरिद गरी जिन्सी दाखिला समेत नगरी सोझै विधालयमा दाखिला गरेको प्रमाण पेश गरेको देखिन्छ। यसरी वडा कार्यालयले श्री आ.वि.पुरैनीलाई ल्यापटप खरिद गरेर दिएको आधार देखिएन।</td><td></td></tr>
<tr><td>९१</td><td>१५२०</td><td>२०७९-३-२१</td><td>कार्यक्रममा दोहोरोपन<br><br>नगरकार्यपालिका सदस्यहरुद्वारा सञ्चालित आयआर्जन सम्वन्धी सामग्री खरिद तथा वितरण कार्यक्रम अन्तरगत २० सेट हेण्डपम्प तथा २० सेट पानि तान्ने मोटर रु ३९०८००।०० रकममा खरिद गरी वितरण गरेको देखियो। विपन्न वर्ग कृषक एवम् लाभग्राही समुहमा सञ्चालन गरिने यस्ता कार्यक्रमहरु अन्य निकायहरु जस्तै कृषि ज्ञान केन्द्र जलस्रोत तथा सिंचाई विकास डिभिजन लगायतका कार्यालयहरुबाट समेत सञ्चालन हुन सक्ने देखिन्छ। विभिन्न निकायबाट सञ्चालन हुन सक्ने यस प्रकृतिका कार्यक्रमहरु सम्वन्धित निकायहरुबीच उचित समन्वय संचार एवम् सहकार्यमा हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९२</td><td>१५८४</td><td>२०७९-३-२४</td><td>कर्मचारी उपचार कोष<br><br>कर्मचारी उपचार कोषः निजामती सेवाका कर्मचारीहरुले निजामती सेवा नियमावली, २०५० को परिच्छेद ११ र १२ मा उल्लेख भएका सेवा सुविधामात्र लिन पाउने व्यवस्था गरेको छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व सम्बन्धी ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले कर्मचारी उपचार कोष स्थापनार्थ विविध कोषमा रु ५०००००।०० रकम जम्मा गरेको छ।</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>गैरसरकारी संस्थामार्फत कार्य<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम सवलीकरण मुलप्रवाहिकरण जस्ता कार्य गैरसरकारी संस्थामार्फत गराँउदा छिटोछरितो मितव्ययी र प्रभावकारी हुने भएमा तोकिए बमोजिम प्रक्रिया अपनाई गराउन सकिने उल्लेख छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले उपमहानगरभित्रका मुख्य सडक सरसफाई कार्यका लागि श्री न्यु बागेश्वरी सरसफाई एण्ड सर्भिसेज प्रा लि संग वार्षिक रु ६२४२८००।०० भुक्तानी गर्नेगरी सम्झौता गरी मासिक रुपमा रु ५२०२३३।०० का दरले भुक्तानी गरेको छ। पालिकाले नगर सरसफाई सम्वन्धी कार्य दैनिक ज्यालादारीमा सोझौ सम्वन्धित पक्षसंग सम्झौता गरी मितव्ययी ढङ्गबाट गर्नुपर्नेमा नाफामुलक गैरसरकारी संस्थासंग सम्झौता गरी कार्यसञ्चालन गरिएको कार्य नियमसंगत देखिएन।</td><td>६,२४२,८००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ९४ | | | **वडा नं २** | |
| ९४.१ | | | पदाधिकारी अन्य सुविधा – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको भन्दा बढी हुने गरी पादाधिकारी सुविधा दिन मिल्ने देखिदैन । पालिकाको वडा नं २ का वडा अध्यक्ष सुनिल सिँह हमालले अतिथि सत्कार तथा चियापान शीर्षकमा श्रावणदेखि पौषसम्म रु ६००००।०० मा करकट्टी गरी रु ५९१००।०० भुक्तानी लिएको देखियो ।सोही शिर्षकमा मासिक रुपमा सुविधा लिइदै आएकोमा दोहोरो भुक्तानी भएकोले असुल हुनुपर्ने रु | ५९,१०० |
| ९४.२ | | | गै.स.सं. मार्फत कार्य (हेल्प डेस्क) - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धि तालिम, सबलिकरण, मुल प्रवाहिकरण जस्ता कार्य गैर सरकारी संस्था मार्फत गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई गराउन सकिने उल्लेख छ । वडाले गर्ने नियमित कार्यमा समेत वागेश्वरी असल शासन क्लब ( बास ) संग सम्झौता गरी रु ३५००००।०० हेल्प डेस्क संचालनमा खर्च लेखेको छ । कार्यालयको उपलब्ध जनशक्ति गर्ने कार्यमा गैर सरकारी संस्थासँग सम्झौता गरी हेल्प डेस्क संचालनको खर्च लेखेको उचित नदेखिएको रु | ३५०,००० |
| ९५ | | | **नगरपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रम**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व सम्बन्धी ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाई सरकारी कार्यका लागि मात्र खर्च गर्नुपर्दछ । पालिकाले नगरकार्यपालिकको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमहरु शीर्षकबाट कुल रु ४७२६२३५।८१ खर्च लेखेको छ । उक्त शीर्षकबाट पालिकाले आर्थिक सहयोग पत्रिकालाई विज्ञापन सुचना छपाई काञ्जीहाउसलाई सहयोग राप्रपा जिल्ला कार्यसमितिलाई आमसभा आर्थिक सहयोग लगायतका क्रियाकलापमा समेत भुक्तानी भएकाले यस्ता वितरणमुखि खर्च गर्दा खर्च आवश्यकता पहिचान गरी स्रोतको मितव्ययी ढङ्गबाट गर्नुपर्दछ । | |
| ९६ | | | **वडा नं १९** | |
| ९६.१ | ६ | २०७८-६-११ | गत बर्षको दायित्व - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । वडा कार्यालयले खेल्दै सिक्दै केन्द्रका शिक्षिकालाई गत आवको बाँकी तलव रु २६०००।०० यस आ.व.मा भुक्तानी गरेको देखिन्छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| ९६.२ | ८२ | २०७८-११-५ | नाफामूलक संस्थालाई अनुदान – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । वडाले राधाकृष्ण कृषि सहकारी संस्थाको लागि कम्प्युटर डेस्कटप १ सेट र प्रिन्टर १ सेट खरिद गरी रु ८५०००।०० बराबरको वितरण गरेको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेवा हुने सुनिश्चित छैन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ९७ | | | **वडा नं ३** | |
| ९७.१ | १२२ | २०७९-३-२४ | भरपाई पेश नभएकोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली, २०७७ को दफा ३९.५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण वा कागजात संलग्न हुनुपर्दछ । वडाले गरिव तथा विपन्न परिवारलाई सिलाई मेसिन वितरण कार्यक्रम अन्तरगत ४५ सेट सिलाई मेसिन खरिद गरी प्रमोद सिलाई मेसिन इम्पोरियमलाई रु ४९०७०२।०० भुक्तानी गरेकोमा सामग्री वितरणको भरपाई संलग्न नगरेको तथा वितरणको अनुगमन गरी कार्यसम्पन्न प्रतिवेदन समेत पेश नभएकोले लाभग्राहीले सिलाई मेसिन प्राप्त गरेनगरेको यकिन गर्न नसकिएको रकम रु | ४९०,७०२ |

| | | | | |
|---|---|---|---|---|
| ९७.२ | | | कर्मचारी प्रोत्साहन तथा पुरस्कार स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।वडाले अतिरिक्त क्रियाकलाप समयावधि भत्ता शीर्षकमा बजेट विनियोजन गरी वडा अन्तरगतका कर्मचारीहरु विमला बराल र यमुना थापालाई रु २१०००।०० का दरले ४२०००।०० भुक्तानी गरेको रकम नियमसंगत देखिएन। | ४२,००० |
| ९८ | ४९ | २०७८-१२-२२ | **वडां नं १८**<br><br>आवश्यकभन्दा बढी परिमाणमा साम्रगी खरिद: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) बमोजिम सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्दछ ।वडाले जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तरगत जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई ६०० थान ब्लाङ्केट खरिद गरी ५०५ थान मात्र वितरण गरेको पाईयो ।कार्यालयले आवश्यकता र औचित्यताका आधारमा बजेटको सीमाभित्र रहि उचित परिमाण खरिद गरी स्रोतको उपयोग गर्नुपर्दछ। | |
| ९९ | १५५२ | २०७९-३-२३ | **सवारी मर्मत**<br><br>सवारी मर्मतः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व सम्बन्धी ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ। सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाई सरकारी कार्यका लागि मात्र खर्च गर्नुपर्दछ। पालिकाले भे१च २३७६ नम्वर प्लेटको गाडी मर्मतमा वापत रु ४९७८९९।०० खर्च लेखेको छ। कार्यालयले सवारी साधन मर्मत मितव्ययी ढङ्गबाट बढी आर्थिक भार नपर्ने गरी गर्नुपर्दछ। | |
| १०० | | | **खर्चमा मितव्ययीता हुनु पर्ने**<br><br>खर्च नियन्त्रण- उपमहानगरपालिकामा रहेका वडा कार्यालयहरुले सञ्चार ,सवारी साधन मर्मत,ईन्धन, सरसफाई,सडक बत्ती,अनुगमन भत्ता लगायतका खर्च शिर्षकमा बजेट विनियोजन गरि अत्यधिक खर्च गरेको पाईयो। सञ्चार खर्चमा वडाको नाममा मोबाईल सेट खरिद गरि रिचार्ज कार्ड खरिद हुने गरेको, सवारी साधन मर्मत गर्दा सवारी साधन मर्मतको मर्मत अभिलेख राख्ने नगरेको, प्राय मोटरसाईकल हुने सबै कर्मचारीले ईन्धन खरिदको सोधभर्ना लिने गरिएको, गैर सरकारी संस्था तथा ज्यालादारीमा सरसफाई कार्यमा खर्च गरेको ,सडकमा रहेको बत्ती व्यबस्थापनको लागि भनि बल्भ लगायतका विजुलीका सामाग्रि खरिद हुने गरेको तथा कतिपय वडामा योजनाको अनुगमन गरेको भनि अनुगमन भत्ता समेत भुक्तानी हुने गरेको पाईयो। वडा कार्यालयको आन्तरिक आय न्यून रहेको अबस्थामा यस्ता प्रकृतीका खर्चमा नियन्त्रण हुनु पर्दछ। प्राप्त खर्च विवरण अनुसार यस बर्ष वडा कार्यालयहरुले सञ्चार खर्च वापत रु.१५६००८९।-,सवारी साधन मर्मतमा रु.२०५६०६८।-, ईन्धनमा रु. ४०१९५००।-, सरसफाईमा रु.९७९०६२६।-, अन्य सेवा शुल्कमा रु.१९४५७२०।-, सडक बत्तीमा रु. ९२१२८०४।– तथा अनुगमन भत्तामा रु.७४६४००।– भुक्तानी खर्च लेखेका छन। महानगरपालिकाले वडा कार्यालयको आवस्यकताको आधारमा यी खर्च शिर्षकमा बजेट विनियोजन गरि उपमहानगरपालिकाबाट खर्चको नियमित अनुगमन गरिनु पर्दछ। साथै वडा कार्यालयहरुले यी खर्चमा नियन्त्रण गर्नु जरुरी देखिन्छ। | |
| १०१ | | | **मर्मत अभिलेख र सवारी लगबुक नराखेको**<br><br>मर्मत अभिलेख र सवारी लगबुक – आर्थिककार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा मेसिनरी सामान मर्मत गर्दा मर्मत अभिलेख राख्नु पर्ने तथा सामानको संरक्षण गर्नु पर्ने व्यबस्था रहेको छ। उपमहानगरपालिकाले आफुसंग भएका गाडी लगायतका सवारी साधन मर्मत गर्दा मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता राख्ने गरेको पाईएन। मर्मत अभिलेख नराख्नाले कुन कुन सवारी साधन कुन मितिमा मर्मत गरि बार्षिक कति रकम खर्च भयो एकिन हुन नसक्ने अबस्था रहन्छ। साथै पालिकाले सवारी साधनमा ईन्धन प्रयोग गरे वापत सो को लगबुक राखेको पाईएन ।सवारी लगबुक अभिलेख नराख्नाले कुन सवारी साधनमा बार्षिक कति परिमाण ईन्धन खपत भयो एकिन गर्न नसकिने अबस्था रहन्छ। यस बर्ष पालिकाले सवारी साधन मर्मत वापत रु.३५७५३४४।– र ईन्धन वापत रु.४९३८५५४।– भुक्तानी खर्च लेखेको छ। पालिकाले सवारी साधन मर्मत तथा लगबुक अभिलेख राखि खर्चमा नियन्त्रण गर्नु पर्दछ। | |

| | | | | |
|---|---|---|---|---|
| १०२ | | | **अभिलेख अद्यावधिक नराखेको** | |
| १०२.१ | | | ठेक्का अभिलेख - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म०ले०प०फा०नं०५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ। | |
| १०२.२ | | | खरिद कारवाही अभिलेख – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। पालिकाले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ। | |
| १०३ | | | **मंगल प्रसाद मा.वि.मुना विद्यालय निर्माण**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) अनुसार करारका सर्त वमोजिम प्राविधिक नापजाँचा गरी नापी कितावमा उल्लेखको वास्तविक कार्य सम्पादनको आधारमा भूक्तानी दिन पर्ने उल्लेख छ । नगरपालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको नमुना विद्यालय भवन निर्माण अन्तर्गत मंगलप्रसाद मा.वि.नेपालगंज-८ बाँकेको १२ कोठे भवन निर्माणमा विनियोजित भएको बजेट शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमिको च.नं.२२५ मिति २०७९।३।१७ को पत्रानुसार सम्बन्धित विद्यालयलाई नै जिम्मेवार बनाई कार्य प्रगतीको आधारमा निर्माण कार्यको रकम भुक्तानी हुने गरी विद्यालय व्यबस्थापन समितिको खातामा भौ.नं. १३।०७८।१२।१४ बाट रु.३५०००००।– र भौ.नं. ४७।०७९।०३।२४ बाट रु.११५०००००। समेत रु. १५००००००।- निकाशा गरेकोमा देखिएका व्यहोरा निम्न छन् - | |
| १०३.१ | | | कार्य सम्पन्न प्रतिवेदन- विद्यालय ब्यवस्थापन समितिले उक्त भवन निर्माणको लागि निर्माण व्यबसायी झ्यारी निर्माण सेवा पिना ४ मुगुसँग मिति २०७९।३।२५ भित्र निर्माण कार्य सक्ने गरी २०७८।१२।०६ मा रु.११६७४३१०।१४ को सम्झौता गरेकोमा यस आर्थिक बर्षमा निर्माण कार्य सम्पन्न हुन नसकेको कारणले उक्त विद्यालयमा भएको रु.१५००००००।– रकम रोक्का राखेको छ । नगरपालिका र विद्यालय व्यबस्थापन समितिले समयमा निर्माण कार्य सम्पन्न गर्न तदारुकता देखाई सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.११६७४३१०।१४ | ११,६७४,३१०.१४ |
| १०३.२ | | | बढी निकासा- उक्त विद्यालय निर्माणको लागि विद्यालय व्यबस्थापन समितिले निर्माण व्यबसायीसंग रु.११६७४३१०।१४ को सम्झौता गरेको र विद्यालयको डिपिआर तयार गरे वापत खर्च भएको रु.३९४९३७।– समेत कुल भुक्तानी दिनु पर्ने रकम रु.१२०६९२५७।- रहेकोमा निकासा गरेको रु १५००००००। मध्ये बाँकी रहेको रकम रु २९३०७४३।- संघिय सञ्चित कोष दाखिला हुनु पर्ने रु २९३०७४३।- | २,९३०,७४३ |
| १०४ | | | **घटी अवधिको कार्य सम्पादन जमानत**<br><br>कार्य सम्पादन जमानत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा निर्माण व्यबसायी वा आपुर्तकले समझौता बमोजिमको कार्य सम्पादन जमानत राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न स्थानमा सडक निर्माण वापत महालक्ष्मी नारायणम् जेभी नेपालगंज मिति २०७९।०३।२० भित्र निर्माण कार्य सक्ने गरी मिति २०७८।११।०१ मा रु. ७५२३४९१६।१० को निर्माण सम्झौता गरेकोमा उक्त अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकि मिति २०७९।१२।३० सम्म म्याद थप भएकोमा कार्य सम्पादन जमानत वापत राखेको नेपाल बंगलादेश बैंक लिमिटेड नेपालगंज शाखाको जमानत रु.१२५०००००।– को अवधि २०७९।१०।२८ सम्म मात्र रहेकोले निर्माण कार्य सक्ने अवधि पश्चात त्रुटी सच्याउने अवधि २०८०।१०।२९ सम्म म्याद हुनु पर्नेमा घटी अवधिको कार्य सम्पादन जमानतको बैंक जमानत लिएकोले नियमावलीमा भएको व्यबस्था बमोजिमको कार्य सम्पादन जमानत लिनु पर्ने रु.१२५०००००।०० | १२,५००,००० |

१०५ **घटी पेश्की जमानत र विमाको म्याद**

१०५.१ पेश्की जमानत-नेपालगंज उप महानगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ को नियम १०२ नगरपालिकाले निर्माण व्याबसायिलाई खरिद सम्झौता भएपछि पेश्की दिनु पर्ने भएमा निजबाट त्यस्तो पेश्की रकमलाई खाम्ने गरी बाणिज्य बैंकबाट जारी भएको र कम्तिमा सात महिनाको मान्य अवधि भएको बैंक जमानत लिई कबोल अंकको पच्चीस प्रतिशत सम्म पेश्की दिन सकिने व्यबस्था रहेको छ। नगरपालिकाले निम्न ठेक्कामा रु १६३८६६१।- घटी बैंक जमानत लिएकोले जमानत नियमावलीमा भएको व्यबस्था बमोजिम पेश्की बैंक जमानत लिनु पर्ने रु. १६३८६६१।- १,६३८,६६१

| सि नं | निर्माण व्याबसायी | बैंकको नाम | बैंक जमानत | पेश्की | नपुग जमानत |
|---|---|---|---|---|---|
| १ | राप्ती गणेश कन्ष्ट्रक्शन ।ठे नं६।०७८।७९ | सिद्दार्थ बैंक | ९६४००० | ११०३१११ | १३९१११ |
| २ | आत्रेय पूर्णचन्द्र जेभि ।ठे नं०१।०७८।७९ | एनसिसि बैंक | ३०००००० | ४४९९५५० | १४९९५५० |
| | जम्मा | | | | १६३८६६१ |

१०५.२ विमाको म्याद- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा दश लाखरुपैया भन्दा बढी (२०७८।१२।३ भन्दा पहिले ठेक्का सम्झौता भएको ) को निर्माण कार्य गर्दा निर्माण गरीने कामको,मेशिनरी सामान र सामाग्रीको सम्झौतामा उल्लख भए बमोजिम त्रुटी सच्याउने अवधि सम्मको विमा अवधि रहने गरी विमा गराउनु पर्ने व्यबस्था रहेको छ। पालिकाले देहायका निर्माण व्याबसायीले कम अवधिको विमा गरेकोले नियमावलीमा भएको व्यबस्था अनुसार विमा अवधि रहेको पोलिसीको म्याद बढाउनु पर्ने देखिएको।

| निर्माण व्यावसायीको नाम। ठेक्का नं. | ईन्स्योरेन्स कम्पनि र विमांक | भएको अवधि | हुनु पर्ने अवधि |
|---|---|---|---|
| महालक्ष्मी नारायणम् जेभी नेपालगंज ठे.नं.०५।०७८।७९ | नेको ईन्स्योरेन्स लि. काठमाडौं। रु.८८१६००६९।- | ४ जुलाई २०२३ | ११ अप्रिल २०२४ |
| आत्रेय पूर्णचन्द्र जेभी ठे.नं.०१।०७८।७९ | नेपाल ईन्स्योरेन्स क.लि.काठमाडौ रु.४७६८४५२०।- | २०८०।३।१५ | २०८१।०२।२९ |
| सामुदायिक निर्माण सेवा ठे.नं.०७।०७८।७९ | विमा नगरेकोले विमा गर्नु पर्ने रु.११६७४०२७।- | | २०८०।१०।२९ |

१०६ **५ नं. वडा कार्यालय तर्फ**

५ नं. वडा कार्नयालयको नमुना भौचिङ परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्

१०६.१ ५ नं. वडा कार्यालय

जिनसी अभिलेख- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालयमा भएका जिन्सी सामानको मौज्दातको अबस्था सम्बन्धमा बर्षको कम्तीमा एक पटक निरीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्ने तथा नियम १०० मा प्रत्येक कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालु बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको माल सामानको परिमाण र मुल्य मुलाई जिन्सि माल सामानको श्रेस्ता महालेखापरीक्षकबाट स्विकृत ढाँचामा राख्नु पर्ने व्यबस्था रहेको छ। वडा कार्यालयले नियमावलीमा भएको व्यबस्थाको पालना नगरेको तथा जिन्सी सामानको खाता म.ले.प.फा.नं.४०८ हरेक बर्ष अलग अलग राख्ने गरेको पाईयो। साथै जिन्सीको सहायक खाता नराखेको तथा जिन्सी निरीक्षण नगरेको जिन्सि सामानको मर्मत सम्भार अभिलेख म.ले.प.फा.नं.४१५ समेत राख्ने गरेको नपाईएकोले वडामा भएका जिन्सी सामान के कति कस्तो अबस्थामा छन् एकिन हुन सकेन। अत कार्यालयले नियमावलीमा भएको व्यबस्था बमोजिम जिन्सी

| | | | | |
|---|---|---|---|---|
| | | | खाता अद्यावधिक राख्नु पर्दछ। | |
| १०६.२ | | | ५ नं. वडा कार्यालय-<br><br>अनुगमन भत्ता- लुम्बिनी प्रदेश पदाधिकारिको सुविधा सम्बन्धि निर्देशिका २०७५ मा तोकिएको सुविधा बाहेक अन्य सुविधा लिन नहुने व्यबस्था रहेको छ। वडा कार्यालयले वडाबाट सञ्चालित विभिन्न योजनाको अनुगमन गरेको भनि विभिन्न पदाधिकारी तथा कर्मचारीले प्रति संख्या रु.१०००।– का दरले अनुगमन भत्ता वापत रु.१०००००।– भुक्तानी लिएकोले नियम संगत नदेखिएको रु. | १००,००० |
| १०६.३ | | | ५ नं. वडा कार्यालय-<br><br>ढुवानी कर- आयकर एन २०५८ को दफा ८८ मा तोकीएको दरमा ढुवानी तथा भाडा कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ। वडा कार्यालयले भौ.नं.३७।०७९।२।३० बाट जमाल हलुवाईको घरदेखि जिन्नाद बाबाको मजार जाने बाटो उपभोक्ता समितिले पिसिसि र नाली निर्माण को लागि सवारी साधनबाट माटो गिटी वालुवा सामाग्री ढुवानी वापत दिनेश कुमार खटिकलाई रु.१४२०००।– भुक्तानी गरेकोमा कर रु. १४२००।- कट्टी गर्नु पर्नेमा रु.२१३०।- मात्र कट्टी गरेकोले नपुग कर रु.१२०७०।– अशुल गर्नु पर्ने देखिएको रु. | १२,०७० |
| १०६.४ | | | ५ नं. वडा कार्यालय-<br><br>बढि भुक्तानी- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सम्झौता बमोजिमको रकम भुक्तानी दिनु पर्ने व्यबस्था रहेको छ। वडा कार्यालयले जमाल हलवाईको घरदेखि जिन्नाद बाबाको मजार जाने बाटो र नाली निर्माण उपभोक्ता समिति नेपालगंज- ५ लाई उक्त बाटो निर्माण वापत रु.१४३९००४।– भुक्तानी गरेकोमा उपभोक्ताको योगदान समेत उक्त निर्माण कार्य रु.१५२४१५५।- को निर्माण कार्य सम्पन्न प्राविधिक प्रतिवेदन पेश भएकोमा सम्झौता बमोजिम उपभोक्ताको योगदान रु.९०९९२।- (५.९७ प्रतिशत ) कटाएर वडा कार्यालयले रु.१४३३१६३।– भुक्तानी दिनु पर्नेमा रु.१४३९००४।– भुक्तानी गरेकोले रु. ५८४१।– बढी भुक्तानी गरेको छ। सम्झौता भन्दा बढी भुक्तानी भएको रु.५८४१।– अशुल हुनु पर्ने रु. | ५,८४१ |
| १०७ | | | **८ नं. वडा कार्यालय तर्फ**<br><br>८ नं. वडा कार्यालयको नमुना भौचिङ परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् | |
| १०७.१ | | | ८ नं. वडा कार्यालय<br><br>जिनसी अभिलेख- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालयमा भएका जिन्सी सामानको मौज्दातको अबस्था सम्बन्धमा बर्षको कम्तीमा एक पटक निरीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्ने तथा नियम १०० मा प्रत्येक कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालु बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको माल सामानको परिमाण र मुल्य मुलाई जिन्सि माल सामानको श्रेस्ता महालेखापरीक्षकबाट स्विकृत ढाँचामा राख्नु पर्ने व्यबस्था रहेको छ। वडा कार्यालयले नियमावलीमा भएको व्यबस्थाको पालना नगरेको तथा जिन्सी सामानको खाता म.ले.प.फा.नं.४०८ हरेक बर्ष अलग अलग राख्ने गरेको पाईयो। साथै जिन्सीको सहायक खाता नराखेको तथा जिन्सी निरीक्षण नगरेको जिन्सि सामानको मर्मत सम्भार अभिलेख म.ले.प.फा.नं.४१५ समेत राख्ने गरेको नपाईएकोले वडामा भएका जिन्सी सामान के कति कस्तो अबस्थामा छन् एकिन हुन सकेन। अत कार्यालयले नियमावलीमा भएको व्यबस्था बमोजिम जिन्सी खाता अद्यावधिक राख्नु पर्दछ। | |
| १०७.२ | | | ८ नं. वडा कार्यालय<br><br>सामान हस्तान्तरण र दाखिला- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उप नियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई प्रमाण | |

र कागजात संलग्न हुनु पर्ने तथा जिन्सी अद्यावधिक गरी राख्नु पर्ने व्यबस्था रहेको छ । वडा कार्यालयले निम्न मेसीन ,खप्ने माल सामान खरिद गरी रु.९९०६३५।- भुक्तानी खर्च लेखेकोमा उक्त सामान सम्बन्धितलाई निकायले जिन्सी आम्दानी बाँधी सो को जिन्सी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

| सि.नं. | भौ.नं.।मिति | खरिद गरीएको निकायको नाम | सामानको नाम | खरिद मुल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | १०८।०७९।१।५ | योग समिति नेपाल | स्टिल दराज १ थान, लाउड स्पिकर १ थान समेत | ५०००० | जिन्सी दाखिला नदेखिएको |
| २ | १०८।०७९।१।५ | शहरी स्वास्थ्य केन्द्र | दराज, पंखा , टेवुल लगायत १४ आईटम सामान | १४३८०० | खरिद मध्ये रु.९७५१९।– को खप्ने जि |
| ३ | | बारुणयन्त्र शाखा | प्रोटेवल टु वे रेडियो २ थान | १३५६० | उपमहानगरपालिकाको जिन्सी खाताम नदेखिएको |
| ४ | ११४।०७९।१।९ | शहरी स्वास्थ्य केन्द्र | डेल ल्यापटप १ थान | ५८००० | स्वास्थ्य केन्द्रको जिन्सी खातामा आ नदेखिएको |
| ५ | १९०।०७९।३।२५ | शहरी स्वास्थ्य केन्द्र | माईक्रोस्कोप १ थान, एनालाईजर १ सेन्ट्री फ्यूज १ थान | १९९४४५ | हस्तान्तरण नभएको |
| ६ | १९१।०७९।३।२५ | क्रिकेट खेलाडीको लागि | खेलकुद सामाग्री खरिद | १९८१४५ | खेलाडीलाई बुझाउन बाँकी रहेको |
| ७ | ७।०७८।१०।५ | जिम क्लव जयश्री राम स्पोर्टस क्लव | जिमखाना सम्बन्धि सामाग्री खरिद | ३००००० | जिन्सी दाखिला नभएको |
| ८ | १३।०७९।१।५ | सामुदायिक प्रहरी सेवा केन्द्र नेपालगंज-२ | अफिस टेवल १ थान, हेभी कुर्सी १ थान | २७६८५ | सम्बन्धित सेवा केन्द्रमा जिन्सी दाखिल |
| | | | | ९९०६३५ | |

१०७.३ ८ नं. वडा कार्यालय

गैर सरकारी संस्था मार्फत कार्य- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा एनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आबस्यकता,किसिम,कामको गुणस्तर,जनशक्ती,कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत अनुमान तयार गरी रु.दश लाख सम्मको काम गराउनको लागि प्रचलित कानुन बमोजिम दर्ता भई नियम १८ बमोजिमको मौजुदा सुचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तरको वा स्थानिय स्तरको दैनिक समाचारपत्रमा सुचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गरी सो को मुल्यांकन गरी सो संस्था छनौट गरी काम गराउनु पर्ने व्यबस्था छ । वडा कार्यालयले नियमावलीमा भएको व्यवस्थाको पालना नगरी सामाजिक विकास मञ्च बैजनाथपुर मार्फत महेन्द्र सुचना केन्द्र सञ्चालनको लागि भनि एक जना कर्मचारी नियुक्त गरी बार्षिक रु.२४००००।– र जय पृथ्वी नमुना सामुदायिक केन्द्र मार्फत खेल्दै सिक्दै केन्द्र मा एक जना प्रशिक्षक नियुक्त गरी बार्षिक रु.१६२०००।- भुक्तानी खर्च लेखेको छ । वडाले उक्त कार्य गर्न आवस्यक थियो थिएन र भए गरेको कार्यबाट के उपलब्धी हासिल भयो सो सम्बन्धमा वडाबाट कुनै अनुगमन तथा मुल्यांकन भए गरेको देखिएन । आवस्यकताको आधारमा वडाले कार्यक्रम छनौट गर्ने र गैर सरकारी मार्फत कार्य गराउँदा नियमावलीमा भएको व्यबस्थाको पालना गरेर मात्र कार्य

| | | | | |
|---|---|---|---|---|
| | | | गराउनु पर्दछ। | |
| १०८ | | | **४ नं. वडा कार्यालय तर्फ**<br><br>४ नं. वडा कार्यालयको नमुना भौचिङ परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् | |
| १०८.१ | | | ४ नं. वडा कार्यालय<br><br>जिनसी अभिलेख- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालयमा भएका जिन्सी सामानको मौज्दातको अबस्था सम्बन्धमा बर्षको कम्तीमा एक पटक निरीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्ने तथा नियम १०० मा प्रत्येक कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालु बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको माल सामानको परिमाण र मुल्य मुलाई जिन्सि माल सामानको श्रेस्ता महालेखापरीक्षकबाट स्विकृत ढाँचामा राख्नु पर्ने व्यबस्था रहेको छ। वडा कार्यालयले नियमावलीमा भएको व्यबस्थाको पालना नगरेको तथा जिन्सी सामानको खाता म.ले.प.फा.नं.४०८ हरेक बर्ष अलग अलग राख्ने गरेको पाईयो। साथै जिन्सीको सहायक खाता नराखेको तथा जिन्सी निरीक्षण नगरेको जिन्सि सामानको मर्मत सम्भार अभिलेख म.ले.प.फा.नं.४१५ समेत राख्ने गरेको नपाईएकोले वडामा भएका जिन्सी सामान के कति कस्तो अबस्थामा छन् एकिन हुन सकेन। अत कार्यालयले नियमावलीमा भएको व्यबस्था बमोजिम जिन्सी खाता अद्यावधिक राख्नु पर्दछ। | |
| १०८.२ | | | ४ नं.वडा कार्यालय<br><br>अनुगमन भत्ता- लुम्बिनी प्रदेश पदाधिकारिको सुविधा सम्बन्धि निर्देशिका २०७५ मा तोकिएको सुविधा बाहेक अन्य सुविधा लिन नहुने व्यबस्था रहेको छ। भौ.नं.३६।०७९।०१।९ र ६८।०७८।३।२० बाट वडा कार्यालयले वडाबाट सञ्चालित विभिन्न योजनाको अनुगमन गरेको भनि विभिन्न पदाधिकारी तथा कर्मचारीले प्रति संख्या रु.१०००।– का दरले अनुगमन भत्ता वापत रु.५९०००।– भुक्तानी लिएकोले नियम संगत नदेखिएको रु. | ५९,००० |
| १०८.३ | | | ४ नं.वडा कार्यालय<br><br>असम्बन्धित खर्च- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उप नियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्ने तथा जिन्सी अद्यावधिक गरी राख्नु पर्ने व्यबस्था रहेको छ। वडा कार्यालयले भौ.नं.६९।२०७८।१०।२४ बाट सरकारि सवारी साधनको मात्र बार्षिक कर नविकरण दस्तुर तथा तेस्रो पक्ष विमा गराए वापतको राजस्व भुक्तानी गर्नु पर्नेमा भे ३ प १६७९ नम्बर प्लेटको निजी सवारी साधनको आर्थिक बर्ष २०७८।७९ को कर र नविकरण वापत रु.१२१००।– र युनाईटेड ईन्स्योरेन्स क.लि. बाट तेस्रो पक्ष विमा वापत रु.१७०६।– समेत रु.१३८०६।– भुक्तानी खर्च लेखेकोले सम्बन्धितबाट अशुल हुनु पर्ने रु. | १३,८०६ |
| १०८.४ | | | ४ नं.वडा कार्याल<br><br>ढुवानी कर- आयकर एन २०५८ को दफा ८८ मा तोकीएको दरमा ढुवानी तथा भाडा कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ। वडा कार्यालयले देहायका उपभोक्ता समितिले सवारी साधनबाट माटो गिटी वालुवा सामाग्री ढुवानी गरेकोमा कर रु. १३९४९५।- कट्टी गर्नु पर्नेमा रु. १७२०२।- मात्र कट्टी गरेकोले नपुग कर रु.१२२२९३।- कट्टी गर्नु पर्ने देखिएको रु. | १२२,२९३ |

| सि.नं. | भौ.नं.।मिति | उपभोक्ता समितिको नाम। गाडी नं. | भुक्तानी | कट्टी कर | बाँकी कर |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ९।०७८।९।११ | ढक्कन तथा पिसिसि निर्माण उ.समिति। भे१त ५९१३ | १९८७०० | २९८१ | १८६६९ |
| २ | ११।०७८।९।११ | मस्तान शाह उपभोक्ता समिति। भे १ त ५९१३ | १६९५०० | २५४३ | १४४०७ |
| ३ | १४।०७८।१०।७ | पिसिसि निर्माण उपभोक्ता समिति। भे १ त ५९१३ | २३५००० | ३५२५ | १९९७५ |
| ४ | १८।०७८।९।२१ | शान्तिनगर टोल उपभोक्ता समिति । भे १ त ७०३१ | १९६८०० | २९५२ | १६७२८ |
| ५ | ३४।०७८।१२।२० | नाला तथा ढल उपभोक्ता समिति। भे १ त ४६७० | ३०००० | ४५० | २५५० |
| ६ | ३५।०७८।१२।२३ | नाला तथा ढकन ग्रावेल उपभोक्ता समिति । भे १ त ५९१३ | २१५८५० | ३२३८ | १८३४७ |
| ७ | ४३।०७९।१।२६ | ग्रावेल तथा माटो पटान उपभोक्ता समिति । भे १ क २००७ | १२९६०० | १९४४ | १२९६० |
| ८ | ४८।०७९।२।११ | निर्माण उपभोक्ता समिति । भे१ त ४६७० | २१९४९९ | ३२९३ | १८६५७ |
| | | जम्मा | १३९४९४९ | | १२२२९३ |

१०८.५

४ र ५ नं.वडा कार्यालय

गैर सरकारी संस्था मार्फत कार्य- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा एनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आबस्यकता, किसिम, कामको गुणस्तर, जनशक्ती, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत अनुमान तयार गरी रु.दश लाख सम्मको काम गराउनको लागि प्रचलित कानुन बमोजिम दर्ता भई नियम १८ बमोजिमको मौजुदा सुचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तरको वा स्थानिय स्तरको दैनिक समाचारपत्रमा सुचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गरी सो को मुल्यांकन गरी सो संस्था छनौट गरी काम गराउनु पर्ने व्यबस्था छ । वडा कार्यालयले नियमावलीमा भएको व्यवस्थाको पालना नगरी देहायको संस्थाबाट निम्न कार्य गराई भुक्तानी खर्च लेखेको छ । वडाले उक्त कार्य गर्न आवस्यक थियो थिएन र भए गरेको कार्यबाट के उपलब्धी हासिल भयो सो सम्बन्धमा वडाबाट कुनै अनुगमन तथा मुल्यांकन भए गरेको देखिएन । आवस्यकताको आधारमा वडाले कार्यक्रम छनौट गर्ने र गैर सरकारी मार्फत कार्य गराउँदा नियमावलीमा भएको व्यबस्थाको पालना गरेर मात्र कार्य गराउनु पर्दछ । गैर सरकारी संस्था मार्फत कार्य गराएका कामको विवरण निम्न रहेका छन -

| सि.नं. | गैर सरकारी संस्थाको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | बागेश्वरी असल शासन क्लब -बास | हेल्प डेक्स सन्चालन | २४९००० |
| २ | बागेश्वरी असल शासन क्लब -बास | बालैत्रि स्थानिय शासन कार्यक्रम | ४६००० |
| ३ | त्रिनेत्र सम्रिद्द नेपाल | महिलाको लागी आय आर्जन कार्यक्रम | १००००० |
| ४ | बाँके महिला स्वावलम्बन सँस्था | डल कुसन तालिम कार्यक्रम | १००००० |
| ५ | सान्ति सम्रिद्दिका लागी स्वच्छ तथा हरीत नेपालल | बालविवाह विरुद्द जनचेतनामुलक कार्यक्रम | ७०००० |

| | | | |
|---|---|---|---|
| ६ | नारी तथा बालबालिका कल्यान समिती बाँके | महिलाको पाठेघर जाँच सिविर | १९८००० |
| ७ | युथ टुडे मिडिया नेटवर्क प्राली | नागरिक सम्बाद सहजिकरण कार्यक्रम | २००००० |
| ८ | योग समिति नेपाल | योग समिती नेपाललाइ स्वास्थ्य सम्बन्धी जनचेतना मुलक कार्यक्रम | ४९७७५ |
| ९ | नेपाल उत्पिडित उत्थान समाज बाँके | दलित अधिकार तथा कानुन व्यबस्था सम्बन्धी तालिम | ५०००० |
| १० | नारी विकाश केन्द्र बाँके | बाल विकाशका लागी अभिभाबक शिक्षा तालिम कार्यक्रम | ७०००० |
| ११ | नगर स्तरीय अपाँगता सञ्जाल | अपाँगता सम्बन्धी कार्यक्रम | ५०००० |
| १२ | क्रिस्टिना मल्टि स्किल इन्स्टिच्युट प्राली | आँखा जाँच तथा अपरेसन सिविर कार्यक्रम | ३००००० |
| १३ | सामुदायिक शसक्तिकरण तथा रुपान्तरण नेपाल | दलित समुदायका लागि जनचेतनामुलक कार्यक्रम | ४१४६० |
| १४ | जोहन मिडिया एण्ड रिसर्च सेन्टर | डाटा प्रोफाइल डिजिटल | ३००००० |
| | जम्मा | | १८२४२३५ |
| | वडा नं. ५ बाट गैर सरकारी संस्था मार्फत गरिएका कामको विवरण | | |
| सि.नं. | गैर सरकारी संस्थाको नाम | कामको विवरण | भुक्तानी रकम |
| १ | पस्चिम तारा नेपाल | तेस्रो लिँगीके मागमा आधारीत कार्यक्रम | ९८५०० |
| २ | स्वाबलम्वी जेष्ठ नागरीक समाज नेपाल | जेष्ठ नागरीक सम्मान कार्यक्रम | १९७४०० |
| ३ | सम्रिद्दी सिलाइ कटाइ प्रशिण केन्द्र | किशोरीहरुका लागी आयआर्जनमुलक कार्यक्रम | १००००० |
| ४ | नगर स्तरीय अपाँगता सञ्जाल बाँके | अपाँगता भएका व्यक्तिहरुको मागमा आधारीत कार्यक्रम | १००००० |
| ५ | नेपाल नेत्र ज्योती सँघ | आँखा स्वस्थ्य सिविर | १४६४४३ |
| ६ | सामुदायिक सशक्तिकरणका लागी साझा प्रयास | नाला सरसफाइ | ३७५८०० |
| ७ | बागेश्वरी असल शासन क्लब -बास | हेल्पडेक्स सन्चालन | १८५५०० |
| ८ | द्वन्द पिडित तथा एकल महिला सञ्जाल | एकल महिलाको मागमा आधारीत कार्यक्रम | ९८००० |
| ९ | त्रिनेत्र सम्रिद्द नेपाल | बालबालीकाको मागमा आधारीत कार्यक्रम | ९४८२३ |
| १० | जोहन मिडिया एण्ड रिसर्च सेन्टर | वडाको स्मारीका प्रकाशन | १५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा — १५४६४६६ | |
| १०९ | | | **फुलटेक्रा ताल निर्माण**<br><br>उपमहानगरपालिकाले उपमहानगरपालिका वार्ड नं. ११ मा रहेको फुल्टेक्रा तालमा माटो पटान र गेटवाल निर्माण कार्यको लागि रु.१९९९७६९१।६९ को लागत अनुमान तयार गरी बोलपत्र (ठेक्का नं.०४।०७७।७८) आब्हान भएकोमा सवै भन्दा घटी कबोल गर्ने राप्ती गणेश निर्माण सेवा नेपालगंज-१८ बाँकेसँग मिति २०७८ फागुन मसान्त भित्र (म्याद थप समेत) निर्माण कार्य सक्ने गरी २०७७।१०।२७ मा रु.८६१३५०४।७६ को सम्झौता गरेकोमा परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्- | |
| १०९.१ | | | निर्माण स्थल विबाद र अनुत्पादक क्षेत्रमा लगानी - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्नु हुदैन भन्ने उल्लेख गरीएको छ। पालिकाले वडा नं.११ मा रहेको कि.नं. ५१५ को १०-५-२ क्षेत्रफल भएको जग्गा फिल्ड बुकमा पोखरी जनीई मालपोत कार्यालय नेपालगंजमा दर्ता कायम भएकोमा तत्कालिन पुनराबेदन अदालत नेपागंजबाट सार्वजनिक पोखरीको सिमांकन गरी अतिक्रमण रोक्ने भनि २०७३।३।१६ मा फैसला भएको देखिएको। साथै सोही पोखरीसंगै जोडिएको कि.नं. २२९ को पर्ति जग्गा ०-१८-० क्षेत्रफल भएको जग्गामा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, मुस्लीम समुदायको कर्वल र हिन्दुहरुको मर्चुवा पुजा स्थल समेतका भौतिक संरचना निर्माण गर्न उपमहानगरपालिका नगरसभाले मिति २०७६।१२।४ मा निर्णय गरेको। साथै पोखरी रहेको भनिएको जग्गा संरक्षण गर्ने पवित्र उद्देश्यले सम्पूर्ण जग्गालाई भित्र पार्ने गरी पर्खाल लगाउने बाहेक जग्गाको खण्डीकरण हुनेगरी भौतिक संरचना र स्वरुप परिवर्तन नगरी कुनै पनि प्रकारको निर्माणको कार्य नगर्नु नगराउनु भनि २०७७।३।२३ मा उच्च अदालत दागं तुलसीपुर नेपालगंज ईजलाशबाट परमादेश जारी भएको देखिन्छ। अदालतको आदेश विपरीत उपमहानगरपालिकाले बोलपत्र आब्हान गरी पोखरीमा माटो पटान र गेटवाल निर्माण गर्नको लागि २०७७।१०।२७ ठेक्का सम्झौता गरी निर्माण कार्य शुरु भएपछि अधिवक्ता घनश्याम पराजुलीले उक्त पोखरी रहेको स्थानमा भौतिक संरचना निर्माण गर्न रोकीपाउँ भनि उच्च अदालत दागं तुलसपुर नेपालगंज ईजलाशमा रिट निवेदन दायर गरे पश्चात उपमहानगर पालिकाको मिति २०७८।८।२७ को निर्णयानुसार निर्माण व्यावसायीसँग सुविस्तारको आधारमा ठेक्का तोडिएको पाईयो। नगरपालिकाले अदालतको आदेश विपरित पोखरीको सरसफाई गरी संरक्षण गर्नु पर्नेमा ठेक्का आव्हान गरी पोखरीमा माटो पटान गर्ने कार्य गर्नु उपयुक्त देखिएन। उक्त निर्माण कार्यमा हालसम्म रु.२४७७०२५।५१ भुक्तानी भएको छ। उपमहानगरपालिकाले सांस्कृतिक संरचनाको संरक्षण गरी आन्तरीक आयका स्रोत पहिचान गरी आम्दानी बढाउने तर्फ उपमहानगर पालिकाको ध्यान जानु पर्दछ। | |
| १०९.२ | | | निर्माण कार्यको मुल्यांकन नगरी पुन ठेक्का- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्नु हुदैन भन्ने उल्लेख गरीएको छ। नगरपालिकाले फुल्टेक्रा तालमा माटो पटान र बाउण्ड्रीवाल निर्माण कार्यको लागि बोलपत्र (ठेक्का नं.०४।०७७।७८) आब्हान भएकोमा सवै भन्दा घटी कबोल गर्ने राप्ती गणेश निर्माण सेवा नेपालगंज-१८ बाँकेसँग २०७७।१०।२७ मा रु.८६१३५०४।७६ को सम्झौता गरी रु.२४७७०२५।५१ खर्च भई सकेकोमा उच्च अदालत दागं तुलसीपुर नेपालगंज ईजलाशको मिति २०७७।०३।२३ को परमादेश अनुसार उपमहानगरपालिकाको मिति २०७८।८।२७ को निर्णयानुसार निर्माण व्यावसायीसँग सुविस्तारको आधारमा ठेक्का तोडिएकोमा उक्त निर्माण व्यबसायीले पहिले गरेको कामको मुल्यांकन नगरी पुन सोही स्थानमा फुल्टेक्रा तलाउ घेरबार र वाल निर्माण (ठेक्का नं.१०।०७८।७९) को लागि रु.१४५९९५३०।५९ को लागत अनुमान तयार गरी सवै भन्दा घटी कबोल गर्ने राप्ती शौरभ कन्ष्ट्रक्शन करकाँदो नेपालगंजसँग २०७९।०४।२३ मा रु.१०८०५९६९।८५ को ठेक्का सम्झौता गरेको छ। पुरानो ठेक्काबाट के कति परिमाणको निर्माण कार्य सम्पन्न भएको थियो सो को अभिलेख लागत अनुमानमा कतै पनि खुलाएको पाईएन। नगरपालिकाले पहिले सम्पन्न भएको निर्माण कार्यको एकिन गरेर सम्पन्न भएको निर्माण कार्यको परीमाण घटाएर मात्र निर्माण कार्य अगाडी बढाउनु उपयुक्त देखिन्छ। यस सम्बन्धमा कार्यालयमा छलफल हुँदा पहिलेको निर्माण कार्य घटाएर ठेक्का व्यबस्थापन गरीएको भनाई रहेको भएता पनि सो को अभिलेख तथा प्रमाण कागजात पेश हुन नआएकोले एकिन हुन सकिएन। अत उपमहानगरपालिकाले निर्माण स्थलको यथार्थ लागत अनुमान तयार गरेर मात्र ठेक्का ब्यबस्थापन गर्नु पर्दछ। | |
| ११० | | | **शहरी विकास आयोजना परियोजना तर्फ** | |

<table>
<tr><td></td><td></td><td></td><td>नमुना भौचिङ परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्</td><td></td></tr>
<tr><td>११०.१</td><td></td><td></td><td>फरक शिर्षकबाट भुक्तानी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ मा सम्बन्धित बजेट शिर्षकमा विनियोजित भएको बजेटबाट सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च गर्न सकिने व्यबस्था रहेको छ । परियोजना ईकाईले परामर्शदाता बिडिए नेपाल प्रा.लि.। गिडान प्रा.लि.जे.भी.को आईपसि नं.१० को परामरर्श खर्च रु.५४८७४६।८६ विविध पूँजिगत शिर्षकबाट खर्च लेख्नु पर्नेमा चालु खर्च शिर्षकबाट भुक्तानी गरेकोले नियमित गर्नु पर्ने रु.</td><td>५४८,७४६.८६</td></tr>
<tr><td>११०.२</td><td></td><td></td><td>चालु खर्चबाट मोटरसाईकल खरिद- अर्थ मन्त्रालय बजेट तर्जुमा दिग्दर्शन ,२०७५ मा सवारी साधन खरिद गर्दा पूजिगत बजेट शिर्षकबाट खरिद गर्नु पर्ने व्यबस्था रहेको छ । परियोजना ईकाईले उपमहानगरपालिकाको निर्णय बेगर चालु बजेट शिर्षकबाट यम्यलक्ष्मी अटो डिष्ट्रिव्युटरनेपालगंजबाट होण्डा कम्पनिको युनिकर्न मोटरसाईकल प्रति थान रु.३०८९००।– को दरले २ थानको रु.६१७८००।– र नेपाल ट्रेडच्यानल प्रा.लि.बाट सुजुकी स्कुटर थान १ को रु.२६५९००।– समेत रु.८८३७००। को मोटरसाईकल तथा स्कुटर खरिद गरि भुक्तानी गरेकोछ । चालु बजेट शिर्षकबाट सवारी साधन खरिद गरेको अनियमित देखिएको रु.</td><td>८८३,७००</td></tr>
<tr><td>११०.३</td><td></td><td></td><td>मुल्य अभिबृद्दि कर समायोजन- मुल्य अभिबृद्दी कर नियमावली,२०५३ मा तोकीएको ढाँचामा कर विजक जारि गर्नु पर्ने व्यबस्था रहेको छ । परियोजना ईकाईले परामर्श खर्च वापत वि.डि.ए. नेपाल प्रा.लि.। गिडान प्रा.लि.जेभी ललितपुरलाई परामर्श खर्च वापत आई पिसि नं.९र १० बाट रु. ४१०४२०४।-भुक्तानी खर्च लेखेकोमा भौ.नं.६।०७९।२।१२ बाट आई पिसि नं.९ को विजक नं.००१।०७८।१२।१६ बाट रु.३५५५४५७।१९ र भौ.नं.११०।०७९।३।३१ बाट आईपिसि नं.१० को विजक नं. ००२।०७९।३।३० बाट रु.५४८७४६।८६ को विल जारी भएकोमा विजक नं. ००२।०७९।३।३० को फोटोकपि विल रहेकोमा पुन सक्कल विल पेश हुँदा विजक नं. ००१।०७९।३।१२ बाट रु.५४८७४६।८६ को विजक पेश भएकोले आईपिसि नं.९ को विजक नं. आईपिसि नं.१० को विजक नं. एउटै रहेको साथै विजक नं. समेत केरमेट रहेकोले मु.अ.कर रु.३३०५१६।– सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मु.अ.कर विवरण बुद्झाएको समायोजन पत्र पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु.३३०५१५।-
<table>
<tr><th>विजक नं. /मिति</th><th>प्यान नं.</th><th>विल रकम</th><th>मू.अ.कर रकम</th><th>७०- प्रतिशत मू.अ.कर</th></tr>
<tr><td>००१।०७८।१२।१६</td><td>607548547</td><td>३१४६४२२।३८</td><td>४०९०३४।९१</td><td>२८६३२४</td></tr>
<tr><td>००१।०७९।३।१२</td><td>,,</td><td>४८५६१६।६९</td><td>६३१३०।१७</td><td>४४१९१</td></tr>
<tr><td>००२।०७९।३।३०</td><td>दोहोरो विजक जारी</td><td>४८५६१६।६९</td><td>६३१३०।१७</td><td>-</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३३०५१५</td></tr>
</table>
</td><td>३३०,५१५</td></tr>
<tr><td>११०.४</td><td></td><td></td><td>सवारी साधन नामसारी नभएको- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ मा सरकारी कार्यालयको नाममा खरिद गरिएका माल सामान तथा सवारी साधनको मुल्य खुलाई जिन्सी आम्दानी जनाउनु पर्ने व्यबस्था रहेको छ । परियोजनाले नेपाल ट्रेड च्यानल प्रा.लि.बाट खरिद गरेको भे १ प ६४६१ नं.को सुजुकी १२५सिसि को स्कुटर हाल सम्म पनि निजी प्लेट रहेको र सरकारी नं. प्लेट कायम नभएकोले सरकारी नम्बर प्लेट कायम गरि जिन्सी अद्यावधिक गर्नु पर्ने देखिएको ।</td><td></td></tr>
<tr><td>१११</td><td></td><td></td><td>मंगलप्रसाद महिला कलेज निर्माण र सञ्चालन<br><br>नगरपालिकाले नगरपालिका पूँजिगतबाट नेपालगंज उप महानगरपालिका वार्ड नं ८ मा गल्स कलेज निर्माणको लागि निर्माण व्यबसायी राजेन्द्र निर्माण सेवा प्रा लि धनगढीसँग मिति २०७८।७।३० (म्याद थप समेत) भित्र</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | निर्माण कार्य सक्ने गरी २०७६।२।२६ मा रु.५४६४३६५०।९७ को सम्झौता गरेकोमा म्याद थप भएको अवधिमा निर्माण कार्य सम्पन्न गरि रु. ५५६३७२६२।६२ भुक्तानी खर्च लेखेकोमा परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्- | |
| १११.१ | | | मंगलप्रसाद महिला कलेज व्यबस्थापन र सञ्चालन- नेपालको संविधान २०७२ मा राज्यशक्तिको बाँडफाँड अन्तर्गत अनुसूची ८ मा स्थानिय तहको अधिकार क्षेत्र उल्लेख गरीएको छ। जसमा स्थानिय तहले आधारभुत तथा माध्यमिक शिक्षा तहको सञ्चालन तथा व्यबस्थापन गर्न पाउने व्यबस्था रहेको छ। नगरपालिकाले सशर्त अनुदानबाट नेपालगंज उपमहानगरपलिका वडा नं. ८ मा आर्थिक बर्ष २०७५।७६ देखि शुरु गरेर पूर्वाञ्चल विश्व विद्यालयबाट २०७९ असोजमा सम्बन्धन प्राप्त गरेर २०७९ मंसिर महिना देखि ४ बर्से विविएस र विएड विषयको स्नातक तहको अध्यापन शुरु गरी महिला क्याम्पस सञ्चालनमा ल्याएको जानकारी उपमहानगरपालिकाबाट प्राप्त भएको छ। जसमा महिला कलेज प्रांगण निर्माणको लागि उपभोक्ता समिति मार्फत रु.९१८४४८२।-को निर्माण कार्यमा खर्च भएको विवरण पेश भएको छ। त्यस्तै महिला कलेज सम्बद्दनका लागि सम्बन्दन शुल्क र कलेज व्यबस्थापन तथा सञ्चालनको लागि हाल सम्म रु.१४७८८०००।– समेत हाल सम्म उक्त कलेज सञ्चालनको लागि भवन निर्माण समेत रु ८१६९९४४३।७९ खर्च भएको विवरण पेश भएको छ। संविधानले नै माध्यमिक तह सम्मको मात्र शिक्षामा लगानी गर्ने व्यबस्था रहेकोमा स्नातक तहको कलेज सञ्चालन गर्दा दिर्घकालिन रुपमा यसलाई सञ्चालनमा ल्याउनको लागि नगरपालिकाले आन्तरीक स्रोतको सुनिश्चितता गरेको देखिएन। हाल उक्त क्याम्पसमा ब्यबस्थापन र शिक्षाशास्त्र संकायको ४ बर्षे विविएस र विएड विषयको अध्यापन शुरु गरि ६० जना छात्रा भर्ना भई अध्यापन भई रहेको जानकारी प्राप्त भएको छ। क्याम्पसको ब्यबस्थापन र सञ्चालनको जिम्मेवारी कसरी हुने र कर्मचारी तथा प्राध्यापकको भर्ना कसरी हुने सम्बन्धमा विनियमावलि तयार भएको भएता पनि नगरसभाको निर्णय र राजपत्रमा प्रकाशन भएको देखिएन। संविधानले प्रदान गरेको अधिकार क्षेत्र भित्र रहेर उपमहानगरपालिकाले माध्यमिक तह सम्मको शिक्षाको पूर्वाधार तथा आधार निर्माण गरी माध्यमिक तह सम्मको शिक्षाको गुणस्तर बृद्दि गर्ने क्षेत्रमा पालिकाले लगानी गर्नु पर्दछ। उपमहानगरपालिकाले माध्यमिक तह सम्मको शिक्षाको पूर्वाधार तथा आधार निर्माण गरी आन्तरीक आम्दानीका स्रोत पहिचान गरी पालिकाले दिर्घकालीन समय सम्म सञ्चालन हुने क्षेत्रमा पूँजि लगानी गर्नु पर्ने देखिन्छ। | |
| १११.२ | | | बढि भुक्तानी- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सम्झौता बमोजिमको रकम भुक्तानी दिनु पर्ने व्यबस्था रहेकोमा उपमहानगरपालिकाले उक्त निर्माण कार्य सम्पन्न गर्नको लागि निर्माण व्याबसायीसँग प्रोभिजनल सम बाहेक रु ५४६४३६५०।९७ को सम्झौता गरेकोमा कुल सम्पन्न भएको रु.५५६३७२६२।६२ मध्ये पिएस आईटममा खर्च भएको रु.६५७११०।५२ र बाँकी रु.५४९८०१५२ ।१० भुक्तानी गरेकोमा सम्झौता रु. ५४६४३६५०।९७ मात्र भएकोले रु.३३६५०१।– सम्झौता भन्दा बढी भुक्तानी भएको रु.३३६५०१।– अशुल हुनु पर्ने रु. | ३३६,५०१ |
| १११.३ | | | विल बेगर भुक्तानी- सम्झौता बमोजिम प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा छुट्टै विल भर्पाई पेश गर्नु पर्नेमा स्यानिटरी र ईलेक्ट्रिकल आईटमहरु प्रोभिजनल समबाट भुक्तानी हुने गरी सम्झौता गरेकोमा अन्तिम विल वापत रु २६९३४६३।०० भुक्तानी गरेकोमा प्रोभिजनल सम वापत भुक्तानी भएको रु ५३१३२५।०० को विल भर्पाई पेश नभएको प्रमाण पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु ५३१३२५।०० | ५३१,३२५ |
| ११२ | | | **आधारभुत स्वास्थ्य चौकी भवन निर्माण**<br><br>आधारभुत स्वास्थ्य चौकी भवन (वडा नं. ३,६,८ र ९ ) निर्माणको लागि निर्माण व्यबसायी जय भवानी निर्माण सेवा कोहलपुरसँग मिति २०७८।९।३० ( म्याद थप समेत) भित्र निर्माण कार्य सक्ने गरी २०७२०७६।१०।६ मा रु.१०८२९७९७।२८ को सम्झौता गरेकोमा परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्- | |
| ११२.१ | | | पूर्वनिर्धारित क्षतिपूर्ति- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा निर्माण व्यबसायिले सम्झौतामा उल्लेखित तोकिएको मितिमा निर्माण कार्य सम्पन्न नगरेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यबस्था रहेको छ। पालिकाले | |

| | | | | |
|---|---|---|---|---|
| | | | वडा नं. ३,६,८ र ९ को आधारभुत स्वास्थ्य चौकी भवन निर्माणको लागि निर्माण व्यबसायी जय भवानी निर्माण सेवा कोहलपुरलाई निर्माण कार्य सम्पन्न वापत रु.९८२१६०६।९७ भुक्तानी गरेकोमा सोही बराबरको कार्य सम्पन्न पेश भएको छ। उक्त भवनको निर्माण सम्पन्न र नापी किताबमा प्राविधिकले कहिकतै पनि सम्पन्न भएको मिति उल्लेख गरेको पाईएन। साथै भवन सम्पन्न भएको भनि सम्बन्धित वडा कार्यालयहरु वडानं.३ ले मिति २०७८।६।१८ मा ,वडा नं.६,८ र ९ ले क्रमश २०७८।१०।२६,२०७८।११।१८ र २०७८।११।२६ मा भुक्तानीको लागि महानगरपालिकामा सिफारिश गरेको पाईयो। यसरी भवन निर्माण सम्पन्न भएको मिति उल्लेख नभएकोले समयमा भवन निर्माण कार्य सम्पन्न भएको हो भन्ने आधार नदेखिएकोले निर्धारित मितिमा भवन सम्पन्न भए नभएको सम्बन्धमा पालिकाले एकिन गरी पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनु पर्ने देखिएमा लगाउनु पर्ने देखिएको। साथै वडा नं. ३ को नव निर्मित भवनमा स्वास्थ्य केन्द्र सञ्चालन नगरी उक्त भवनमा वडा कार्यालय सरेको र स्वास्थ्य चौकी पुरानो भवनमा रहेको भन्ने जानकारी प्राप्त हुन आएकोले जुन प्रयोजनको लागि भवन बनाईएको हो सोही प्रयोजनको लागि प्रयोगमा ल्याउनको लागि पालिकाको ध्यान जानु पर्दछ। | |
| ११२.२ | | | कार्य सम्पन्न जमानत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा कार्य सम्पादन जमानत राख्नु पर्ने सम्बन्धि व्यबस्था रहेको छ। पालिकाले उक्त भवनको कार्य सम्पादन जमानत वापत माग गरीएको नेपाल बंगलादेश बैंक लिमिटेड कोहलपुरशाखाको जमानत रकम रु.१६०००००।– को अवधि २०७९।३।३२ सम्म मात्र रहेकोले पालिकाले निर्माण कार्यको त्रुटी सच्याउने अबधि एकिन गरी सो अवधि सम्मको कार्य सम्पादन जमानत राख्नु पर्ने रु.१६०००००।- | १,६००,००० |
| ११३ | | | **स्वास्थ्य चौकी भवन मर्मत सम्भार**<br><br>भवनको मर्मत सम्भार - संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रम अन्तर्गत आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण (वडा नं. १,२,४,७ र २३ को ) को लागि सबै भन्दा घटी कवोल गर्ने निर्माण ब्यावसायी खड्का निर्माण सेवा बाँकेसंग मिति २०७८।९।३० (म्याद थप समेत) भित्र निर्माण कार्य सक्ने गरी मिति २०७७।३।२६ मा रु.३०७०५४४७।९६ को सम्झौता गरेकोमा उक्त निर्माण कार्य मित २०७८।९।२६ मा रु.२८७१७९१७।४५ मा सम्पन्न गरेको देखिएको छ। निर्माण कार्य सम्पन्न पश्चात निर्माण गरीएका भवनहरु भत्किएको तथा सामान्य मर्मत गर्नु पर्ने आवस्यक देखिएको भनि पालिकाले उक्त निर्माण व्यबसायीलाई मिति २०७९।८।२१ मा पत्राचार गरेकोमा मर्मत कार्य गरे नगरेको सम्बन्धमा पालिकामा जानकारि पेश हुन नआएकोले निर्माण कार्यको त्रुटी सच्याउनु पर्ने अवधि भित्र भवनमा त्रुटी देखिएकोले मर्मत कार्य सम्पन्न गराएर मात्र धरौटी रकम फिर्ता पाउन बाँकी देखिएमा मात्र फिर्ता दिनु पर्दछ। साथै निर्मीत भवनमा स्वास्थ्य संस्था स्थापना गरी स्वास्थ्य सेवा प्रवाह गर्नु पर्नेमा उक्त भवनमा वडा कार्यालय समेत स्थापना गरी कामकाज हुँदै आएको जानकारी प्राप्त हुन आएकोले जुन प्रयोजनको लागि भवन निर्माण गरीएको हो सोही प्रयोजनमा प्रयोग हुनु पर्दछ। | |
| ११४ | | | **२३ नं. वडा कार्यालय तर्फ**<br><br>२३ नं. वडा कार्यालयको नमुना भौचिङ परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् | |
| ११४.१ | | | २३ नं. वडा कार्यालय<br><br>जिनसी अभिलेख- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालयमा भएका जिन्सी सामानको मौज्दातको अबस्था सम्बन्धमा बर्षको कम्तीमा एक पटक निरीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्ने तथा नियम १०० मा प्रत्येक कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालु बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको माल सामानको परिमाण र मुल्य मुलाई जिन्सि माल सामानको श्रेस्ता महालेखापरीक्षकबाट स्विकृत ढाँचामा राख्नु पर्ने व्यबस्था रहेको छ। वडा कार्यालयले नियमावलीमा भएको व्यबस्थाको पालना नगरेको तथा जिन्सी सामानको खाता म.ले.प.फा.नं.४०८ हरेक बर्ष अलग अलग राख्ने गरेको पाईयो। साथै जिन्सीको सहायक खाता नराखेको तथा जिन्सी निरीक्षण नगरेको जिन्सि सामानको मर्मत सम्भार अभिलेख म.ले.प.फा.नं.४१५ समेत राख्ने गरेको नपाईएकोले वडामा भएका जिन्सी सामान के कति कस्तो अबस्थामा छन् एकिन हुन सकेन। अत कार्यालयले नियमावलीमा भएको व्यबस्था बमोजिम जिन्सी खाता अद्यावधिक राख्नु पर्दछ। | |

<table>
<tr><td>११४.२</td><td></td><td></td><td>२३ नं. वडा कार्यालय- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भए पश्चात उक्त कामको स्विकृत ड्ईङ डिजाईन वा स्पेशिफिकेशन बमोजिम भए नभएको प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यबस्था रहेको छ। वडा कार्यालयले रु.२२५७३३१।– मुल्य बराबरका निम्न निर्माण सामाग्री खरिद कार्य गरेकोमा उक्त सामाग्रि जडान भए नभएको सम्बन्धमा अनुगमन भएको नपाईएकोले सो को अनुगमन गरी प्राविधिक प्रतिबेदन तयार गर्नु पर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.।मिति</th><th>सप्लायर्सको नाम</th><th>वापत</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>१</td><td>९।०७८।९।४</td><td>लक्ष्मी ट्रेड एण्ड सप्लायर्स</td><td>बोरिगं जडानको लागि बोरिगं सामाग्री खरिद</td><td>४९५६५०</td></tr>
<tr><td>२</td><td>१६।०७८।११।१५</td><td>बागेश्वरी ह्युम पाईप</td><td>विधुत पोल तथा तार खरिद</td><td>४८९६००</td></tr>
<tr><td>३</td><td>१७।०७८।११।१६</td><td>नेपाल ईलेक्ट्रीकल एण्ड जनरल सप्लायर्स</td><td>जंगली सिंहपुर्जा गाँउमा सौर्य उर्जा लाईट जडान</td><td>४८८२३२</td></tr>
<tr><td>४</td><td>१८।०७८।११।२९</td><td>ईन्टरनेशनल सम्बृदि ट्रेड एण्ड सप्लायर्स</td><td>जञ्जुपूर्वा र लोहारनपूर्वा गाँउमा सौर्य उर्जा लाईट जडान</td><td>४९३६७४</td></tr>
<tr><td>५</td><td>१९।०७८।११।२९</td><td>अनुज ट्रेडिगं</td><td>बोरिगं जडानको लागि बोरिगं सामाग्री खरिद</td><td>२९०१७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२२५७३३१।-</td></tr>
</table></td><td>२,२५७,३३१</td></tr>
<tr><td>११५</td><td></td><td></td><td>६ नं. वडा कार्यालय तर्फ<br><br>६ नं. वडा कार्यालयको नमुना भौचिङ परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्</td><td></td></tr>
<tr><td>११५.१</td><td></td><td></td><td>वडा नं.-६ जिनसी अभिलेख- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालयमा भएका जिन्सी सामानको मौज्दातको अबस्था सम्बन्धमा बर्षको कम्तीमा एक पटक निरीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्ने तथा नियम १०० मा प्रत्येक कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालु बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको माल सामानको परिमाण र मुल्य मुलाई जिन्सि माल सामानको श्रेस्ता महालेखापरीक्षकबाट स्विकृत ढाँचामा राख्नु पर्ने व्यबस्था रहेको छ। वडा कार्यालयले नियमावलीमा भएको व्यबस्थाको पालना नगरेको तथा जिन्सी सामानको खाता म.ले.प.फा.नं.४०८ हरेक बर्ष अलग अलग राख्ने गरेको पाईयो। साथै जिन्सीको सहायक खाता नराखेको तथा जिन्सी निरीक्षण नगरेको जिन्सि सामानको मर्मत सम्भार अभिलेख म.ले.प.फा.नं.४१५ समेत राख्ने गरेको नपाईएकोले वडामा भएका जिन्सी सामान के कति कस्तो अबस्थामा छन् एकिन हुन सकेन। अत कार्यालयले नियमावलीमा भएको व्यबस्था बमोजिम जिन्सी खाता अद्यावधिक राख्नु पर्दछ।</td><td></td></tr>
<tr><td>११५.२</td><td></td><td></td><td>वडा नं. -६ बढि भुक्तानी- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सम्झौता बमोजिमको रकम भुक्तानी दिनु पर्ने व्यबस्था रहेको छ। वडा कार्यालयले फुल्टेक्रा पिसिसि निर्माण कार्य उपभोक्ता समितिसँग २०७९।३।२० निर्माण कार्य सक्ने गरी २०७९।३।६ मा रु.११४७१६२।– सम्झौता भएकोमा कार्यलयले व्यहोर्ने रु.१०८८०७९।– कन्टीन्जेन्सी बाहेक र बाँकी उपभोक्ताको योगदान रहने गरी सम्झौता गरेकोमा रु.११७७२०।– मा निर्माण कार्य सम्पन्न गरेकोमा कन्टीन्जेन्सी बाहेक सम्झौता रकम रु.१०८८०७९।– भुक्तानी दिनु पर्नेमा रु.१११८८३४।– भुक्तानी भएकोले रु.३०७५५।-बढी भुक्तानी भएको छ। सम्झौता भन्दा बढी भुक्तानी भएको रु.३०७५५।– अशुल हुनु पर्ने रु.</td><td>३०,७५५</td></tr>
<tr><td>११५.३</td><td></td><td></td><td>वडा नं. -६ अनुगमन भत्ता- लुम्बिनी प्रदेश पदाधिकारिको सुविधा सम्बन्धि निर्देशिका २०७५ मा तोकिएको सुविधा बाहेक अन्य सुविधा लिन नहुने व्यबस्था रहेको छ। भौ.नं.१४४।०७९।०३।२४ बाट वडा कार्यालयले वडाबाट सञ्चालित विभिन्न योजनाको अनुगमन गरेको भनि विभिन्न पदाधिकारी तथा कर्मचारीले अनुगमन भत्ता वापत रु.८००००।– भुक्तानी लिएकोले नियम संगत</td><td>८०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>नदेखिएको रु.</td><td></td></tr>
<tr><td>११५.४</td><td></td><td></td><td>वडा नं.-६ सामान हस्तान्तरण र दाखिला- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उप नियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्ने तथा जिन्सी अद्यावधिक गरी राख्नु पर्ने व्यबस्था रहेको छ। वडा कार्यालयले निम्न मेसीन ,खेलकुद सामाग्री ,छपाई सामाग्री लगायतका माल सामान खरिद गरी रु.१२०१९३६।-भुक्तानी खर्च लेखेकोमा उक्त सामान सम्बन्धितलाई हस्तान्तरण गरी जिन्सी आम्दानी बाँधी जिन्सी अभिलेख अद्यावधिक गर्नु पर्दछ।
<table>
<tr><td>भौ.नं.।मिति</td><td>सप्लायर्सको नाम</td><td>सामानको नाम</td><td>खरिद मुल्य</td><td>कैफियत</td></tr>
<tr><td>१३३।०७९।३।२३</td><td>ब्राहा सप्लायर्स दांग</td><td>स्यानीटरी प्याड भण्डीगं मेसिन १ थान</td><td>२९४९९९</td><td>फुल्टेक्रा मा.वि.को लागि खरिद</td></tr>
<tr><td>१४६।०७९।३।२४</td><td>हिमालयन जनरल अर्डर सप्लायर्स बाँके</td><td>१३ आईटम खेलकुद सामाग्री</td><td>४९८०७</td><td>फुल्टेक्रा मा.वि.को लागि खरिद</td></tr>
<tr><td>११६।०७९।३।१३</td><td>समाज जागरण साप्ताहिक बाँके</td><td>प्रोफाईल तयारी र छपाई ५०० थान</td><td>२४७०००</td><td></td></tr>
<tr><td>१०५।०७९।२।३०</td><td>लाईवा फर्निचर प्यालेस र न्यू शर्मा प्लाष्टीक स्टोर</td><td>४ आईटम फर्निचर सामान</td><td>४९९००</td><td>मदरसा दारुल उलुम आरफियाको लागि खरिद</td></tr>
<tr><td>५५।०७८।११।२०</td><td>वालाजी ह्यूम पाईप तथा विधुत पोल उद्दोग</td><td>३०० एमएम ह्यूम पाईप १६ थान</td><td>१५२०५२</td><td>योजना नखुलेको र प्रयोजन नखुलेको</td></tr>
<tr><td>२२।०७८।१२।६</td><td>बालाजी ट्रेड ईन्टरनेशनल</td><td>विधुतिय सामाग्री खरिद</td><td>४०८१७८</td><td>कार्य सम्पन्न प्रतिवेदन पेश नभएको</td></tr>
</table></td><td></td></tr>
<tr><td>११६</td><td></td><td></td><td>२१ नं. वडा कार्यालय तर्फ<br><br>२१ नं. वडा कार्यालयको नमुना भौचिङ परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्</td><td></td></tr>
<tr><td>११६.१</td><td></td><td></td><td>२१ नं. वडा कार्यालय<br><br>जिनसी अभिलेख- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालयमा भएका जिन्सी सामानको मौज्दातको अबस्था सम्बन्धमा बर्षको कम्तीमा एक पटक निरीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्ने तथा नियम १०० मा प्रत्येक कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालु बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको माल सामानको परिमाण र मुल्य मुलाई जिन्सि माल सामानको श्रेस्ता महालेखापरीक्षकबाट स्विकृत ढाँचामा राख्नु पर्ने व्यबस्था रहेको छ। वडा कार्यालयले नियमावलीमा भएको व्यबस्थाको पालना नगरेको तथा जिन्सी सामानको खाता म.ले.प.फा.नं.४०८ हरेक बर्ष अलग अलग राख्ने गरेको पाईयो। साथै जिन्सीको सहायक खाता नराखेको तथा जिन्सी निरीक्षण नगरेको जिन्सि सामानको मर्मत सम्भार अभिलेख म.ले.प.फा.नं.४१५ समेत राख्ने गरेको नपाईएकोले वडामा भएका जिन्सी सामान के कति कस्तो अबस्थामा छन् एकिन हुन सकेन। अत कार्यालयले नियमावलीमा भएको व्यबस्था बमोजिम जिन्सी खाता अद्यावधिक राख्नु पर्दछ।</td><td></td></tr>
<tr><td>११६.२</td><td></td><td></td><td>वडा नं. २१<br><br>दरबन्दी बाहिरको शिक्षक र कर्मचारीको तलब- भौ. नं. १४२।२०७९।०३।२४ उपमहानगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विद्यालयमा स्विकृत दरबन्दी अनुसारको शिक्षक र कर्मचारीको</td><td>९४२,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | तलब खर्च लेख्नु पर्दछ । वडा कार्यालयले महाराजा माद्यमिक विद्यालय पुरैना – २१ बाँके मा माद्यमिक तहको अंग्रजी विषयको शिक्षक १ जना मासिक रु.३५०००।- र कम्प्युटर अपरेटर १ जना मासिक रु.२००००।– नियुक्त गरी २०७८ माघ महिना देखि २०७९ असार सम्मको रु.३३००००।- र कक्षा ११ का पार्ट टाईम शिक्षक ६ जनाको २०७८ श्रावण देखि २०७९ असार सम्मको रु.६१२०००।– गरी कुल रु.९४२०००।– समानीकरण अनुदानबाट भुक्तानी खर्च लेखेको छ । उपमहानगरपालिकाले विद्यालयमा आवस्यक पर्ने शिक्षक तथा कर्मचारीको दरबन्दी संगठन तथा ब्यबस्थापन सर्बेक्षण गरी कानुन बनाएर मात्र नियुक्ती गरि तलब खर्च लेख्नु पर्नेमा सो नगरी शिक्षक तथा कर्मचारी भर्ना गरी तलब भत्ता खर्च लेखेको अनियमित देखिएको रु.९४२०००।- | |
| ११६.३ | | | वडा नं. २१<br><br>बढि भुक्तानी- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सम्झौता बमोजिमको रकम भुक्तानी दिनु पर्ने व्यबस्था रहेको छ । वडा कार्यालयले तेलियानपुर प्रहरी चौकी बाउण्डरी निर्माण उपभोक्ता समिति नेपालगंजलाई प्रहरी चौकीको वाउण्ड्रीवाल रु.९४६५७।८१ को निर्माण कार्य सम्पन्न प्राविधिक प्रतिवेदन पेश भएकोमा उक्त समितिलाई रु.१०००००।– भुक्तानी गरेकोले रु. ५३४२।– बढी भुक्तानी गरेको छ । कार्य सम्पन्न भन्दा बढी भुक्तानी भएको रु.५३४२।– असुल हुनु पर्ने रु. | ५,३४२ |
| ११६.४ | | | वडा नं. २१<br><br>बढी दररेटमा भुक्तानी- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा तोकिएको नम्सको दररेट राखी लागत अनुमान तयार गर्नु पर्ने व्यबस्था रहेको छ । वडा कार्यालयले भौ.नं.२१।२०७८।११।१८ बाट पुरैना नाली तथा पिसिसि निर्माण उपभोक्ता समितिलाई पुरैना मुलबाटो देखि दक्षिणतर्फ मदरसा सम्म नाली निर्माण र पिसिसि निर्माण कार्य वापत रु.९६२२००।– भुक्तानी गरेकोमा आईटम नं.२ को १२६.४० घन मिटर नरम माटो खन्ने कामको स्विकृत नर्म्सको दर रु.४२५।३९ ले रु.५३७६९।– हुनु पर्नेमा कडा माटो खन्ने कामको दर विश्लेषण रु.४८६।१६ राखी लागत अनुमान तयार गरी सोही दरमा भुक्तानी गरेकोले बढी दर रु.६०।७७ ले १२६.४० घन मीटर परीमाणको रु.७६८१।– बढी भुक्तानी भएकोले असुल हुनु पर्ने रु. | ७,६८१ |
| ११६.५ | | | वडा नं. २१<br><br>गैर सरकारी संस्था मार्फत कार्य- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा एनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आबस्यकता,किसिम,कामको गुणस्तर,जनशक्ती,कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत अनुमान तयार गरी रु.दश लाख सम्मको काम गराउनको लागि प्रचलित कानुन बमोजिम दर्ता भई नियम १८ बमोजिमको मौजुदा सुचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तरको वा स्थानिय स्तरको दैनिक समाचारपत्रमा सुचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गरी सो को मुल्यांकन गरी सो संस्था छनौट गरी काम गराउनु पर्ने व्यबस्था छ । वडा कार्यालयले नियमावलीमा भएको व्यवस्थाको पालना नगरी बागेश्वरी अशल शासन क्लव मार्फत नागरीक सहायता कक्ष सञ्चालन गरी रु.१४४५००।– खर्च लेखेको छ । वडाले उक्त कार्य गर्न आवस्यक थियो थिएन र भए गरेको कार्यबाट के उपलब्धी हासिल भयो सो सम्बन्धमा वडाबाट कुनै अनुगमन तथा मुल्यांकन भए गरेको देखिएन । आवस्यकताको आधारमा वडाले कार्यक्रम छनौट गर्ने र गैर सरकारी मार्फत कार्य गराउँदा नियमावलीमा भएको व्यबस्थाको पालना गरेर मात्र कार्य गराउनु पर्दछ । | |
| ११७ | | | **सरसफाईमा अधिक खर्च**<br><br>उपमहानगरपालिकाले उपमहानगर भित्रका मुख्य सडक सरसफाईको लागि लागि रु.८१८६७४०।— को लागत अनुमान तयार गरी बोलपत्र (ठेक्का नं.०१।०७८।७९) आब्हान भएकोमा सवै भन्दा घटी कबोल गर्ने न्यू बागेश्वरी सरसफाई एवं सेक्यूरिटि सर्भिसेज प्रा.लि.नेपालगंज-१२ बाँकेसँग मिति २०८।११।१ देखि २०७९।१०।२९ सम्म अवधिको लागि रु.६२४२८००।- को सम्झौता गरेकोमा परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्- | |

| | | | | |
|---|---|---|---|---|
| ११७.१ | | | जनशक्ती सप्लाई र हाजीरी- सरसफाई कम्पनी र पालिका विच भएको मिति २०७८।१०।२७ को सम्झौतापत्रमा कतिजना कुचीकार र सुपरभाईजर उपलब्ध गराउने र दैनिक कति घण्टाको दरले काम गर्नु पर्ने सो उल्लेख नगरेको। साथै सरसफाईमा खटिने जनशक्तीको हाजीरी पालिकाले नराखेको तथा तिनीहरुको दैनिक कामको सुपरीवेक्षण तथा निरीक्षण गरेको प्रमाण बेगर सम्बन्धित शाखाको सिफारिसको आधारमा भुक्तानी हुने गरेको पाईयो। पालिकाले सरसफाईमा खटिने कुचिकार र सुपरभाईजरको हाजिरी अभिलेख दुरुस्त राख्नु पर्दछ। | |
| ११७.२ | | | प्रतिवेदन- सम्झौताको बुँदा नं. १ मा सरसफाई कम्पनिले सम्पन्न भएका कृयाकलापको प्रगती प्रतिवेदन, सार्वजनिक परीक्षण भौतिक उपस्थिती अनुगमन लगायतका विषय उल्लेख गरीएको भएता पनि सो को प्रमाण पेश हुन आएन। | |
| ११७.३ | | | बार्षिक खर्च- पालिकाले दिएको विवरण अनुसार सरसफाई शाखाखमा ४५ जना स्थायी कर्मचारी रहेको अवस्थामा पुन पालिकाले सरसफाई गर्ने कर्मचारी भनेर उपमहानगरमा ९७ जना र २३ वडामा १०४ जना गरी २०१ जना करार र ज्यालादारीमा कर्मचारी नियुक्त गरी उपमहानगरपालिकाबाट सरसफाईका कर्मचारीको पारिश्रमिक वापत रु.४१०९३०९६।– खर्च लेखेको छ। पुन २० वटा वडाबाट सरसफाई खर्चमा बजेट विनियोजन गरि रु. ९७९०६२६।– भुक्तानी खर्च लेखेको सरसफाईमा बार्षिक रु.५०८८३७२२।- खर्च लेखेको छ। यसरी उपमहानगरपालिकामा सरसफाई शाखा नै व्यबस्थापन गरी ४५ जना स्थायी कमर्चारी रहेको साथै सरसफाईको लागि भनेर अन्य करार र ज्यालादारी कर्मचारी भर्ना गरेको अबस्थामा उपमहानगरसँग प्रयाप्त जनशक्ती हुँदा हुँदै पुन सरसफाईको लागि भनेर कम्पनि लाई बार्षिक रु.६२४२८००।– मा बोलपत्र स्विकृत गरेर भुक्तानी खर्च लेखेको छ। उपमहानगरपालिकाले आफुसँग भएको सरसफाईका जनशक्तीको कार्य विवरण तयार नगरेको कुन कुन जनशक्तीले कसरी काम गर्ने सो को स्पष्ट निति सहितको कार्य योजना समेत नबनाएकोले सरसफाई कर्मचारी व्यबस्थापन एकदमै कमजोर रहेको पाईयो। तसर्थ सिमित आन्तरीक स्रोत भएको उपमहानगरपालिकाले मितव्ययीताको सिद्दान्त अबलम्वन गरी आफुसँग भएको जनशक्तीबाट फोहोर व्यबस्थापन गरीनु पर्दछ। | |
| ११८ | | | **सवारी साधन खरिद**<br><br>सवारी साधन खरिद- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा स्विकृत बजेट र कार्यक्रममा तोकिएको शिर्षकमा मात्र खर्च गर्नु पर्ने व्यबस्था रहेको छ। नगरपालिकाले कार्यक्रम बेगर सुरक्षित नागरीक आवास कार्यक्रमबाट पानस अटो मोटिभ डिष्ट्रिव्युटर नेपालगंजबाट रु.३६९९००।– बजाज एभेन्जर मोटर साईकल एक थान र संघिय पुँजीगत शिर्षकबाट श्रेष्ठ ट्रेड हब कोहलपुरबाट रु.६७५८००।– को यामाहा एफ जेड मोटरसाईकल २ थान र रु.२६५९००।– को फ्यासिनो स्कुटर १ थान समेत रु.१३११६००।– सोझै खरिद गरेकोले स्विकृत कार्यक्रम बेगर खरिद गरेको अनियमित देखिएको रु. | १,३११,६०० |
| ११९ | | | **विजक बेगर भुक्तानी**<br><br>विजक पेश नभएको - गाँउपालिका र निर्माण व्यबसायी बीच भएको सम्झौता बमोजिम प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा छुट्टै विल भर्पाई पेश गर्नु पर्ने उल्लेख भएकोमा निर्माण व्यबसायी महालक्ष्मी नारायणम जेभीले ठेक्का नं. ०५।०७८।७९ को विभिन्न स्थानमा बाटो निर्माण प्याकेज- १ अन्तर्गतको दोस्रो रनिगं विल रु.१०२६७०१०।६१ भुक्तानी गर्दा प्रोभिजनल सम आईटमबाट विमा प्रिमियम वापत भुक्तानी भएको रु.३०४५४६।५२ नेको ईन्योरेन्स लि.काठमाडौ को विजक पेश नभएको र बागेश्वरी सिभिल ल्याव प्रा.लि.कोहलपुरको ल्याब टेष्ट वापत भुक्तानी गरेको रु.१२१९९९।८० को सक्कल विजक पेश नभएकोले सक्कल विजक पेश हुनु पर्ने रु. रु.४२६५४६।३२ | ४२६,५४६.३२ |
| १२० | | | **गोबरग्याँस प्लान्ट जडान**<br><br>कार्यसम्पन्न तथा अनुगमन प्रतिवेदन पेश नभएको- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सार्वजनिक निकायले खरिद सम्झौता वमोनिमको निर्माण कार्य भए नभएको सम्वन्धमा सम्वन्धित प्राविधिकलाई नापजाँच गराई निर्मित कामको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले नगरकार्यपालिकाको मिति २०७९।०१।०७ को निर्णयानुसार बैकल्पिक नविकरणीय उर्जा प्रविधि जडान। बायोग्याँस को लागि माण्डव्य बैकल्पिक उर्जा तथा गोबर ग्याँस प्रा.लि. कोहलपुरसँग मिति २०७९।०२।१९ को सम्झौता बमोजिम नगरपिलकाले रु.३००००।– र बैकल्पिक केन्द्रले रु.२८८००।– गरी रु.५८८००।– प्रति प्लान्टको लागतमा वडा नं. २० मा विभिन्न १० जना कृषकको घरमा गोबर ग्यास प्लान्ट जडान गर्ने भनिएकोमा १० जना व्यक्तीको घरमा प्रति प्लान्ट रु.६७९८२।९९ का दरले उक्त प्लान्टको निर्माण कार्य गरेको भनि उक्त केन्द्रले रु.६७९८२९।– को विजक जारी गरी नगरपिलकाबाट रु.३०००००।– अनुदान भुक्तानी लगेकोमा उक्त गोबर प्लान्ट जडान गरेको सम्बन्धित प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिएको। | ६७९,८२९ |

| | | | | |
|---|---|---|---|---|
| १२१ | | | **असम्बन्धित खर्च**<br><br>असम्बन्धित खर्च- सार्वजिनक खरिद नियमावली २०६४ बमोजिम निर्माण सम्झौता गरी निर्माण कार्यसँग सम्बन्धित विल अफ क्वान्टीटीको मात्र भुक्तानी दिनु पर्ने व्यबस्था रहेकोमा नगरपालिकाले रोजनगरमा छुटेको बाटो पक्की नाला सहित सडक कालपत्रे गरे वापत राप्ती गणेश कन्ष्ट्रक्शन नेपालगंजलाई अन्तिम विल वापत रु.६०१७५२।– भुक्तानी गर्दा प्रोभिजनल सम वापत रु.१३८५५।– भुक्तानी गरेकोमा ल्याव टेष्ट गरे वापत बागेश्वरी सिभिल ल्याव प्रा.लि.कोहलपुरको रु.१००००।– को विल संलग्न रहेको र साईट भिजिट वापत खर्च भएको भनि गाडी भाडा र खाजा खर्च वापत रु.३८५५ ।- भर्पाई राखी खर्च लेखेकोले ल्याव टेष्ट आईटममा बढी भुक्तानी गरेको रु.३८५५।– अशुल हुनु पर्ने रु. | ३,८५५ |
| १२२ | | | **बागेश्वरी चिल्ड्रेन पार्क निर्माण**<br><br>उपमहानगरपालिकाले उपमहानगरपालिका वार्ड नं. २ मा बागेश्वरी चिल्ड्रेन पार्क रेष्टुरेन्ट सटर र पार्किगं समेत निर्माण कार्यको लागि रु.२९९९८२९४।३७ को लागत अनुमान तयार गरी बोलपत्र (ठेक्का नं.०४।०७८।७९) आब्हान भएकोमा सवै भन्दा घटी कबोल गर्ने उच्चकोटी श्री गणेशनाथ बजरंग जेभी जुम्लासँग २०७९ पौष मसान्त भित्र निर्माण कार्य सक्ने गरी २०७८।०७।०९ मा रु.१५९५५२५५।१३ मुल्य अभिबृद्दि कर बाहेक को सम्झौता गरेकोमा परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्-<br><br>:<br><br>जग्गा विवाद- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यबस्था नभई बोलपत्र आव्हान गर्नु हुदैन भन्ने उल्लेख गरीएको छ । उक्त निर्माण स्थलको जग्गा सम्बन्धमा ध्रुव बहादुर रावतले नापजाच गरी दर्ता गरी पाँउ भनि पुनराबेदन अदालत तुलसीपुर दांगमा मिति २०६४।९।२४ मा मुद्दा दायर गरेको र अदालतबाट २०७६।०९।११ मा नापी कार्यालय,भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंजलाई निवेदक ध्रुव बहादुर रावतको माग बमोजिम टुंगो लगाउनु भनि परमादेश जारी भएको अबस्थामा उप महानगरपालिका बेखबर भएको देखियो । साथै जग्गा विबाद रहेकै अबस्थामा बोलपत्र आव्हान गरेर बोलपत्र स्विकृत गरेकोले पुन जग्गा धनिले अदालतमा मुद्दा दर्ता गरेकोले २०७९।४।२२ मा उच्च अदालतले निवेदकको मञ्जुरी बेगर उक्त जग्गामा कुनै निर्माण कार्य नगरी जग्गा यथास्थितीमा राख्नु भनि निषेधाज्ञा जारी गरेकोले पालिकाले हाल उक्त निर्माण कार्य स्थगित गरी ठेक्का तोड्ने क्रममा रहेको पाईयो । निर्माण गरीने संरचना रहेको स्थल एकिन नगरी बोलपत्र स्विकृत गर्नाले ठेक्का व्यबस्थापनमा हुने समय र लागत खेर गई पालिकालाई ब्ययभार परेको छ । अत निर्माण स्थलको सुनिश्चितता गरेर मात्र ठेक्का व्यबस्थापन गरिनु पर्दछ । | |
| १२३ | | | **विद्यालय भौतिक पूर्वाधार निर्माणमा निकासा**<br><br>कार्य सम्पन्न प्रतिवेदन पेश नभएको<br><br>:<br><br>विद्यालय भौतिक पूर्वाधार निर्माण- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) अनुसार करारका सर्त वमोजिम प्राविधिक नापजाँचा गरी नापी कितावमा उल्लेखको वास्तविक कार्य सम्पादनको आधारमा भूक्तानी दिन पर्ने उल्लेख छ । नगरपालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको देहायका विद्यालयलाई ४ कोठे र २ कोठे भवन निर्माण वापत रु.१९८०००००।- र आईसिटी | २१,७५०,००० |

निर्माण वापत रु.१९५००००।– समेत रु.२१७५००००।- विनियोजित भएको बजेट शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमिको च.नं.२२५ मिति २०७९।३।१७ को पत्रानुसार सम्बन्धित विद्यालयलाई नै जिम्मेवार बनाई कार्य प्रगतीको आधारमा निर्माण कार्यको रकम भुक्तानी हुने गरी विद्यालय व्यबस्थापन समितिको खातामा निकाशा गरेको छ। उक्त निकासा रकमबाट विद्यालयको भवन निर्माण र आईसिटी सम्बन्धी भए गरेको कार्यको प्राविधिक मुल्यांकन सहितको कार्य सम्पन्न प्रतिवेदन एवं अनुगमन प्रतिवेदन पेश हुनु पर्ने रु.२१७५००००।-

| सि.नं. | विद्यालयको नाम | वापत | निकासा रकम |
|---|---|---|---|
| १ | धम्बोजी मा.वि. | ४ कोठे भवन | ३६००००० |
| २ | महाराजा मा.वि. | ४ कोठे भवन | ३६००००० |
| ३ | ने.रा.आ.वि.कन्ठिपु | ४ कोठे भवन | ३६००००० |
| ४ | आदर्स मा.वि. राँझा | ४ कोठे भवन | ३६००००० |
| ५ | जगतज्योती मा.वि. | ४ कोठे भवन | ३६००००० |
| ६ | जय जनता मा.वि. | २ कोठे भवन | १८००००० |
| ७ | नारायण मा.वि. | आईसिटी निर्नण | ६५०००० |
| ८ | मदरसा दारुल मा.वि. | आईसिटी निर्नण | ६५०००० |
| ९ | महेन्द्र मा.वि. | आईसिटी निर्नण | ६५०००० |
| | जम्मा | | २१७५००००० |

१२४ **महेन्द्रपार्क सञ्चालन र व्यबस्थापन**

महेन्द्रपार्क सञ्चालन र व्यबस्थापन- स्थानिय सरकार सञ्चालन तथा व्यबस्थापन एन २०७४ मा स्थानिय निकायले आफनो स्वामित्वमा रहेका सरकारी सम्पत्तीको सञ्चालन तथा व्यबस्थापन संघ संस्था तथा व्यक्तीलाई दिई सो बाट आन्तरीक आम्दानी प्राप्त गर्नु पर्ने व्यबस्था रहेको छ । उपमहानगरपालिकाले ठेक्काको माध्यमबाट वडा नं. .... मा रहेको महेन्द्रपार्क सञ्चालन तथा व्यबस्थापनको लागि सबै भन्दा बढी कबोल गर्ने शुभ एन.एस. कन्स्ट्रक्शन को बार्षिक रु.५०५१००।– मा १० बर्षको रु.५०५१०००।-आम्दानी बुझाउने गरी मिति २०७८।०२।२५ मा १० बर्षे सम्झौता गरेको छ । सम्झौता अनुसार बार्षिक रु.५०५१००।– आम्दानि हुने देखिन्छ । तर पालिकाले दिएको विवरण अनुसार उक्त पार्क सञ्चालनको लागि यस बर्ष पशुपंक्षीको खाद्यान्न आहारा वापत रु.१००००००।– र २ जना कर्मचारीको पारिश्रमिक वापत रु.५०९८६५।– समेत बार्षिक रु.१५०९८६५।– खर्च भएको पाईयो । उक्त पार्क सञ्चालनको लागि यस्तै प्रकारले खर्च हुने हो भने १० बर्षमा रु.१५०९८६५०।– लगभग खर्च हुने देखिन्छ । बार्षिक रुपमा खर्च घट्ने भन्दा बरु खर्च बढ्दै जान्छ । यस्तै प्रकारले बार्षिक आम्दानी भन्दा खर्च बढ्दै जाने हो भने १० बर्षमा रु.१०००४७६५०।– सोझै व्ययभार हुने देखिन्छ । तसर्थ पालिकाले आन्तरीक आम्दानीका स्रोतहरु पहिचान गरी आत्म निर्भर हुने क्षेत्रमा लगानी गर्नेतर्फ उपमहानगरपालिकाको ध्यान जानु पर्दछ ।

१२५ **खरिद सम्झौताको अन्त्य**

**खरिद सम्झौताको अन्त्यः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम १२८ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पादन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखि पठाउने

<table>
<tr><td></td><td></td><td></td><td>समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन। ठेक्का नं २१।०७७।७८ बाट चौलिका देखि वालेगाऊँ सडक कालोपत्रे मर्मत गर्न म्याद थप समेत मिति २०७८।७।३० सम्म सम्पन्न गर्ने गरि रु मा मिति २०७८।२।२६ गते कष्णसार कन्स्ट्रक्सन कोहलपुर बाँकेसँग सम्झौता गरेकोमा लेखापरीक्षण अवधि मिति २०७९।१०।३ गतेसम्म निर्माण काम गरेको नपाइएको अवस्थामा कार्यालयले यी कारवाहीहरु गर्नु पर्नेमा सो कानुनी जिम्मेवारी पुरा नगरेको कारण ठेक्का सम्पन्न गर्ने अवधी लम्बि गई ठेक्काको कामबाट प्राप्त हुनु पर्ने सेवा प्राप्त हुन नसकेको अवस्था उत्पन्न भएकोले अधुरो ठेक्काको नियमानुसार कारवाही गरि ठेक्का सम्झौता र खरिद ऐनको कार्यान्वयन हुनुपर्दछ। उक्त निर्माण व्यवसायीलाइ गत आर्थिक वर्ष २०७७।७८ मा रु ५४००००।०० पेश्कि दिएकोमा सो पेश्कि फछर्यौट नभएको कारण पेश्कि समेत जोखिममा परेकोले पेश्कि जमानतबाट पेश्कि असुल गर्नुपर्ने समेत देखिन्छ। निर्माण व्यवसायीले सम्झौतामा तोकिएको समयमा निर्माण काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाइ पूर्व निर्धारित क्षतिपूर्ति लगाइ नियमानुसार कारवाहि गरी निर्माण काम सम्पन्न गराउनुपर्दछ।</td><td></td></tr>
<tr><td>१२६</td><td></td><td></td><td>कोभिड खर्च सम्बन्धमा<br><br>कोभीड खर्च : कोभीड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७९आषाढ मसान्तसम्म देहाय अनुसार रु ६५५९०००।००आम्दानी भई रु ८५७५४३९।०० खर्च गरी आम्दानि भन्दा रु २०१६४३९।०० बढि खर्च भएको रकम प्रकोप व्यवस्थापन कोषबाट खर्च गरेको देखिएकोले नियमसम्मत नभएको रु<br><br>
<table>
<tr><td>बजेट/आम्दानीको स्रोत</td><td>२०७९ असार मसान्तसम्म प्राप्त रु.</td><td>खर्च शीर्षक</td><td>२०७९ असार मसान्तसम्म खर्च</td><td>कैफियत</td></tr>
<tr><td>उ प म न पा</td><td>२०५९०००</td><td>कोभिड भत्ता</td><td>६९७६१४२</td><td>गत आ ब २०७७।७८ मा बजेट अभावको कारण भुक्तानि नभएकोले यस वर्ष कोभिड भत्त बिभिन्न कर्मचारीहरुलाइ भुक्तानि दिएको</td></tr>
<tr><td>संघिय तर्फको उ प म न पा</td><td>४५०००००</td><td>खाना तथा खाजा</td><td>१०४४१४७</td><td>बालमन्दिर आइसोलेशनमा बस्ने संक्रमित,सुरक्षाकर्मि,कर्मचारीहरुको खाना तथा खाजा खानेको बिबरण संलग्न नभएको</td></tr>
<tr><td></td><td></td><td>आइसोलेशन निर्माण</td><td>४१९९३०</td><td>बाल मन्दिर आइसोलेशनमा जेनेरेटर घर कोटेशन मार्फत निर्माण</td></tr>
<tr><td></td><td></td><td>सर्जिकल सामान खरिद</td><td>५४५६९</td><td></td></tr>
<tr><td></td><td></td><td>आइसोलेशनमा बिद्युत महशुल भुक्तानि</td><td>२०७३४</td><td></td></tr>
<tr><td></td><td></td><td>बिबिध</td><td>५९९१६</td><td></td></tr>
<tr><td>जम्मा</td><td>६५५९०००</td><td></td><td>८५७५४३९</td><td></td></tr>
</table></td><td>२,०१६,४३९</td></tr>
<tr><td>१२७</td><td></td><td></td><td>गैर सरकारी संस्थाबाट काम गराएको<br><br><u>वडा नं १०चालुतर्फ</u><br><br>गैरसरकारी संथा मार्फतकार्य–स्थानिय सरकार सालन ऐन, २०७४ को दफा २५ मा, गैरसरकारी स संथा, उपभोक्ता समिति, सहकारी संथा लगायतका सामाजक तथासामुदायिकसंस्थालेस्थानिय तहसँगको समवयमा रही कार्यगर्नुपर्नेसहकार्यको संयुक्त अनुगमन गरी प्रगति प्रतिबेदन बनाउने व्यवस्था रहेको छ। कायालयले बिभिन्नकायमको लागि गैरसरकारी संथासँग सझौता गरी कार्यालयमा</td><td>१७,८००</td></tr>
</table>

उपलब्ध जनशक्तिले गर्न सक्ने समेत गैरसरकारी संथालाई संलग्न गराई भुक्तानि गरेको छ। गैरसरकारी संस्थाबिषयगत कार्यसागसम्बन्धितहुन वा होइनन्बिश्लेषण गरेको छैन्।गैरसरकारी संथाहले कार्यक्रम संचालन गर्दा लाभग्राहिहरुको छनोटको आधार एव मापदण्ड नबनाईदोहोरो हुने गरिकार्यक्रम संचालन गरेको छ।यसरी वडाकार्यालयकोजनशक्तिले गर्न सक्ने काम समेत स्पष्ट आधार एवम मापदण्ड वेगर गैरसरकारी संथालाई संलग्न गराई देहाय अनुसारका गैर सरकारी संस्थाबाट काम गराएको छ।

| शिर्षक | गो भौ नं र मिति | रकम | संस्थाको नाम | कामको बिबरण |
|---|---|---|---|---|
| वडा नं १० चालु | ७८।२०७९।३।२४ | २००००० | बागेश्वरी असल शासन क्लब नेपाल | वालमैत्रि वडा बनाउने कार्यक्रम |
| वडा नं १० चालु | २२।२०७८।८।१६, ४७।२०७८।१२।२२ र ७५।२०७९।३।२४ | २३५००० | बागेश्वरी असल शासन क्लब नेपाल | हेल्प डेस्क |
| वडा नं १० चालु | ७९।२०७९।३।२४ | २५०००० | फाईन स्मार्ट ईन्टरनेशनल कन्सलटेन्सी प्रा लि नेपालगंज | वडा नं १० को प्रोफाइल तयारी |
| वडा नं १० चालु | ६३।२०७९।३।१४ | १९९००० | फत्तिमा फाउण्डेशन नेपाल | महिला तथा वालबालिकाको लागि ३ महिने तालिम |
| वडा नं १० चालु | ५१।२०७९।१।२२ | ५०००० | शान्ति समृद्धि र विकासका लागि स्वच्छ तथा हरित नेपाल नेपालगंज | एक दिने युवाहरुको लागि क्षमता बिकास |
| वडा नं १० चालु | ६१।२०७९।३।३ | ४८००० | दुर संचार मिडिया नेटवर्क प्रा लि नेपालगंज | पत्रकारिता तालिम |
| वडा नं ७ चालु | १२२।२०७९।३।२४ | १००००० | कर्णाली मिडिया पब्लिकेशन प्रा लि नेपालगंज | वडा नं ७ को स्मारिका प्रकाशन |
| वडा नं ७ चालु | १२१।२०७९।३।२४ | ९७९९८ | कर्णाली मिडिया पब्लिकेशन प्रा लि नेपालगंज | काम र सेवा विषयमा संचार साझेदारी |
| | जम्मा | ७८३००० | | |

